


नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
# कान्तिपुर
ekantipur.com



वर्ष ३४ अंक १८२ काठमाडौं | ३ भदौ २०८३ बुधबार श्रावण शुक्लपक्ष सप्तमी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Wednesday, August 19, 2026 | पृष्ठ १० | १० रुपैयाँ

# सम्भावनाको कर्णाली, अभावमा नागरिक

जलविद्युत्, जडीबुटी, पर्यटन, कृषि र प्राकृतिक स्रोतका सम्भावनालाई सदुपयोग गर्न नसक्दा अधिकांश कर्णालीवासी कमजोर आय, रोजगारीको अभाव, खाद्यान्नमा परनिर्भरता, शिक्षा र स्वास्थ्यको कमजोर पहुँच तथा पूर्वाधार अभावमा गुज्रिरहेका छन्



**मुगुको सोभा गाउँका एक वृद्ध फाटेको आफ्नो लुगा सिउँदै ।** **तस्बिर** : कान्तिपुर

**कृष्णप्रसाद गौतम** (सुर्खेत)

जाजरकोटको नलगाड नगरपालिका-४ का प्रेमबहादुर विकको घर १७ कात्तिक २०८० मा गएको भूकम्पमा भत्कियो । झन्डै चार महिना त्रिपालमा बिताएको उनको परिवार साढे दुई वर्षदेखि अस्थायी टहरामा छ । आठ जनाको परिवारमा अहिले उनी र पत्नी शुभद्रा मात्रै घरमा छन् । दुई छोरा गोविन्द र बलबहादुर बुहारी तथा नातिनातिनीसँगै भारत गएका छन् ।

'न घर छ, न भरपर्दो रोजगारी, तीन रोपनी पाखाबारीमा लगाएको अन्नले तीन महिना पनि खान पुग्दैन,' प्रेमबहादुरले भने, 'घर बन्ने आशामा बसेको अढाई वर्ष बित्यो, अझै कहिले बन्ने हो टुंगो छैन, छोराबुहारीले महिनामा ८/१० हजार रुपैयाँ पठाइदिन्छन्, त्यसैले जसोतसो घरखर्च चलाउँछौं ।'

वडाध्यक्ष बद्री पन्तका अनुसार अधिकांश युवा रोजगारीका लागि भारत गएपछि गाउँहरू महिला र ज्येष्ठ नागरिकका भरमा छन् । वडाका झन्डै ९ सय घरधुरीका १ हजार २ सय युवा मजदुरीका लागि भारतमा गएको उनले बताए । उनका अनुसार सिँचाइ सुविधा अभावमा वडाभरि बर्खेबाली मात्र उत्पादन हुन्छ र त्यसले अधिकांश परिवारलाई खान पुग्दैन । **बाँकी पृष्ठ ९**

# सिरहामा प्रहरीकै गोलीबाट गणेश यादवको मृत्यु भएको निष्कर्ष, कारबाही सिफारिस



**सिरहाको गोलबजारमा १४ साउनमा गोली लागेर ज्यान गुमाएका १५ वर्षीय गणेश यादवको शव १६ साउनमा अन्त्येष्टिका लागि औरहीको गागन खोलातर्फ लगिँदै ।** **फाइल तस्बिर** : कान्तिपुर

**गौरव पोखरेल** (काठमाडौं)

सिरहामा १४ साउनमा भएको तनावका क्रममा ज्यान गुमाएका १५ वर्षीय गणेश यादवलाई प्रहरीले नै चलाएको गोली लागेको पुष्टि भएको छ । सहसचिव पुष्पराज शाही नेतृत्वको छानबिन समितिले प्रहरीको गोली नै उनलाई लागेको निष्कर्षसहितको प्रतिवेदन बुझाएको हो ।

सुनसरीमा दुई समुदायबीचको झडप मधेशभर फैलिँदा सिरहामा भएको तनावमा यादवको ज्यान गएको थियो । तर, नेपाली सेना, प्रहरी र सशस्त्रले गोली चलाएको स्विकारेका थिएनन् ।

छानबिनमा संलग्न एक अधिकृतले कान्तिपुरसँग कुरा गर्दै घटनास्थलको सीसीटीभी फुटेज, प्रत्यक्षदर्शीको बयान र स्थानीयले खिचेको भिडियोका आधारमा प्रहरीकै गोली लागेको पुष्टि भएको बताए । 'पोस्टमार्टममा संलग्न चिकित्सकको राय पनि पेस्तोलबाट चलेको गोलीले ज्यान गएको भन्ने छ,' उनले भने, 'छानबिन समितिमा ब्यालेस्टिक जाँचका विज्ञ पनि हुनुहुन्थ्यो, अन्यत्रबाट गोली चलेको देखिएन ।'

यसअघि नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट सिरहामा २० राउन्ड हवाई फायर भएको भनिएको थियो । तर, सुरक्षाकर्मीले जिम्मेवारी नलिएपछि कसले गोली चलायो भन्ने विषय पेचिलो बनेको थियो । प्रधानमन्त्री वालेन्द्र शाह र गृहमन्त्री सुधन गुरुङले समेत यो विषयमा चासो देखाएका थिए । **बाँकी पृष्ठ ९**

standard chartered
घर कर्जा (Home Loan)
सीमित अवधिको अफर
वार्षिक ब्याजदर
• स्थिर (Fixed) @५.९९ %*
• परिवर्तनीय (Variable) @५.४९ %*
आवेदन दिन स्क्यान गर्नुहोस्।
थप जानकारीका लागिः
• कल ब्याकका लागि ९७०००९९४६६ मा मिस्ड कल दिनुहोस्।
• हाम्रो २४X७ क्लाइन्ट केयर सेन्टर ०१ ५९७१८०० मा सम्पर्क गर्नुहोस्।
• आफ्नो नजिकैको शाखामा सम्पर्क गर्नुहोस्।
स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड
*सर्तहरु लागू हुनेछन्

## भित्र


- कांग्रेस संस्थापनले अघि बढायो १५औं महाधिवेशन प्रक्रिया, ७७ जिल्लामा ८५ निर्वाचन अधिकृत परिचालन
- किन चल्यो एमालेमा 'आवारा' अभियान ?
- विश्वका ४० प्रतिशत स्वास्थ्य संस्थामा मात्र आधारभूत सरसफाइ
- गायिका शाकिरा भूकम्प प्रभावित क्षेत्रमा, १० वटा विद्यालय पुनर्निर्माण गर्ने प्रतिबद्धता
- नेपालीका लागि भारतमा किन चल्दैन क्युआर ?


# सोमामा नेपालका फाइटरको भविष्य कोर्दै लेबनानी युसेफ वेबे



**मकाउमा आयोजित 'रोड टु युएफसी' र भारतमा आयोजित 'म्याट्रिक्स फाइट नाइट-१८' मा जित हासिल गरेपछि रवीन्द्र ढाँट (बायाँ) र युकी आङ्देम्बेलाई काँधमा बोक्दै प्रशिक्षक युसेफ वेबे ।** **तस्बिर सौजन्य** : दिविज पिया र म्याट्रिक्स फाइट नाइट

**नायक पौडेल** (काठमाडौं)

इन्डोनेसियाको बालीस्थित सोमा फाइट क्लबमा प्रशिक्षण पाउनु सहज छैन । त्यहाँका मुख्य एमएमए प्रशिक्षक युसेफ वेबे फाइटरहरूलाई कडा परख र सूक्ष्म मूल्यांकन गरेर मात्र आफ्नो सोमा परिवारको सदस्यका रूपमा स्विकार्छन् ।

नेपालका दुई उत्कृष्ट एमएमए फाइटर रवीन्द्र ढाँट र युकी आङ्देम्बेले आफ्ना हरेक भिडन्तअघि वा पछि सोमा र यसको भूमिकालाई पटक-पटक सम्झिनुको मुख्य कारण पनि यही हो ।

युकी र रवीन्द्र पहिलो पटक सोमा पुग्दा फाइट जिमको परम्पराअनुसार नै उनीहरूको स्वागत गरियो–पहिलो दिनमै पसिना छुटाइदिएर ।

'युकी बालीमा अर्कै जिममा थिए । पछि सोमा आएर म यो ठाउँमा पनि एक पटक प्रयास गर्न चाहन्छु भनें । त्यतिबेला सोमा भर्खरै खुलेको थियो,' हालै कान्तिपुरसँगको फोन कुराकानीमा वेबेले भने, 'मैले पनि मनमनै सोचें- हामीलाई जाँच्न खोज्ने ? आज यसलाई दह्रो पाठ सिकाउँछु । त्यसपछि मैले उसलाई राम्रैसँग स्वागत गरें ।'

'अहिले त म युकीलाई पन्छाउनै सक्दिनँ,' वेबेले हाँस्दै भने, 'दुई वर्षअघि रवीन्द्र आफ्ना प्रशिक्षक दिविज पियाको साथ लाएर सोमा पुग्दा पनि झन्डै तेस्तै गरी स्वागत गरेको थिएँ ।'

सोमा स्थापना भएको पाँच वर्ष पुग्नै लागेको छ । यति छोटो समयमै यो विश्वभरका फाइटरहरूका लागि एमएमए ट्रेनिङको उत्कृष्ट गन्तव्य बनिसकेको छ । नेपाली मार्सल आर्ट्सप्रेमीहरूका माझ पनि सोमाले विशेष स्थान बनाएको छ । **बाँकी पृष्ठ २**






# सोमामा नेपालका फाइटरको भविष्य कोर्दै लेबनानी युसेफ वेबे

## इन्डोनेसियाको बालीस्थित सोमा फाइट क्लबका मुख्य प्रशिक्षक लेबनानका वेबे नेपाली फाइटर रवीन्द्र ढाँट र युकी आङ्देम्बेलाई निखार्दै

पहिलो पृष्ठबाट क्रमशः

लेबनानका वेबे कुनै समय फाइटर हुँदा 'द सिल्भरब्याक' नामले चिनिन्थे। इन्डोनेसियाको 'बाली एमएमए' मा प्रशिक्षण लिने क्रममा उनको भेट जियानी सुब्बा र माइक इकिलेईसँग भएको थियो। जियानी उनका सहकर्मी थिए भने माइक स्ट्राइकिङ प्रशिक्षक। पछि जियानी र माइकले सोमा स्थापना गरे र वेबेलाई टोलीमा भित्र्याए।

नेपाली बुबा र मलेसियन आमाका सन्तान जियानीको हुर्काइ हवाई र मलेसियामा भएको हो। उनी मलेसियाका चर्चित फ्लाइवेट मार्सल आर्टिस्ट थिए। जियानीले नै पहिलो पटक वेबेलाई रवीन्द्रका बारेमा भनेका थिए।

'जियानीले रवीन्द्रको कुरा गर्दा उनी वन च्याम्पियनसिपमा फाइट खेलिरहेका थिए,' वेबे सम्झन्छन्, 'युकीले पनि रवीन्द्रका बारेमा निकै गर्वका साथ कुरा गर्थ्यो।'

दिविज पियासँग पहिलो पटक सोमा पुग्दा वेबे र माइकका लागि रवीन्द्र एक सामान्य फाइटर मात्र थिए।

'माइकले रवीन्द्र राम्रै छ भन्थ्यो तर हाम्रा लागि उनी औसत फाइटर थिए,' वेबेले भने।

तर, रवीन्द्रलाई नजिकबाट बुझ्दै जाँदा उनले अरूभन्दा निकै फरक पाए। प्रशिक्षण तथा रिङभित्र उनले आफ्नो क्षमता सावित गर्दै जाँदा त वेबे उनको मिहिनेत देखेर चकित परे।

'म फाइटरको प्रगति अरूसँग तुलना गरेर परीक्षण गर्छु,' वेबे भन्छन्, 'सुरुका दिनमा एक जना फाइटरले रवीन्द्रलाई निकै गाह्रो बनाएको थियो (नाम भने भन्दिनँ)। तर अहिले रवीन्द्र उसैसँग कडा प्रतिस्पर्धा गर्न सक्छ।'

निर्माण श्रमिकदेखि नेपालको शीर्ष एमएमए फाइटरसम्मको रवीन्द्रको यात्रा निकै प्रेरणादायी छ। 'यो त एउटा अपत्यारिलो कथाझैं लाग्छ,' वेबेले खुसी हुँदै भने।

'रवीन्द्र कतारमा निर्माण मजदुर बन्न जानुपर्ने मान्छे हो। तर हेर्नुहोस्, उनको निर्णयले उनलाई कहाँ पुर्‍यायो,' वेबे थप्छन्, 'त्यसैले म सधैं उनलाई भन्ने गर्छु- तिमी यहाँ आउने मान्छे होइनौ। त्यसैले यो अवसरको पूरा फाइदा उठाऊ।'

सन् २०१९ मा व्यावसायिक एमएमएमा डेब्यु गरेयता रवीन्द्रले ११ वटा भिडन्तमा प्रतिस्पर्धा गरिसकेका छन्। त्यसमध्ये उनले एउटामा मात्र हारेका छन्। १५ डिसेम्बर २०२३ मा 'वन च्याम्पियनसिप' मा पाकिस्तानका इस्माइल खानविरुद्ध उनी पराजित भएका थिए।

१५ सेप्टेम्बर २०२३ मा वन च्याम्पियनसिपमा डेब्यु गर्दै रुसका तोरेपची दोंगाकलाई हराएपछि उनी नेपालीमाझ लोकप्रिय बनेका थिए। गत वर्ष अगस्टमा म्याट्रिक्स फाइट नाइट (एमएफएन-१७) मा भारतका चर्चित च्याम्पियन चुङग्रेङ कोरेनलाई हराएर ब्यान्टमवेट उपाधि जितेपछि उनको लोकप्रियता थप चुलियो।

'त्यो जित रवीन्द्रका लागि निकै ठूलो थियो,' भारतको उत्तर प्रदेशमा भएको सो फाइटमा कर्नरमा बसेका वेबेले भने, 'फाइट हुनुभन्दा करिब ६ साताअघि रवीन्द्रको ह्यामस्ट्रिङ (मांसपेशी) च्यातिएको थियो। सोमाको विशेष ट्रेनिङले मात्र उनी निको भएका होइनन्, त्यो त उनको बलियो आत्मबल र गोर्खाली रगतको कमाल थियो।'

अहिले रवीन्द्र यस्तो मोडमा छन्, जहाँ अहिलेसम्म कुनै पनि नेपाली पुगेका छैनन्। त्यो हो 'रोड टु यूएफसी' (आरटीयू)। सन् २०२२ मा यूएफसीले सुरु गरेको आरटीयू एसिया-प्रशान्त क्षेत्रका उदीयमान फाइटरहरूलाई यूएफसीसँग प्रत्यक्ष सम्झौताको अवसर दिने नकआउट प्रतियोगिता हो।

आरटीयूको पाँचौं सिजनमा ब्यान्टमवेट स्पर्धामा तीन चरण हुन्छ- क्वार्टरफाइनल, सेमिफाइनल र फाइनल। गत मे महिनामा मकाउमा भएको पहिलो खेलमा फिलिपिन्सका किम्बर्ट अलिन्तोजोनलाई हराउँदै उनले पहिलो चरण पार गरिसकेका छन्।

'किम्बर्टविरुद्ध रवीन्द्रले जित्छन् भन्नेमा म शतप्रतिशत ढुक्क थिएँ,' वेबे भन्छन्, 'माइकलगायत हामी सबैले एक वर्षभन्दा बढी समयदेखि योजना बनाएका थियौं। हाम्रो तयारी र मिहिनेत हेर्दा सुरुदेखि नै जित सुनिश्चितजस्तै थियो।'

तर, आगामी २८ अगस्टमा चीनको सांघाईमा हुने सेमिफाइनल फाइटबारे भने उनी उस्तै दाबी गर्दैनन्। जहाँ रवीन्द्रले न्युजिल्यान्डका कासिब मर्डोकको सामना गर्दै छन्।

'यो रवीन्द्रका लागि अहिलेसम्मकै सबैभन्दा ठूलो चुनौती हुनेछ,' वेबेले भने, 'नतिजा जेसुकै आए पनि यो भिडन्त निकै कडा र प्रतिस्पर्धात्मक हुनेछ भन्नेमा म निश्चिन्त छु।'

परिणाम जे आए पनि, अहिले सम्पूर्ण 'सोमा परिवार' रवीन्द्रको साथमा उभिएको र उनलाई आगामी खेलसँगै फाइनल पनि जिताएर यूएफसी सम्झौता दिलाउन एकजुट भएर लागिपरेको वेबे बताउँछन्।

'विश्वमा धेरै एमएमए फाइटहरू हुन्छन्,' वेबे भन्छन्, 'तर यूएफसी मार्सल आर्ट्सको सर्वोच्च शिखर हो। यूएफसीमा पुग्नु निकै ठूलो कुरा हो र म रवीन्द्रलाई त्यहाँ पुगेको हेर्न चाहन्छु।'



फाइटका क्रममा माइक इकिलेई (बायाँ), युसेफ वेबे (दायाँ) र रवीन्द्र ढाँट (बीचमा)।



न्युजिल्यान्डका ज्याक बेनेट नेपालको झन्डासहित जितको खुसी मनाउँदै।



भारतका चुङग्रेङ कोरेनलाई हराएर ब्यान्टमवेट उपाधि जितेका ढाँटसँग ज्याक बेनेट, माइक इकिलेई, युसेफ वेबे, युकी आङ्देम्बे, दिविज पिया र सिसन बानियाँलगायत।



युकी आङ्देम्बेसँग युसेफ वेबे, माइक इकिलेई, दिविज पिया र सिसन बानियाँ।

तस्बिर सौजन्य : दिविज पिया र म्याट्रिक्स फाइट नाइट

### सोमा अर्थात् एउटा परिवार

केही दिनअघि वेबेले सोमामा रहेका फाइटरहरूको एक सामूहिक तस्बिर पोस्ट गरे। त्यसमा वेबेसहित नेपाल, लेबनान, युक्रेन, भारत, न्युजिल्यान्ड, अस्ट्रेलिया, अमेरिका, रुस, इजिप्ट, आर्मेनिया, अल्जेरिया र टर्की गरी विभिन्न १३ मुलुकका नागरिक थिए।

'सोमाको सुन्दरता नै यही हो। हामी परिवारजस्तै बस्छौं र एकअर्कालाई अघि बढाउन मद्दत गर्छौं,' वेबेले भने, 'तर यो परिवारको सदस्य बन्न त्यति सजिलो भने छैन।'

सोमाले 'परिवारजस्तै बस्ने' कुरालाई किन यति धेरै महत्त्व दिन्छ ? 'परिवारले तपाईंलाई एउटा छुट्टै ऊर्जा दिन्छ,' वेबेको विश्वास छ, 'त्यसैले हामी सोमामा परिवारजस्तै बस्छौं।'

वेबे, माइक र जियानी सुब्बाले सोमाको सुरुवात गरेका थिए। उनीहरू हजारौं माइल टाढाका फरक-फरक देशका हुन्। अहिले जियानीले अर्कै जिम खोलेका छन्। 'हामी सबैलाई जोड्ने एउटै सूत्र हो- परिवारप्रतिको अगाध माया। म, माइक र जियानी परिवारलाई धेरै माया गर्ने मान्छे हौं। हामी जे गर्छौं, उनीहरूकै लागि गर्छौं,' वेबेले भने, 'एमएमएजस्तो जोखिमपूर्ण खेलमा तपाईंको त्याग र सफलता दुवैमा अन्ततः परिवार नै जोडिएको हुन्छ।'

वेबे छोरी अयोनी र परिवारलाई कति माया गर्छन् भन्ने कुरा उनका इन्स्टाग्राम पोस्टहरूबाटै देखिन्छ। रवीन्द्रमा पनि आफूले उस्तै भावना र भोक देखेको वेबे बताउँछन्। 'रवीन्द्र आफ्ना लागि मात्र लडिरहेका छैनन्,' वेबे थप्छन्, 'उनी त आफ्नो टिम र पछाडि उभिएका हरेकका लागि लडिरहेका छन्।'

युकी आङ्देम्बे लामो समयदेखि सोमामा छन् भने रवीन्द्र र दिविज दुई वर्षदेखि सोमा परिवारसँग जोडिएका हुन्।

'सोमामा कति समय बिताइयो भन्ने कुराले फरक पार्दैन, एक पटक सोमाको हिस्सा भएपछि सधैंका लागि भइन्छ,' वेबे भन्छन्, 'सिसन बानियाँ पनि सोमाकै एउटा हिस्सा हुन्। उनी पनि निकै राम्रा मान्छे हुन्।'

### नेपालीसँगको सामीप्य

वेबेले आफ्नो फाइटिङ करिअरका धेरैजसो समय खाडी मुलुकमा बिताए। दुबई र कतारमा बस्दा उनको भेट प्रायः नेपालीसँग भइरहन्थ्यो।

'दुबई र कतारमा धेरै नेपालीले राम्रो काम पाउँदैनथे। तर, जस्तो काम पनि गर्नुपर्ने बाध्यता थियो,' वेबे भन्छन्, 'तर मैले बुझेअनुसार नेपालीको आफ्नै एउटा विशेष पहिचान र महान् इतिहास छ।'

जियानी सुब्बामार्फत उनले नेपालबारे धेरै बुझ्ने मौका पाए। त्यसपछि युकी अनि रवीन्द्र र दिविजसँग उनको भेट भयो।

'अहिले मसँग नेपाली ढाकाटोपी र विभिन्न आकारका खुकुरीहरू छन्,' एमएफएन-१७ मा रवीन्द्रको जितपछि ढाकाटोपी लगाएर रिङभित्र पुगेका वेबेले भने।

आफ्ना फाइटरहरूको हरेक खेलमा कर्नरमा आफैं बस्नुपर्छ भन्नेमा वेबे दृढ छन्। किनभने खेलका बेला प्रशिक्षक र फाइटरबीचको विश्वास सबैभन्दा महत्त्वपूर्ण हुन्छ। रवीन्द्र र युकीको कर्नरमा बस्दा उनले अर्को एउटा अनौठो दृश्य देखे- विदेशमा रहेका नेपालीहरूको अभूतपूर्व साथ र समर्थन।

'एमएफएनमा देशबाहिर पनि रवीन्द्र र युकीलाई नेपाली प्रशंसक तथा समर्थकले दिएको साथ देखेर म चकित परें। भारत नेपालनजिकै भएकाले त्यहाँ त्यस्तो माहोल हुनु स्वाभाविकै थियो,' वेबेले सम्झिए, 'तर मकाउमा त्योभन्दा पनि ठूलो संख्यामा नेपाली फ्यानहरू देख्दा त म छक्कै परें।'

मकाउमा रवीन्द्रका समर्थकको उपस्थिति देखेर चकित पर्नेमा वेबे एक्ला थिएनन्।

'म मात्र होइन, मुख्य कार्डको फाइट नै नभए पनि त्यति ठूलो संख्यामा दर्शक आएको देखेर यूएफसी आफैं चकित परेको थियो,' उनी सम्झिन्छन्, 'रवीन्द्रको फाइट सकिनेबित्तिकै हल प्रायः खाली भइसकेको थियो। नेपालमा पनि ठाउँ-ठाउँमा भेला भएर मानिसहरूले रवीन्द्रको फाइट हेरेको भिडियो मैले देखें। मान्नैपर्छ, नेपाली समर्थकहरू आफ्ना खेलाडीलाई साँच्चिकै धेरै माया गर्छन्। सांघाईमा पनि यस्तै साथ पाउने विश्वास छ।'

आफूलाई माया गर्नेलाई आफ्नै ठानेर माया गर्ने नेपाली प्रशंसक तथा समर्थकको गुण पनि वेबेलाई निकै मन पर्छ।

'एमएफएन-१७ मा रिङमा पस्नुअघि ज्याकले युकीसँग नेपालको झन्डा मागेका थिए। नेपाली फ्यानहरूले त्यो देख्नेबित्तिकै ज्याकलाई आफ्नै मान्छेझैं माया दिए,' वेबे सम्झिन्छन्, 'जितपछि ज्याकले रिङमै जय नेपाल भनेर कराए। त्यसपछि नेपाली समर्थकहरूले उनलाई एउटा उपनाम नै दिए- ज्याकबहादुर बेनेट।'

न्युजिल्यान्डका बेनेटले एमएफएन-१७ को मुख्य भिडन्तअघि अफगानिस्तानका अब्दुल फजिललाई अंकको आधारमा हराएका थिए। उनको व्यावसायिक रेकर्ड अहिले ६-० छ।

'अहिले सोमा टोली नै नेपाली संस्कृतिप्रति मोहित छ। सबैले रवीन्द्र, दिविज र युकीलाई उत्तिकै माया र सहयोग गर्छन्,' वेबेले भने, 'र, यी तीनै जनाले पनि सबैलाई उत्तिकै सम्मान गर्छन्।'

### एमएमएमा लगानी गर्न आग्रह

नेपालीहरू एमएमए खेललाई कति माया गर्छन् भन्ने वेबेले बुझिसकेका छन्। र, उनी नेपालीले एमएमएमा ठूलो सफलता हासिल गरेको हेर्न चाहन्छन्।

'सबैभन्दा पहिले त तपाईंको देशमा भएका फाइटरहरूले धेरै सम्भावना बोकेका छन्। रवीन्द्र र युकी उच्चस्तरमा पुगिसकेका छन्। उनीहरूबाहेक राहुल हमाल ठकुरी र कुञ्जन कक्षापतिजस्ता धेरै युवा फाइटरहरू आउँदैछन्,' वेबे भन्छन्, 'तर उनीहरूलाई विश्वस्तरमा प्रतिस्पर्धा गर्न राम्रो सुविधा र स्रोत-साधनको आवश्यकता छ।'

त्यसका लागि नेपालले खेलाडीहरूमाथि लगानी गर्नुपर्ने वेबेको भनाइ छ। 'दिविजलाई पर्याप्त बजेट र सहयोग दिनुहोस्, उनले नेपाली एमएमएलाई अर्कै उचाइमा पुर्‍याउनेछन्,' वेबेले गम्भीर हुँदै भने, 'नेपालमा आधिकारिक एमएमए संघ गठन गरेर अन्तर्राष्ट्रिय एमएमए महासंघ (आईएमएमएएफ) बाट आबद्धता लिनुपर्छ। र, त्यसको नेतृत्व दिविजले नै गर्नुपर्छ।'

दिविजप्रति वेबेको यति धेरै विश्वास हुनुको विशेष कारण छ।

'दिविज असाध्यै राम्रा मान्छे हुन्। आफैं प्रशिक्षक भएर पनि आफ्नो फाइटरलाई अर्काकोमा लगेर सिकाउनु सजिलो कुरा होइन। रवीन्द्र अझ उत्कृष्ट बनोस् भनेर नै दिविजले उनलाई सोमा ल्याएका हुन्। दिविज र रवीन्द्र एकअर्काका परिपूरक हुन्,' उनी थप्छन्, 'रवीन्द्रबिना दिविज र दिविजबिना रवीन्द्र अधुरा छन्।'

युकीका बारेमा पनि वेबेको उस्तै धारणा छ।

'युकीले रवीन्द्रभन्दा धेरै अघि एमएमए सुरु गरेका हुन्। धेरैजसो फाइटर अरूलाई आफूभन्दा अघि बढेको देख्न नसक्ने हुन्छन्। तर युकीले नै मलाई रवीन्द्रका बारेमा भनेर सोमामा ल्याउन आग्रह गरेका थिए,' वेबे भन्छन्, 'अहिले पनि युकीले रवीन्द्रलाई हरसम्भव सहयोग गरिरहेका हुन्छन्। रवीन्द्रले प्रगति गरेकामा उनलाई डाहा छैन। मलाई विश्वास छ, युकीले पनि चाँडै आरटीयूमा मौका पाउनेछन् किनभने उनी आफ्नो शतप्रतिशत दिन सक्ने उत्कृष्ट फाइटर हुन्।'

नेपालको इतिहासप्रति पनि वेबेको ठूलो सम्मान छ।

'तपाईंहरू कहिल्यै कसैको उपनिवेश नभएको देशका नागरिक हुनुहुन्छ। संसारमा नेपालजस्ता थोरै मात्र देश छन्। अनि त्यो गोर्खाली आँट र साहस अद्भुत छ। तपाईंहरूले त्यो आँट र साहसलाई एमएममा प्रयोग गर्नुपर्छ,' वेबेले भने।

रवीन्द्रको यात्राबाट नेपालीहरूले पाठ सिकून् भन्ने पनि वेबे चाहन्छन्।

'सबै नेपालीले एमएमएमै लाग्नुपर्छ म भन्दिनँ,' उनी थप्छन्, 'तर रवीन्द्रबाट सपना पछ्याउने र जुनसुकै क्षेत्रमा पनि जोखिम लिन नडराउने विशेष गुण अनुसरण गर्न सकिन्छ।'

कान्तिपुरसँगको आधा घण्टाभन्दा लामो फोन कुराकानीको अन्त्यमा रवीन्द्र, युकी र समग्र नेपाली एमएमएबाट उनी के चाहन्छन् भन्ने प्रश्नमा वेबेले भने, 'यी फाइटरहरू र नेपाली एमएमएको स्तर निरन्तर सुध्रिएको, सुध्रिएको र सुध्रिएको हेर्न चाहन्छु।'

# जाजरकोट पहिरो विस्थापितका शिविरमा रुघाखोकी र ज्वरो फैलिँदै

अर्जुन पौडेल (काठमाडौं)

जाजरकोटको भेरी नगरपालिकाका-२ र ३ का विद्यालयमा आश्रय लिइरहेका पहिरोबाट विस्थापित ६९१ जनामध्ये केहीमा रुघाखोकी र ज्वरो देखिन थालेको छ।

विस्थापित शिविरमा ज्वरो र रुघाखोकी फैलिएको खबरपछि प्रादेशिक अस्पताल सुर्खेतबाट खटिएका चिकित्सकले सोमबार ९० जनाको उपचार गरेका छन्। 'मानिसहरूमा ज्वरो र रुघाखोकी देखिन थालेको छ,' गाउँपालिकामा कार्यरत जनस्वास्थ्य निरीक्षक निशा थापाले भनिन्, 'विस्थापित शिविरमा सुरक्षित खानेपानीको व्यवस्था गर्नु ठूलो चुनौती बनेको छ। वर्षाका कारण लगभग सबै खानेपानीका स्रोत प्रदूषित भएका छन् र धेरै मानिस अस्थायी शिविरमा आश्रय लिएर बसिरहेका छन्।'

गत शनिबार र आइतबार भेरी-१, २, ३ र ४ का पूरै गाउँ नै क्षतविक्षत हुने गरी गएको पहिरोमा चार जनाको मृत्यु भएको थियो भने १० जना घाइते भएका छन्। शिविरमा रहेका वृद्धवृद्धा, साना बालबालिका, गर्भवती महिला र सुत्केरी पानीजन्य तथा कीटजन्य रोगको संक्रमणको उच्च जोखिममा छन्। 'सयौं विस्थापितले शिविरमा आश्रय लिइरहेका कारण संक्रमण थप फैलिने जोखिम उच्च छ,' थापाले भनिन्। नगरपालिकामा कार्यरत स्वास्थ्यकर्मीहरूले विस्थापित शिविरमा स्वास्थ्य डेस्क स्थापना गरे पनि त्यसले स्वास्थ्यसम्बन्धी सबै समस्या सम्बोधन गर्न पर्याप्त नहुने उनले बताइन्।

नगरपालिकाका अधिकारीहरूले घटनाको दुई साता बितिसक्दा पनि मृत गाईबस्तु तथा अन्य जनावरको व्यवस्थापन गर्न नसकिएको स्वीकार गरेका छन्। यसले गाउँ नै दुर्गन्धित बनेको छ भने रोगको प्रकोप फैलिने जोखिम पनि बढाएको छ। 'मरेका गाईबस्तुको समयमै व्यवस्थापन नगर्दा रोग फैलिने जोखिम बढेको छ,' नगरपालिकाको विपद् शाखाका प्रमुख यज्ञनाथ गौतमले भने, 'त्यसैले प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको सहयोगमा मरेका गाईबस्तु गाड्न थालिएको छ।'

पालिकाले शिविरनजिक केही अस्थायी शौचालय निर्माण गरेको भए पनि एकै ठाउँमा सयौं मानिस बसिरहेकाले पर्याप्त नभएको स्थानीयले बताएका छन्। पर्याप्त शौचालय नहुँदा खुला दिसापिसाबको समस्या पनि बढेको छ। यसले गर्दा खानेपानीका स्रोत प्रदूषित हुने जोखिम बढाएको विपद् शाखा प्रमुख गौतमले बताए। यसबाहेक खुला ठाउँमा सरसफाइको समस्या हुँदा मलेरिया, डेंगी, कालाजार र स्क्रब टाइफसलगायत कीटजन्य रोग फैलिने जोखिमसमेत बढ्ने उनले बताए। 'अहिलेसम्म ठूलो प्रकोप देखिएको छैन र आगामी एक सातासम्म हामी अवस्था सम्हाल्न सक्छौं,' गौतमले भने, 'एक सातापछि भने हामीलाई प्रदेश र संघीय सरकारबाट सहयोग आवश्यक पर्छ।' पहिरोका कारण वडा १, २, ३ र ४ का ४५० भन्दा बढी घरपरिवार विस्थापित भएका छन्। उनीहरू अस्थायी आश्रयस्थलमा वा सुरक्षित स्थानमा रहेका आफन्तका घरमा शरण लिन बाध्य भएका छन्।

> विद्यालयमा आश्रय लिइरहेका पहिरो विस्थापितहरूमा रुघाखोकी, ज्वरोले वृद्धवृद्धा, बालबालिका, गर्भवती र सुत्केरी सबैभन्दा बढी प्रभावित, झाडापखालाको प्रकोप देखिन सक्ने भन्दै बेवास्ता नगर्न विज्ञहरूको चेतावनी

नगरपालिकाका अधिकारीहरूका अनुसार करिब तीन वर्षअघि भूकम्पले तहसनहस पारेका र अहिले पहिरोले थप क्षति पुर्‍याएका बस्तीलाई सुरक्षित स्थानमा सार्नुपर्ने अवस्था छ। यसको अर्थ विस्थापितहरू लामो समयसम्म अस्थायी आश्रयस्थलमै बस्नुपर्ने हुन सक्छ।

कात्तिक २०८० मा कर्णाली प्रदेशको जाजरकोट र पश्चिम रुकुमलाई केन्द्रविन्दु बनाएर गएको ६.४ म्याग्निच्युडको भूकम्पमा कम्तीमा १५७ जनाको मृत्यु भएको थियो, सयौं घाइते भएका थिए भने हजारौं विस्थापित भएका थिए। 'पहिरो प्रभावित क्षेत्रमा अहिलेको मुख्य चुनौती पानीजन्य र कीटजन्य संक्रामक रोगको सम्भावित प्रकोप रोक्नु हो,' इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको प्रकोप व्यवस्थापन शाखाका प्रमुख डा. अमृत पोखरेलले भने, 'विस्थापित शिविरमा रुघाखोकी र ज्वरो फैलिएको जानकारी स्थानीय स्वास्थ्य अधिकारीहरूले हामीलाई दिएका छन्। परिस्थिति थप बिग्रन नदिन हामी सचेत छौं।'

कर्णाली प्रदेशमा पर्ने जाजरकोट मानव विकास सूचकांकमा राष्ट्रिय औसतभन्दा तल छ। जिल्लामा पोषण तथा अन्य सामाजिक र शैक्षिक सूचकहरू कमजोर रहेकाले आगामी दिनमा पानीजन्य तथा कीटजन्य रोगको ठूलो प्रकोप फैलिने जोखिम रहेको जनस्वास्थ्य विज्ञहरूले चेतावनी दिएका छन्। 'जाजरकोटका पहिरो प्रभावित क्षेत्रमा ठूलो प्रकोप हुने निश्चितजस्तै छ,' जनस्वास्थ्यविज्ञ डा. बाबुराम मरासिनीले भने, 'संघीय सरकारका निकायले तत्काल काम गर्नुपर्छ किनकि स्थानीय र प्रदेश सरकारसँग यति ठूलो विपद्को सामना गर्ने क्षमता छैन। अन्यथा पहिरोबाट जोगिएकाहरू पानीजन्य रोगका कारण ज्यान गुमाउनेछन्।'

जाजरकोटमा सन् २००९ मा हैजाको प्रकोप फैलिएको थियो, जसमा कैयौंको मृत्यु भएको र सयौं संक्रमित भएका थिए। जिल्लाले सन् २०१५ मा पनि रहस्यमय फ्लुजस्तो रोगको गम्भीर प्रकोप सामना गरेको थियो, जसमा केहीको मृत्यु भएको थियो भने सयौं संक्रमित भएका थिए। पछि प्रयोगशाला परीक्षणबाट उक्त रोग स्वाइन फ्लु भएको पुष्टि भएको थियो।

विज्ञहरूले प्रभावित परिवारका लागि स्वच्छ खाना र सुरक्षित खानेपानीको व्यवस्था गर्न सम्बन्धित निकायलाई आग्रह गरेका छन्। प्राकृतिक विपद् हुँदा प्रभावित मानिसहरूलाई प्रायः चाउचाउ, बिस्कुटलगायतका अस्वस्थकर खानेकुरा उपलब्ध गराउने गरिन्छ। 'विस्थापित शिविरमा गर्भवती महिला, सुत्केरी आमा, साना बालबालिका र वृद्धवृद्धा छन्,' मरासिनीले भने, 'हरेक विपद्पछि पोषणको अवस्था झन् बिग्रन्छ भन्ने हामीलाई थाहा छ। त्यससँगै रोगको प्रकोप फैलिने जोखिम पनि बढ्छ। त्यस्तो अवस्था आउन नदिन बेलैमा प्रयास गर्नुपर्छ।'


## वर्गीकृत डिस्प्ले

**जग्गा बिक्रीमा**

ललितपुर चापागाउँ दोबाटोबाट १३ कि.मि. कोटडाँडामा रहेको १३ रोपनी जग्गा प्लटिङ्ग गर्न तथा ट्राउट माछा फार्म खुलाएर बस्न मिल्ने २० फिटे रहेको शान्त ठाउँमा रहेको पछि गएर हेटौंडा जाने बाटो त्यही जग्गाबाट बन्नेछ। रोपनीको ६० लाखमा मौकाको फाइदा लिनुहोला। डाइरेक्ट ज.ध. सम्पर्क: ९७१४५२७८३७

**वर्गीकृत डिस्प्ले**

श्याम श्वेत: रू. ३०००/- *

स्पट कलर: रू. ३५००/- *

मल्टि कलर: रू. ५०००/- *








सम्पर्क नं.
५१९२०१४, ५१९२०१० Ext. १०१४
Email: mktdisplay@kmg.com.np

* उपरोक्त दररेटहरूमा मूल्य अभिवृद्धि कर समावेश गरिएको छैन।

## कांग्रेस संस्थापनले अघि बढायो १५औं महाधिवेशन प्रक्रिया

# ७७ जिल्लामा ८५ निर्वाचन अधिकृत परिचालन

**महाधिवेशनका लागि सभापति गगन थापाको संयोजकत्वमा केन्द्रीय व्यवस्थापन समिति गठन, मुख्य राजनीतिक प्रस्ताव थापाले पेस गर्ने, अन्य प्रस्तावका लागि पनि तोकियो जिम्मेवारी**

**कुलचन्द्र न्यौपाने** (काठमाडौं)

कांग्रेसले १६-१९ असोजमा पार्टीको १५औं महाधिवेशन गर्ने गरी प्रक्रिया अघि बढाएको छ । ७७ वटै जिल्लामा अधिवेशन गराउन कांग्रेसले ८५ निर्वाचन अधिकृतलाई मंगलबारदेखि परिचालन गरेको छ । पूर्वसभापति शेरबहादुर देउवाको समूह भने महाधिवेशन रोक्न अन्तरकालीन आदेशको माग्दै अदालत जाने तयारीमा लागेको छ ।

देउवा समूहले महाधिवेशनको तालिका स्थगन गर्न दबाब बढाइरहेका बेला पार्टी सभापति गगन थापाले महाधिवेशनको प्रक्रिया औपचारिक रूपमा सुरु भएको घोषणा गरेका हुन् । निर्वाचन अधिकृतहरूलाई पार्टी केन्द्रीय कार्यालय सानेपामा कांग्रेसले प्रशिक्षण पनि दिएको छ । सभापति थापाले केन्द्रीय कार्यसमितिबाहिर रहेका नेताहरूलाई जोडिन आह्वानसमेत गरेका छन् ।

देउवा समूहलाई महाधिवेशनमा जोड्ने लक्ष्यसहित कांग्रेस संस्थापनले अधिवेशनको तालिकामा भने केही संशोधन गरेको छ । वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्का नेतृत्वको निर्वाचन समितिले ७ असोजभित्र तल्ला तहका अधिवेशन सम्पन्न गर्ने गरी तालिका हेरफेर गरेको हो । जसअनुसार वडाको अधिवेशन २४ भदौ र पालिकाको २७ भदौमा हुनेछ । प्रदेशसभा निर्वाचन क्षेत्रमा ३१ भदौमा र प्रतिनिधिसभा क्षेत्रमा र एकमात्रै निर्वाचन क्षेत्र रहेको जिल्लाको अधिवेशन ३ असोजमा गर्ने तय भएको छ । जिल्ला अधिवेशन ७ असोजमा र प्रदेश अधिवेशन १० असोज गर्ने गरी तालिका संशोधन गरिएको छ । केन्द्रीय महाधिवेशन भने पहिले तोकिएकै मिति १६-१९ असोजमा हुने कांग्रेसले जनाएको छ । यसअघिको तालिकामा २ भदौमै वडा अधिवेशन गर्ने भनिएको थियो ।

१५औं महाधिवेशनका लागि पार्टी सभापति थापाकै संयोजकत्वमा केन्द्रीय व्यवस्थापन समिति गठन गरिएको छ । त्यसमा आवश्यक सदस्य पछि थपिने पार्टी कार्यालय सानेपामा आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता देवराज चालिसेले जानकारी दिए । उनका अनुसार महाधिवेशनका लागि मूल (केन्द्रीय व्यवस्थापन) समितिले आवास, खाद्य व्यवस्था, मञ्च व्यवस्थापन, अतिथि सत्कार, स्वास्थ्यलगायत विभिन्न उपसमिति गठन गरिएका छन् । त्यसमा रहेका संयोजक एवं अन्य सदस्यको नामावली पछि प्रकाशन गरिने चालिसेले बताए । प्रचारप्रसार समितिको संयोजक भने प्रवक्ता चालिसे नै छन् ।

पार्टीको महाधिवेशनमा मुख्य राजनीतिक प्रस्ताव पनि पार्टी सभापति थापाले पेस गर्नेछन् । त्यसमा 'आगामी दशक, लोकतन्त्र र कांग्रेस' विषयलाई विशेष महत्त्व दिने भनिएको छ । 'राजनीतिक संस्कृतिमा क्षयको प्रवृत्ति र युगानुकूल रूपान्तरणको अभिभारा' सम्बन्धी प्रस्ताव पार्टी उपसभापति विश्वप्रकाश शर्मा, प्रदेश निर्वाचन विशेष प्रस्ताव उपसभापति पुष्पा भुसाल, संगठनसम्बन्धी प्रस्ताव महामन्त्री गुरुराज घिमिरे र पार्टीको विधानसम्बन्धी प्रस्ताव अर्का महामन्त्री प्रदीप पौडेलले पेस गर्ने तय भएको छ । यस पटक केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यसमेत सोझै महाधिवेशन प्रतिनिधि हुने छैनन् । महाधिवेशन प्रतिनिधि बन्न चाहनेहरूले वडा अधिवेशनबाटै प्रतिस्पर्धा गर्नुपर्नेछ । महाधिवेशन प्रतिनिधि नभई केन्द्रीय कार्यसमिति पदाधिकारी र सदस्यमा प्रतिस्पर्धा गर्न मिल्दैन । त्यसैले देउवा समूहलाई समेट्न वडा अधिवेशन २२ दिन सारिएको छ ।

कांग्रेस महामन्त्री प्रदीप पौडेलले सबैलाई सहभागी गराउने मनसायसाथ केन्द्रको महाधिवेशन यथावत् राखेर तलको अधिवेशनको तालिका संशोधन गरिएको बताए । 'उपलब्ध समयलाई संवाद, सहमति र सबैलाई समेट्ने काममा अधिकतम उपयोग गर्न खोजिएको हो,' उनले भने, 'अदालतको फैसलामा केन्द्रीय महाधिवेशन १५, १६, १७ र १८ असोजमा गर्ने उल्लेख भएकाले मिति तलमाथि हुँदैन । बीचको समयलाई समायोजन र सहमतिका लागि उपयोग गर्ने गरी निर्वाचन कार्यतालिका ल्याइएको हो ।'



**एकताका लागि संयन्त्र, समिति जे बनाउन पनि तयार छु, तर संविधान, पार्टीको विधान, विशेष महाधिवेशनको निर्णय र अदालतको आदेशका कारण पनि तोकिएकै मितिमा महाधिवेशन गर्नुपर्ने बाध्यता छ**

● **गगन थापा**
सभापति



**देउवाकै नेतृत्वमा महाधिवेशन गराउँदा पार्टी एकतामा बल पुग्छ, अदालत र देशभरका नेता-कार्यकर्ताको पनि सम्मान हुन्छ, १५औं महाधिवेशनबाट उहाँ फेरि सभापति हुने होइन, लोकप्रिय छु भन्नेले जितेर सभापति भए हुन्छ**

● **प्रकाशशरण महत**
देउवापक्षीय नेता

सहमतिका लागि अझै केही दिन प्रयास जारी राख्ने सभापति थापाले बताएका छन् । थापाले मंगलबार भेट्नका लागि पूर्वसभापति देउवासँग समयसमेत मागेका थिए । सम्भवतः बुधबार भेट हुन सक्ने थापा निकट नेताहरूले बताएका छन् ।

महाधिवेशनको निष्पक्षता र पारदर्शितामाथि प्रश्न उठाउँदै आएको देउवा पक्ष भने पुनरावलोकनसम्बन्धी मुद्दाको टुंगो अदालतबाट नलागेसम्म सबै प्रक्रिया स्थगन गर्नुपर्ने भन्दै अन्तरकालीन आदेशको माग लिएर अदालत जाने तयारीमा छ । विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमितिलाई मान्यता दिने निर्वाचन आयोगको निर्णयलाई सदर गर्ने सर्वोच्च अदालतको ४ वैशाखको फैसला पुनरावलोकन हुने भएपछि देउवा समूह उत्साहित छ । पूर्वसभापति देउवा २८ साउनमा स्वदेश फर्केपछि अदालतले न्याय दिने बारम्बार बताउँदै आएका छन् ।

गत पुसमा सम्पन्न विशेष महाधिवेशनबाट देउवा नेतृत्वको केन्द्रीय कार्यसमिति विघटन गरी थापा नेतृत्वमा नयाँ केन्द्रीय कार्यसमिति चयन भएको थियो । विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमितिलाई निर्वाचन आयोगले २ माघमा मान्यता दिएको थियो । त्यसविरुद्ध देउवा समूह सर्वोच्च अदालत गएको थियो । तर सर्वोच्चले आफूहरूलाई सुनुवाइको मौकासमेत नदिई आयोगको निर्णयलाई सदर गरेको भन्दै पुनरावलोकनको मागसहित देउवा र पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्का फरि अदालत गएका थिए ।

सर्वोच्चले पुनरावलोकनको अनुमति दिएपछि इतरपक्षले देउवाकै नेतृत्वमा महाधिवेशन गराउनुपर्ने अडान लिएको छ । देउवाको नेतृत्वमा महाधिवेशन गराउन तयार नभए पुनरावलोकनको अन्तिम टुंगो नलागुञ्जेल महाधिवेशनको प्रक्रिया अघि बढाउन नहुने देउवा पक्षको मत छ । पुनरावलोकनको आदेश आउनुअघि देउवा पक्षले केन्द्रीय कार्यसमितिबाहिर रहेका तर १४औं महाधिवेशनको केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्यको सामूहिक समायोजनको माग राखेको थियो ।

सर्वोच्चले पुनरावलोकनको निस्सा दिइसकेपछि थापाकै नेतृत्वमा महाधिवेशनमा जान आफूहरू तयार नभएको नेता प्रकाशशरण महत बताउँछन् । उनले अदालतको फैसलाअगाडि नै महाधिवेशन गराउने हो भने पूर्वसभापति देउवाको नेतृत्वमा महाधिवेशन गराउनुपर्ने बताए । 'विशेष महाधिवेशनका नाम शेरबहादुर देउवालाई अप्राकृतिक रूपमा सभापतिबाट हटाइएको थियो । निस्सा पाएपछि उहाँकै नेतृत्वमा महाधिवेशन गराउँदा पार्टी एकतामा बल पुग्छ । अदालत र देशभरका नेता तथा कार्यकर्ताको पनि सम्मान हुन्छ,' उनले भने, '१५औं महाधिवेशनबाट देउवा फेरि सभापति हुने होइन । लोकप्रिय छु भन्नेले १५औं महाधिवेशनबाट जितेर सभापति भइहाले हुन्छ ।'

दुई पक्षबीचको सहमतिको अवस्थामा बाहेक अदालतको पुनरावलोकनको टुंगो नलाग्दासम्म महाधिवेशनको प्रक्रिया नैतिक र कानुनी रूपमा पनि अघि बढाउन नमिल्ने महतले बताए । 'अहिले महाधिवेशनको प्रक्रिया सुरु भएको घोषणा गरिएको छ, त्यो जबर्जस्ती गर्न खोजिएको छ । यसले उहाँहरू (संस्थापनपक्ष) एकताको पक्षमा हुनुहुन्न भन्ने प्रमाणित गर्छ,' उनले थपे, 'जबर्जस्ती महाधिवेशनको प्रक्रिया अघि बढाइए हामी अदालत जान्छौं । त्यसका लागि कानुनी सल्लाह हुँदै छ ।'

सभापति थापाले भने एकताका लागि अन्तिम कसरत गर्ने बताएका छन् । महाधिवेशनको निष्पक्षता र सदस्यतालाई लिएर भइरहेका आशंका सम्बोधन गर्न चाहेको उनले बताए । 'एकता गर्न मूल समस्या महाधिवेशनको निष्पक्षता र सदस्यतासँग जोडिएको हो भने त्यसका लागि संयन्त्र, समिति जे बनाउन पनि तयार छु,' थापाले भने, 'सदस्यतामा अनियमितता वा पूर्वाग्रह र आशंका भए खुला छलफल गर्न र आवश्यक समिति बनाउन तयार छु ।' संविधान, पार्टीको विधान, विशेष महाधिवेशनको निर्णय र अदालतको आदेशका कारण पनि तोकिएकै मितिमा महाधिवेशन गर्नुपर्ने बाध्यता रहेको उनले बताए ।

कांग्रेसको विधानले केन्द्रीय कार्यसमितिको कार्यकाल चार वर्ष तोकेको छ । तर विशेष परिस्थितिले हुन नसके थप एक वर्ष बढाउन सकिने प्रबन्ध छ । १४औं महाधिवेशन भएको आगामी मंसिरमा पाँच वर्ष पुग्दैछ । संविधानअनुसार भने साढे पाँच वर्षभित्र महाधिवेशन गर्नुपर्छ । त्यसैले जेठ २०८४ भित्रै महाधिवेशन नगरे पार्टीको वैधानिकतामाथि नै प्रश्न उठ्छ । महामन्त्री प्रदीप पौडेलले विशेष महाधिवेशनको 'म्यान्डेट' र पार्टी विधानको व्यवस्थाअनुसार तोकिएकै मितिमा महाधिवेशन गराउने बताए ।

# किन चल्यो एमालेमा 'आवारा' अभियान ?

**गंगा बीसी** (काठमाडौं)

एमाले केन्द्रीय कार्यालय च्यासलको क्यान्टिनमा मंगलबार दिउँसो पार्टी महासचिव शंकर पोखरेल, उपाध्यक्ष पृथ्वीसुब्बा गुरुङ, सचिव राजन भट्टराई, नेताहरू प्रदीप ज्ञवाली, विष्णु रिमाल, प्रचार विभाग प्रमुख निरज आचार्य, केन्द्रीय कार्यालयका मुख्य सचिव भीष्म अधिकारीलगायत नेताले चिया मगाउँदा हाँसोको फोहरा छुट्यो ।

अरू बेला च्यासल क्यान्टिनमा चिया खाने विषय न हाँसोको कारण हुन्थ्यो, न कुनै राजनीतिसँग जोडिन्थ्यो । तर एमाले अध्यक्ष केपी शर्मा ओलीले पार्टी कार्यालयको च्यासल क्यान्टिनमा चिया खाँदै पार्टीको नीति र नेतृत्व पुनर्गठनको कुरा गर्ने नेता तथा कार्यकतालाई 'आवारा' र 'उरन्ठेउला' भनेकाले चिया खाने विषयसमेत एमाले वृत्तमा चर्चामा छ ।

नेपाली शब्दकोशअनुसार बिनाकाम यताउति घुम्नेलाई आवारा र अभद्र तथा आलोकाँचोलाई उरन्ठेउला भनिन्छ । पार्टीभित्र नेतृत्व पुनर्गठन हुनुपर्ने मुद्दा पेचिलो बन्दै गएपछि ओलीले पुनर्गठनको पक्षमा बहस गर्नेहरूप्रति आक्रोश व्यक्त गर्दै 'आवारा' र 'उरन्ठेउला' भनेका थिए । मंगलबार च्यासलको क्यान्टिनमा चिया पिउने क्रममा नेताहरूबीच यही प्रसंगमा हाँसीमजाक चलेको थियो ।

ओलीको अभिव्यक्तिपछि एमालेको बौद्धिक परिषद्का अध्यक्ष गजेन्द्र थपलियाको संयोजकत्वमा रहेको 'पुनर्जारण अभियान' ले 'देशभरका आवाराहरू एक ठाउँ होऔं, पार्टी अफिस च्यासल पुगेर चिया खाऔं' भन्ने व्यंग्यात्मक अभियान नै चलाएको छ । पार्टी पुनर्गठनको पक्षमा रहेका नेता तथा कार्यकर्ता मिलेर 'आवारा अभियान' चलाइएको थपलियाले बताए । 'पार्टी पुनर्गठनका लागि देशभर आवारा अभियान चलाएका छौं,' उनले भने । त्यसका लागि चिया खाने निम्तोसहित सामाजिक सञ्जालमा प्रयोग गर्ने गरी 'स्केच' नै बनाइएको छ ।

जेन-जी आन्दोलनअघि एमाले नेता तथा कार्यकर्तालाई 'झोले' भनिएपछि उनीहरूले 'म एमालेको झोले हुँ' भन्ने अभियान नै चलाएका थिए ।

पार्टी अध्यक्ष ओलीले नेतृत्व पुनर्गठनको माग गर्ने नेता तथा कार्यकर्तामाथि खनिँदै 'गैरराजनीतिक भाषा' प्रयोग गरेका हुन् । अधिकांश पदाधिकारी पार्टी पुनर्गठनको पक्षमा खुलेपछि ओलीले आक्रोशित हुँदै कारबाहीको धम्कीसमेत दिन थालेका छन् । उपाध्यक्षहरू विष्णु पौडेल, गोकर्ण बिष्ट, पृथ्वीसुब्बा गुरुङ, रघु पन्त, महासचिव शंकर पोखरेल, उपमहासचिव योगेश भट्टराईले समग्रमा पार्टी पुनर्गठनबारे छलफल गरिरहेका बेला ओलीले त्यसप्रति आक्रोश पोखेका हुन् ।

ओलीले आइतबार इलामको एक कार्यक्रममा पार्टी अफिसको क्यान्टिनमा चिया खाँदै पुनर्गठनको कुरा गर्नेहरूलाई आवारा र उरन्ठेउला भनेका थिए । 'पार्टी अफिसको क्यान्टिनमा बसेर केही आवाराहरू पार्टी अध्यक्ष हटाउने कुरा गर्ने । ख्याल हो ? ठट्टा हो ?' उनले भनेका थिए, 'यस्तो अराजकता । कोही हस्ताक्षर गर्दै हिँडेका छन्, अध्यक्ष हटाउने भनेर । यसका पछाडि केही दम छैन ।' ओलीको यो भनाइले एमालेभित्र झन् असन्तुष्टि बढाएको एमाले नेतृत्व पुनर्गठन पक्षधर नेताहरूको भनाइ छ । 'फरक मत राख्ने आफ्नै नेता-कार्यकर्तालाई आवारा र अराजकता भन्नु गैरराजनीतिक अभिव्यक्ति हो,' पुनर्गठन पक्षधर एक नेताले भने ।




**पुनर्गठन पक्षधर एमाले नेता–कार्यकर्ताले चलाएको 'आवारा अभियान' अन्तर्गत ललितपुरको च्यासलस्थित पार्टी केन्द्रीय कार्यालयको क्यान्टिनमा चिया खाने निम्तो गर्दै सामाजिक सञ्जालमा राखिएको सामग्री ।**

**नीति र नेतृत्व पुनर्गठनको प्रस्ताव राख्ने नेता तथा कार्यकर्तालाई एमाले अध्यक्ष ओलीले आवारा र उरन्ठेउला भनेपछि पार्टीभित्रै विरोध, एमाले बौद्धिक परिषद्को पुनर्जागरण अभियानका नेता-कार्यकर्ताले सुरु गरे 'आवारा अभियान'**

विगतमा ओलीलाई नजिकबाट सघाएका उपाध्यक्ष पौडेल र गुरुङ, महासचिव पोखरेललगायत नेताहरू चुनावमा ठूलो हार भएपछि पार्टीको नीति र नेतृत्व पुनर्गठन हुनुपर्ने पक्षमा देखिएका छन् । चुनावी परिणाम र आगामी कार्यक्रमबारे समीक्षा र सुझाव दिन उपाध्यक्ष रामबहादुर थापाको नेतृत्वमा बनेको कार्यदलका सचिवसमेत रहेका महासचिव पोखरेलले तयार पारेको प्रतिवेदनमा नीति र नेतृत्व पुनर्गठनका गर्न प्रस्ताव गरिएको छ । प्रतिवेदन ओलीले रोकेका छन् । कार्यदलमा रहेका पदाधिकारीले पार्टी पुनर्गठनबारे प्रतिवेदन अन्तिम रूप दिई कार्यान्वयनमा जानुपर्ने माग गरे पनि ओलीले बेवास्ता गरेका छन् । महासचिव पोखरेलले विशेष महाधिवेशन गरी विधान संशोधन र त्यसपछि नेतृत्व पुनर्गठनको प्रस्ताव अघि सारेपछि ओलीसँग दूरी बढेको छ । पोखरेलले विधान संशोधन गरी कार्यकाल र उमेर हद राख्दा नेतृत्वको भविष्य देखेका युवा आकर्षित हुने प्रस्ताव गरेका छन् ।

आइतबार गृहजिल्ला झापा पुगेका ओलीले पुनर्गठनको प्रस्ताव सार्वजनिक रूपमै अस्वीकार गरे । 'पुनर्गठन भनेको एउटा नीति, गन्तव्य, संघर्ष र कार्यक्रमसम्म नयाँ बनाउने कुरा हो, यो पुनर्गठनको बेला होइन, पुनःजागरणको बेला हो,' उनको भनाइ थियो ।

गत भदौमा भएको विधान महाधिवेशनबाट ओलीले एक पदमा दुई कार्यकाल र उमेर हद हटाएका थिए । त्यसपछि उनी तेस्रो कार्यकालका लागि अध्यक्ष भएका थिए । पोखरेलले सरकारमा भएका बेला आधारभूत वर्ग र समुदाय एमालेबाट टाढिएकाले त्यसबारे समीक्षा गर्नुपर्ने बताएका छन् ।

'कम्युनिस्ट पार्टीको नेतृत्वमा सरकार हुँदा आधारभूत वर्ग र समुदायका जनता नै कम्युनिस्ट पार्टीसँग किन टाढिए ? किन नेता र कार्यकर्तामा सामाजिक परिवर्तनप्रतिको हुटहुटी शिथिल भयो भन्ने कुराको निर्मम समीक्षा नगरी कम्युनिस्ट आन्दोलनको पुनर्जागरण सम्भव छैन,' उनले फेसबुकमा लेखेका छन्, 'हरेक समस्याका पछाडि कुनै न कुनै कारण हुन्छ र त्यसको समाधान पनि त्यसमै निहित हुन्छ । यो मार्क्सवादी मान्यता हो । तसर्थ समस्या छ भनेर भाग्ने होइन, सामना गरेर अघि बढ्ने हो ।'

पोखरेलले पार्टी सरकारमा हुँदा आधारभूत वर्गलाई आशा जगाउन नसक्नु र पार्टी संगठनमा युवाका लागि अवसर क्षीण हुँदै गएकाले हालको समस्या आएको प्रतिवेदनमा उल्लेख गरेका छन् ।

एमाले केन्द्रीय सदस्य आनन्दप्रसाद पोखरेलले अध्यक्ष ओलीको नेता तथा कार्यकर्तालाई आवारा, उरन्ठेउला जस्ता गैरराजनीतिक शब्द प्रयोग गर्नु दुःखद् भएको बताए । 'नीति र नेतृत्व पुनर्गठन गर्नुपर्ने कार्यदलले दिएको सुझाव तलका कार्यकर्ताले उठाएको विषय हो । पुनर्गठनको कुरा मेरैविरुद्ध उठाएको ठानेर गैरराजनीतिक भाषा आएका छन्, यसलाई कसैले मन पाएका छैनन्, यो दुःखद् हो,' उनले भने ।

अर्का केन्द्रीय सदस्य खिमलाल भट्टराईले अध्यक्ष ओलीले फरक मत राख्नेप्रति लक्षित भाषा र शब्द पार्टीपंक्तिलाई रुचिकर नभएको बताए । 'अध्यक्षको भाषा र शब्द प्रयोग हेर्दा कार्यकर्ता र समर्थकलाई राम्रो लागेन । कसरी यी शब्द प्रयोग गर्नुभयो ? यसले समस्या समाधान गर्दैन । झन् जटिलता पैदा गर्छ,' उनले भने, 'कार्यकर्तालाई दोष दिएर पार्टी पुनर्जागृत सम्भव छैन ।' ओली निकट नेता देवेन्द्र दाहालले पुनर्गठनको मुद्दा मुख्य नेतृत्व (ओली) केन्द्रित भएको उल्लेख गर्दै एमालेमा पुनर्जागरण अभियान भने जारी रहने बताए ।



## सम्पादकीय

# पहाडलाई जीवन्त बनाउन मध्यपहाडी राजमार्गको द्रुत निर्माण

ठूला आयोजनासँग सरकारदेखि नागरिकसम्मको ठूलै अपेक्षा जोडिएको हुन्छ । त्यस्ता आयोजनाले मूलतः आर्थिक-सामाजिक पक्षमा लाभ दिलाउँछन् । आयोजना सम्पन्न भएसँगै व्यापार व्यवसायको आधार तयार हुन्छ, जसकारण आर्थिक गतिविधिको नयाँ केन्द्रहरू निर्माण हुन्छन् । रोजगारीको सम्भावना बढ्छ । शिक्षा-स्वास्थ्यमा पहुँच वृद्धि भएसँगै जीवनस्तर पनि गुणस्तरीय बन्दै जान्छ । त्यसैले ठूला आयोजनाको लक्ष्य तय हुँदै गर्दा आर्थिक लगानी र प्रतिफलका विविध आयामलाई सँगसँगै केलाउने गरिन्छ । बहुपक्षीय क्षेत्रमा बढी लाभ दिने आयोजनामा लगानी गर्नु वाञ्छनीय मानिन्छ । पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजनाको उद्देश्य, लागत र प्रतिफलको सम्भावना पनि बृहत् छ । आयोजनाबाट एक करोड जनता लाभान्वित हुने अनुमान गरिएको छ । तर दशकौंसम्म निर्माण कार्य लम्बिरहने कैयौं महत्त्वपूर्ण आयोजनाको जस्तै नियति यसले पनि बेहोरेको छ । दुई दशक बित्न लाग्दासमेत निर्माण कार्य पूरा हुन नसक्दा आयोजनाबाट पूर्ण लाभ पनि प्राप्त हुन सकेको छैन । यी र यस्ता आयोजनालाई समयमै पूरा गर्नेतर्फ सरकारले ध्यान दिनुपर्छ ।

महेन्द्र राजमार्ग बनेसँगै चुरे आसपासलाई केन्द्र बनाएर पूर्वदेखि पश्चिमसम्म नै आर्थिक-सामाजिक-राजनीतिक आयाम चलायमान बनेको थियो । यस क्षेत्रमा नयाँ सहर विकास हुने र पुराना सहर थप समृद्ध हुँदै गए । सुविधा र अवसर थपिँदै गए । परिणामतः मानिस पनि त्यतै बसाइँ सर्न आकर्षित भए । तर चर्चा भएको दशकौंसम्म पनि तराईको दक्षिणी भेग भएर वारपार हुने हुलाकी राजमार्ग निर्माण हुन नसक्दा त्यसले सिर्जना गर्न सक्ने सुविधा र अवसरको विस्तार अत्यन्तै सुस्त छ । पहाडी भू-भाग छिचोल्ने व्यवस्थित सडक पनि निर्माण हुन सकेन । जसले गर्दा पहाडमा अवसर विस्तार भएन । बरु त्यहाँको ठूलो जनसंख्या नै बिस्तारै तराई क्षेत्रतिर सर्दै गयो । आज पनि पहाडी भेगमा मानिसलाई टिकाउने विषय चुनौतीपूर्ण बन्दै गएको छ । किनकि, जीवनयापनका तरिका र प्राथमिकता व्यापक रूपमा बदलिएका छन्, नयाँपन धान्न सक्ने हैसियत पहाडसँग छैन । मध्यपहाडी लोकमार्ग आयोजना समयमै पूरा भई सुविधा र अवसर सिर्जना हुन सकेको भए पहाडको अहिलेको नियति फरक हुन सक्थ्यो ।

पहाडी क्षेत्रका समस्या धेरै छन् । कृषिको परम्परागत शैलीले खान पुगे पनि अन्य आर्थिक आवश्यकता पूरा गर्न सक्दैन । सिँचाइ र जनशक्तिको अभाव तथा बाँदर लगायतका समस्याका कारण खेतीपातीप्रति आकर्षण छैन । बाध्यतावश गरिने कृषिकर्मले यसलाई उँभो लगाउन सक्दैन । पहाडमा ठूला सहरको अभाव छ, जसकारण ठाउँ विशेषका सबल पक्षलाई अर्थतन्त्रको विकाससँग जोड्न सकिएको छैन । अर्थतन्त्र चलायमान हुन नसकेका कारण अन्य अवसरको सम्भावना पनि विस्तार हुन सकेको छैन । उद्योगधन्दा र स्वावलम्बनका अवसर कमजोर भएकाले वैदेशिक रोजगारी बाध्यता बनेको छ । त्यसले बसाइँसराइलाई प्रेरित गरेको छ । पहिरोका कारण हरेक वर्षमा कहींकतै जनधनको क्षति भइरहेकै हुन्छ । सन्तानको गुणस्तरीय शिक्षाका लागि तल्लो भेगतिर सर्नु तार्किक र स्वाभाविक हुँदै गएको छ । समयमै उपचार पाउन कठिन छ । भौगोलिक रूपमै पनि सडक, विद्युत्, खानेपानी जस्ता विकासका पूर्वाधार पुर्‍याउन कठिन छ । यस्ता कैयौं कारणले पहाडको बसोबास दुःख, अभाव र संघर्षको पर्यायवाची भएको छ ।

मध्यपहाडी राजमार्ग समयमै पूरा हुन सकेको भए यसले २६ जिल्लाका २१५ बस्तीलाई जोड्थ्यो । पूर्व-पश्चिम राजमार्ग जस्तै देशको माथिल्लो भेगमा बलियो 'लाइफलाइन' तयार हुन्थ्यो । सडकको सुविधा त हुन्थ्यो नै, नयाँ सहरहरू विकास हुन्थे । सहरसँगै गुणस्तरीय शिक्षा र स्वास्थ्यको पहुँच बढ्थ्यो । स्थानीय उत्पादनले बजार पाउँथे । बजारको सुनिश्चितताले उत्पादनमा जोडिने जनशक्ति बढ्थ्यो । अहिले पहाडबाट जनसंख्या विस्थापन ठूलो समस्या भएको छ । सडक, आर्थिक अवसर, शिक्षा, स्वास्थ्य जस्ता पक्षमा पहुँच बढ्दै जाँदा बसाइँसराइको तीव्र दरलाई न्यून गर्न सकिन्थ्यो । त्यसले आर्थिक, सामाजिक र राजनीतिक पक्षमा सकारात्मक योगदान दिन्थ्यो । मूलतः विकासका प्रयत्नहरूको समान वितरण हुन्थ्यो । देशका सबैजसो भूगोलमा हुने साना-ठूला आर्थिक गतिविधिले मुलुकको आर्थिक विकासमा योगदान पुर्‍याउँथ्यो । सुविधा, अवसर र सम्भावना अभिवृद्धि हुँदा जनसंख्याको वितरण पनि सन्तुलित हुन्थ्यो । त्यसैले पनि मध्यपहाडी लोकमार्गको यथाशक्य छिटो निर्माण कार्य पूरा गर्नु लाभान्वित जनता र सरकार स्वयंका लागि पनि लाभदायक छ ।

मध्यपहाडी राजमार्ग आयोजना २०६४/६५ मा सुरु भएर २०७४ सम्म सक्ने लक्ष्य थियो । उक्त अवधिमा काम नसकिएपछि समय संशोधन गरेर २०७९/८० सम्म पुर्‍याइए पनि काम नसकिएकाले २०८४/८५ सम्म पुर्‍याइएको छ । तर, यस अवधिमा पनि पूरा हुनेमा आशंका छ । राष्ट्रिय गौरवको यस आयोजनामा तत्काल आइपर्ने समस्या विभाग, सरोकारवाला भौतिक पूर्वाधार तथा यातायात (हालको पूर्वाधार विकास) मन्त्रालयले समाधान नगरिदिँदा निर्माणले गति लिन नसकेको हो । कतिपय ठाउँमा सडक कहाँबाट लैजाने भन्ने रेखांकन विवाद कायमै छ । गत आर्थिक वर्षमा स्रोत सहमति नपाउँदा सडक निर्माणको नयाँ ठेक्का हुन सकेन । एकातिर बृहत् लक्ष्य बोकेको र एक करोड जनता लाभान्वित हुने ठानिएको आयोजनालाई सहज ढंगले समयमै पूरा हुनका लागि सरकारको सहयोग र निगरानी चाहिन्छ । तर राष्ट्रिय गौरवको आयोजनाले स्रोत सहमति नपाउनु तथा सडकको रेखांकनसमेत नटुंगिनु दुःखद स्थिति हो ।

ठूला आयोजना आर्थिक विकास, आत्मविश्वास र प्रतिफलका दृष्टिले उच्च महत्त्वका हुने हुँदा यस्ता आयोजनामा कुनै किसिमको आन्तरिक र बाह्य अवरोध आउन दिइनु हुँदैन । ढिलासुस्ती र अनिर्णयलाई पूर्ण रूपमै खारेज गरिनुपर्छ । राष्ट्रिय गौरवका भनिने आयोजनाको लज्जास्पद स्थिति हुन दिइनु हुँदैन । एउटै आयोजना निर्माणमा अल्झिरहने र लागत बढाइरहने तर लाभ प्राप्त गर्नुपर्ने समय भने धकेलिँदै जाने खराब स्थितिले जनतामा सरकार र प्रणालीप्रति नै वितृष्णा बढ्छ । आयोजनालाई लक्षित गरेर नागरिक र सरकारले बनाएका योजना र रणनीति पनि असान्दर्भिक देखिन सक्छन् । जस्तो कि, भैरहवा र निजगढ विमानस्थललाई लक्षित गरेर कतिपयले अग्रिम लगानी गरेका थिए । तर भैरहवा विमानस्थलको पूर्ण सञ्चालन हुन सकेको छैन, निजगढमा विमानस्थल बन्ने वा नबन्ने निश्चित छैन । त्यस्तो स्थितिले लगानीकर्तालाई निरुत्साहित बनाउँछ । मध्यपहाडी राजमार्ग एउटा सन्दर्भ मात्रै हो, हरेक जसो ठूला आयोजना उस्तै समस्याबाट पीडित छन् । यस्तो स्थितिको अन्त्य गर्न सरकारको संवेदनशीलता अनिवार्य छ ।

# सत्यको असंगतिका आराधक



शब्द साक्षी

सीके लाल

(राजनीतिक विश्लेषक लाल कान्तिपुरका स्तम्भकार हुन्)

मञ्चीय परम्पराका लोकप्रिय हिन्दी कवि तथा गजलकार कुँवर बेचैनको बरोबर दोहोरिने एउटा शेर छ- 'दिल पे मुस्किल है बहुत दिल की कहानी लिखना/जैसे बहते हुए पानी पे हो पानी लिखना ।' टाढाबाट भए पनि कविहरूका बीच वैचारिक संवाद भइरहन्छ । चिन्तक, सर्जक र शिक्षक अर्थात् आधुनिक युगका गुरु वा 'सर'- राजेन्द्र विमल (१९४७-२०२६) ले जनकपुरमै पनि 'दिल पे मुस्किल है' गजलको पहिलो शेरको दोस्रो पंक्ति कैयौं पटक सुनेका होलान् । अनि उनले त्यस मत्ला अर्थात् सुरुवाती शेरको काफिया (राइम) र रदिफ (रिफ्रेन) सँग मिल्ने गरी नेपालीमा लेखे- 'तिमी पानीमा पानीले पानी लेखिराख/म माटोमा माटोले माटो लेखिदिन्छु ।'

उनको देहावसानपछि प्राणहीन शरीरलाई अग्निमार्फत माटोलाई समर्पित गरिएको होला । धूवाँमार्फत वायुले केही अंश ग्रहण गरेको होला । अस्थिलाई जलमा विसर्जन गरिएको होला । आकाशले के लियो, ठ्याक्कै केही भन्न सकिन्न । गोस्वामी तुलसीदासकृत 'रामचरितमानस' को किष्किन्धाकाण्डमा बालि-वधपछि शोकाकुल तारालाई भगवान् राम जीवन र शरीरको वास्तविकता सम्झाउँदै भन्छन्- 'क्षिति जल पावक गगन समीरा/पञ्च रचित अति अधम शरीरा ।' आचार्य रामचन्द्र शुक्लको आकलनअनुसार हिन्दी साहित्यको भक्तिकाल (सन् १३१८-१६४३) भित्र कथावाचन र गायन शैलीमा भक्तिरसको गंगा बहाउनेहरूमा कबीर, रैदास, सूरदास, मीराबाई र तुलसीदास अग्रणी छन् । अवधी भाषाका अद्वितीय सर्जक तुलसीदासद्वारा रचित र सियावर रामको महिमा सुनाउँदै रामकथा गाउने रामचरितमानस मिथिला क्षेत्रमा अत्यन्त लोकप्रिय छ । मानसका कतिपय चौपाई विमल सरका अभिव्यक्तिहरूमा स्वाभाविक भएर प्रवाहित हुने गर्दथे ।

भौतिकवादी लोकायत (चार्वक) दर्शनले पृथ्वी, जल, तेज (अग्नि) र वायु गरी चार महाभूतलाई समस्त सृष्टिको आधारका रूपमा स्वीकार गर्छ तर इन्द्रियबाट अनुभव गर्न नसकिने आकाशलाई मूर्त तत्त्वहरूबीचको खाली ठाउँ वा 'अभाव' मात्र भनेर खारेज गरिदिन्छ । चेतना र पदार्थको सिद्धान्तअनुसार चार तत्त्वहरूको विशेष मिश्रण वा अनुपातबाट नै शरीर र चेतना (आत्मा) को उत्पत्ति हुन्छ । यसमा आकाशको कुनै प्रत्यक्ष भौतिक वा रासायनिक भूमिका नहुने भएकाले त्यसको छुट्टै अस्तित्व छैन, त्यसैले छुट्टै तत्त्वको मान्यता दिन सकिँदैन ।

भौतिकवादी दर्शनले वेद नमान्ने भएकाले लोकायत परम्परालाई नास्तिक भनिएको छ । आस्तिक मात्र नभएर अवतारलाई स्वीकार गर्ने सर्जक विमल भने भक्तिमार्गी थिए । व्यक्तिगत जीवनमा रामानन्दी सम्प्रदायको 'जातपात माने नहीं कोई, हरि के भजे सो हरि के होई' धार्मिकता सँगसँगै कालीपूजकहरूका कर्मकाण्डप्रति उनी आस्थावान् थिए । सार्वजनिक व्यवहारमा भने 'सर्वधर्म समभाव' सिद्धान्तमा आधारित गान्धीवादका सच्चा अनुयायी भएकाले उनको धर्मनिरपेक्षता कतिपय स्वघोषित आधुनिकतावादीभन्दा गहिरो थियो । सायद उनी बाँचेका भए चार र पाँच तत्त्वको विमर्शमा थप केही तर्क आउन सक्थ्यो । चिन्तक जुनसुकै समाजमा थोरै हुन्छन्, सर्जक पनि धेरै हुँदैनन् । चिन्तक र सर्जकहरूलाई अध्ययन र मनन गर्ने गुरुको अभाव पनि गहिरिँदै गएको कालखण्डमा उनको अवसानले उत्पन्न गराउने खालीपनलाई निस्पट्ट अँध्यारो र टिलपिल उज्यालोले एकसाथ ढाकेको कुनै औंसीको रातमा तारामण्डलले उत्पन्न गराउने आशावादी अवसादसँग तुलना गर्न सकिन्छ, जहाँ बाहिर गहिरो शून्यता छ तर माथि नजर उठाउँदा सुन्दर बिहानीको सम्भावना देखाउने इतिहासका ताराहरू अझै अटल चम्किरहेका देखिन्छन् ।

हुन त नानीलाई सुताउन आमाले गाउने लोरी मैथिलीमा धेरै छैनन् । अंग्रेजीमा 'राइम' भनिने लयबद्ध र अनुप्रासयुक्त 'बालकविता' अझ कम भएर होला, त्यसका लागि छुट्टै शब्द सायद नेपालीमा पनि छैन । लय र लहरी मिश्रित त्यस प्रकारको स्नेहिल गायनलाई 'लयरी' भन्न सकिन्छ । मिथिला क्षेत्रका बज्यैहरूले 'नेनाभुटका' (बालबच्चा) लाई हात वा घुँडामा बसालेर झुलाउँदै गाउने एउटा लयरी छ- 'घुघुवा मन्ना, उपजे धन्ना/बौआ के छेदा देब, दुनु कान सोन्ना ।' त्यसपछि बीचमा थपिने वाक्यहरू स्थानअनुसार फरक भए पनि अन्तिम पंक्ति भने सबैतिर प्रायः सुरु जस्तै उस्तै हुन्छ- 'पुरान घर खसे/नव घर उठे ।'

विमल सरले सायद त्यस लयरीको पनि दार्शनिक व्याख्या गर्थे होलान् । सुन्दा 'घुघुवा मन्ना' अर्थहीन जस्तो लाग्न सक्छ तर ती दुई शब्दभित्र ऊर्जा फैलिने, हावा चल्ने, पानी बग्ने, माटो बन्ने र शरीर सिर्जित भएर पञ्चतत्त्वमा मिल्ने चक्र समेटिएको छ । आफ्नो अक्षमा घुमिरहने 'घुघुवा' र 'मन्ना' कहिल्यै रोकिँदैनन् । जीवन धान्ने धान पनि पञ्चतत्त्वकै सिर्जना हो । कान छेदाउनु र सुन लगाउनु बाँचुन्जेल समाजका मूल्य र मान्यतासँग जोडिनु हो । र, अन्ततः पुरानो घर खसेर नयाँ घर उठ्नु व्यक्ति र प्रकृतिको स्वाभाविक गति हो ।



दुर्गालाल श्रेष्ठ



राजेन्द्र विमल **तस्बिर** : कान्तिपुर

गुरुको भौतिक अवसानले मलिलो माटोमा झन् बढी ज्ञानको 'उबजे धन्ना' (धान फलेझैं ज्ञानको फड्को) भयो भन्ने अर्थमा मात्र उनको जीवन सफल ठहरिन्छ । सायद त्यस अर्थमा विमल सरले उल्लेख्य सफलता प्राप्त गरेका छन् । जनकपुरका सर्जक-पत्रकार श्यामसुन्दर शशिको आकलनमा उनी 'भाषा, साहित्य, कला, संस्कृति, पूर्वीय र पाश्चात्य दर्शन, समाजशास्त्र, लोकसाहित्य, तन्त्र र रहस्यवाद' आदि विषयका जिज्ञासुहरूको तिर्खा मेट्ने गुरुकुलका आचार्य थिए । जति नै छाया दिए पनि ढल्नु विशाल वटवृक्षको पनि नियति हो- तर खसेका बीजबाट बिरुवा उम्रिनु पनि उत्तिकै स्वाभाविक हो ।

**जराको जोड**

मोफसलका प्रतिभाशाली व्यक्तिहरू उत्तम अवसर, व्यापक पहिचान, जनस्वीकृति र विस्तीर्ण सम्मानको खोजीमा गाउँबाट बजार, बजारबाट सहर र सहरबाट महानगरतिर उक्लँदै अन्ततः महानगरीय परिवेशमै रम्न पुग्नु कुनै नौलो कुरा होइन । विमल सर अपवाद रहेका कमसेकम एउटा सम्भाव्य दृष्टान्त सन् २००७ तिरको हुनुपर्छ । नेपाली भाषा र साहित्य प्रवर्द्धनमा दशकौंदेखि दत्तचित्त भएर लागेका कमलमणि दीक्षित (सन् १९२९-२०१६) ले अलि कौतूहलका साथ सोधेका थिए- 'नेपाली साहित्यमा जनकपुरका प्राध्यापक राजेन्द्र विमलको योगदान के कस्तो छ ?' आफ्नो उत्तर अहिलेसम्म सम्झना छ- 'नेपालीका प्राध्यापक हुन्, नेपालीमा पनि लेख्छन् । तर, स्वभाषा मैथिलीमार्फत नेपालीय संस्कृतिको समृद्धिमा उनले पुर्‍याइरहेको योगदान भने अतुलनीय रहेको छ ।' त्यसपछि चिनजानका सबैले आदरपूर्वक दादाजी भनेर सम्बोधन गर्ने कमलमणिले उनको सम्पर्क नम्बर चाहनुको अर्थ के थियो भने यहाँ भँवराले रसको खोजीमा फूलबारीमा पुगेको नभई एउटा तजुर्वा भएको जौहरीले हिराको परख गर्न लागेका रहेछन् ।

ढाकरभरि दोसल्ला, सम्मान र पुरस्कार पाउन विमल सरलाई आफ्नो देवीचोकस्थित गुरुकुल छाडेर कतै चहार्न जानु पर्दैनथ्यो, दियोजस्तो बलिइरहेको उनको ज्योतिमा घिउ थप्ने चाहना राख्नेहरू उनको ढोकासम्मै पुग्ने गर्थे । अरूले के भन्थे थाहा छैन तर दादाजीले केही वर्षपछि सुसंस्कृत व्यक्तिहरूमा मात्र पाइने स्वाभिमानयुक्त विनम्रताका साथ स्वीकार गरेको पनि सम्झना छ- 'राजेन्द्र विमल जस्तोलाई सम्मान गर्न पाउनु आफैंमा सम्मानित हुनु हो ।'

बिहारका व्यवहारवादी राजनीतिकर्मी नितिश कुमारले एक पटक भनेका थिए- 'चन्द्रमामा काम पाइन्छ भनेर हल्ला फैलियो भने यान चढ्न लाम लाग्नेमा सबभन्दा बढी बिहारी नै हुनेछन् ।' बिहारी मजदुरहरू 'गिरमिटिया' भएर महासागर तरेका कथाहरू पटनाको अत्याधुनिक म्युजियममा प्रदर्शित छन् । अहिले पनि बिहार राज्य प्रतिव्यक्ति उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकांक एवं विकासका विभिन्न मानकहरूमा भारतीय तथ्यांकको पुछारतिर पर्छ । नेपालमा मधेश प्रदेश सबै सूचकांकमा सबभन्दा तल रहेझैं भारतीय मिथिलाको मानव विकास स्तर बिहारको औसतभन्दा पनि कमजोर छ । स्वाभाविक हो, कामको खोजीमा बाहिरिनेहरूमा बिहारीहरू कश्मीरदेखि केरलसम्म छरिएका छन् भने नेपालीय मैथिलहरूलाई तिनको हैसियतअनुसार क्यालिफोर्नियादेखि कतार र क्वालालम्पुरसम्म जता पनि भेट्टाउन सकिन्छ । तर त्यस्तो कठोर यथार्थका बाबजुद मैथिलहरूमा जे छ, त्यसैमा सन्तुष्ट हुने प्रवृत्तिलाई समेट्ने एउटा गीत भारतीय र नेपालीय मिथिलामा समान रूपले लोकप्रिय छ- 'अपना किशोरी जी के बेनिया डोलेबै हे हम मिथिले में रहबै, ... सागपात खोटी खोटी, जीवन बितबै हे हम मिथिले में रहबै ।' उत्कृष्ट नेपालीय मैथिलहरूमध्ये किशोरीजीलाई 'बेनिया डोलाउँदै' भए पनि मिथिलामै रहने निरन्तर कम हुँदै गएको समूहमा विमल सर सहजै स्नेह बाँड्ने जरासँग जोडिएका गुरु थिए ।

> दुर्गालाल दाइ काँडाले दिएका घाउहरूलाई उपेक्षा गर्दै सुसेल्छन्- 'फूलको आँखामा फूलै संसार !' विमल सर खसेको हाँगा बिर्साउने गरी पालुवा पलाएको गीत गाउन सुझाउँछन्- 'ठाढि खसलै कत ऽ कोना पुछू ने मीत/जे कोपर उगल तकर उत्सव करी ।'

बौद्धिक साधनाका लागि बाहिरका प्रलोभक अवसरहरूभन्दा आफ्नै माटोको सुवासलाई रोज्ने उनको विद्रोही तर स्वाभिमानी प्रवृत्ति राष्ट्रवादको विभाजक आकर्षणका अगाडि भने पछिल्लो कालखण्डमा टिक्न सकेको देखिँदैन । अनि मैथिलीमा- 'मानल जे झंझा झकोर बडा जोर अछि/आशाकेर दीयरि जरौने चलु मीत हे/पसरल अछि चारु दिस गुजगुज अन्हरिया/ता एक गीत किरणकेर गौने चलु मति हे/' जस्तो क्रियाशील आशावादको अलख जगाउने कवि नेपालीमा भने बहुसांख्यिक वर्चस्ववादलाई प्रवर्द्धन गर्ने र सुन्दा र पढ्दा राजनीतिक नाराबाजीजस्तो लाग्ने बहुराष्ट्रिय राज्यमा निरापद तर अनुसारक पंक्तिहरू लेख्न पुग्छन्- 'न मधेशी, न पहाडी, न हिमाली लेखियोस्/म मरेपछि पहिचान मेरो नेपाली लेखियोस् ।' देशले उनको चाहनालाई सम्मान गरेको छ । तर उनले आफ्नो पुर्खा भनेर चिनारी गराउन चाहेका जनक र बुद्धका सन्ततिले नागरिकताका लागि वर्चस्ववादी समुदायका शासकहरूका अगाडि गिडगिडाउनुपर्ने अवस्था अझै अन्त भइसकेको छैन । राजा पृथ्वीनारायणको यशोगान, भानुभक्तको स्तुति, नेपाली भाषाको साधना, नेपालको आराधना र भातगाउँले टोपीमा गर्व गर्नु प्रशंसनीय कर्म हो । सत्य भने शासक सँगसँगै शासितको पनि हुन्छ ।

यी पंक्तिहरू लेख्दै गर्दा जनकवि दुर्गालाल श्रेष्ठ (सन् १९३५-२०२६) ले देहत्याग गरेको खबर पनि समाचारपाटीहरूतिर देखिन थाल्यो । गुरु विमलजस्तै जनकवि दुर्गालालसँग पनि पंक्तिकारको सम्बन्ध दूरीयुक्त आत्मीयतामा आधारित आराध्य र आराधकजस्तो मात्र थियो । दुवै सर्जक अन्य विधाहरूभन्दा गेय कवितामा अपेक्षाकृत बढी चम्किला देखिन्थे । विमल सर मोफसलका थिए भने दुर्गालाल 'दाइ'- उनी नातिनी पुस्ताका पनि दाइ !- राजधानीमा रहेर पनि मोफसलको वेदना महसुस गर्ने सर्जक थिए । सन् १९९९ तिर नेपालभाषा र मैथिलीलाई पनि कामकाजी भाषा बनाउन खोज्दा सर्वोच्चले निषेध गरेको दिन उनले लेखेको पंक्ति स्वभाषा आन्दोलनकर्मी राजेन्द्र महर्जनले कतै उल्लेख गरेका छन्- 'एक भाषा नीति लिन्छ त राज्य गर्नेले यदि/घाउभित्र दुखे दुखेझैं, देश रुन्छ सधैंभरि/' सायद मातृभाषाभन्दा स्वभाषा शब्दको प्रयोगले स्वत्व, अस्मिता र संघर्ष मिश्रित भावलाई बढी सशक्त ढंगले समेट्छ कि ? मातृभाषालाई अपरिपक्व बोली भनेर फगत सहुलियतमा सीमित गर्न वर्चस्ववादीहरूलाई सहज हुने रहेछ । त्यसैले पुनः दुर्गालालकै पंक्तिको- 'हैन एकै जातिको यो देश पेवा हैन है/जाति-भाषा मार्नु हो है रेट्नु घाँटी देशकै !'- मर्म समातेर स्वभाषा अभियानलाई गति दिन सक्यो भने मात्रै उनको विभ्रान्ति- 'मन पर्छ, मलाई पनि मेरो देश मन पर्छ/तर, मैले देखिनँ मेरो देश कहाँ छ !'- बाट मुक्त हुन सकिन्छ ।

**सत्यको प्रयोगशाला**

शेक्सपियरको प्रसिद्ध उक्ति छ- 'सम्पूर्ण विश्व एउटा रंगमञ्च हो ।' व्यवहारवादीहरू त्यसलाई मान्दैनन् । उनीहरूको दृष्टिमा मानव क्रियाकलाप न त पूर्ण रूपमा पूर्वनिर्धारित (लिखित) हुन्छ, न त पूर्ण रूपमा बन्धनमुक्त वा अनियन्त्रित नै । जीवनको कुनै पटकथा छैन, न त प्रस्तुतिका कुनै निर्देशक नै छन् । प्रत्येक व्यक्ति निरन्तर बदलिरहने परिस्थितिको सामना गर्छ र विगतका अनुभवबाट आर्जित बानी, विश्वास र ज्ञानका आधारमा प्रतिक्रिया दिन्छ । नयाँ अनुभवका माध्यमबाट ती बानी र विश्वासहरू आफैं परिमार्जित वा परिवर्तन हुँदै जान्छन् ।

पटकथा र निर्देशक निश्चित भए पनि जिन्दगीजस्तै नाटक पनि प्रस्तोता र दर्शकबीचको सम्बन्धका आधारमा पुनर्परिभाषित भइरहेको हुन्छ । कलाकारहरू मूर्ति होइनन्, त्यसैले तिनको भावाभिव्यक्ति सधैं उस्तै रहँदैन । दर्शक आ-आफ्ना अनुभव र पूर्वाग्रह लिएर दीर्घामा आएका हुन्छन् र तिनको अर्थ्याउने शक्ति पनि फरक-फरक हुन्छ । सायद त्यसैले संस्कृत परम्परामा नाटकलाई 'प्रस्तुति' नभनेर 'प्रयोग' भनिएको होला । जीवन र जगत्का विभिन्न आयामलाई कम क्षतिमा गहिरिएर बुझ्ने माध्यम आखिर प्रयोग नै हो । कविताले सत्यको बीज देखाउँछ, कथा रुख हो, गीतमा फूल फुल्छ, निबन्धमा फल लाग्छ तर वृक्ष उभिएको परिस्थितिविशेषलाई नाटकमा जसरी साहित्यको अरू कुनै विधाले समात्न सक्दैन । अरस्तुले वियोगान्त नाटकलाई साहित्यका सबै विधाहरूको शिखर त्यतिकै मानेका होइन रहेछन् । उनका अनुसार नाटकमा कविताको लय, कथाको कथानक र जीवन्त अभिनयको ऊर्जा एकसाथ संयोजन हुने हुनाले मञ्चित नाटकले मानवीय भावनालाई सबैभन्दा प्रभावकारी रूपमा विरेचन (क्याथार्सिस) गराउन सक्छ ।

विमल सरको महाप्रस्थानपछि जनकपुर गुरुकुलमा आचार्यको कमी हुने नै भयो । तथ्यको खेती गर्नेहरू धेरै भए पनि सत्यका साधकहरूको अभाव जुनसुकै कालखण्डमा र संसारको जुनसुकै कुनामा महसुस हुने रहेछ । झाँ-पल सार्त्र (सन् १९०६-१९८०) सत्यका असंगत आयामहरूलाई पहिल्याउन 'प्रयोग गर्नेहरू' मा अग्रपंक्तिमा पर्छन् । अध्येताहरूमाझ एउटा ठट्टा छ- बुझ्ने गरी लेखेको हो भने त्यो दार्शनिक फ्रान्सेली होइनन् ! अस्तित्ववादका प्रमुख प्रवर्तक सार्त्रका अनुसार मानिस पहिले जन्मिन्छ र आफ्नो कर्म तथा रोजाइबाट आफ्नो अस्तित्व र पहिचान आफैं निर्माण गर्छ । जीवनभर सीमान्तकृत मानिसको पक्षमा लेख्दै-बोल्दै सामाजिक तथा राजनीतिक उत्पीडनविरुद्ध बौद्धिक संघर्ष गरेका सार्त्र पनि फ्रान्सेली दार्शनिकहरूमा प्रायः देखिने जटिलप्रतिको अनुरागबाट मुक्त भने छैनन् । नाटक भने लेखकभन्दा पनि निर्देशकको 'प्रयोग' हुन्छ ।

राजधानीमा सार्त्रको 'द रिस्पेक्टेबल प्रोस्टिच्युट' नेपाली भाषामा 'मिस मेनुका : एक संवेदनशील यौनकर्मी' भएर क्रमशः कल्पना घिमिरे नुरिस् सौंको भाषिक र भाष्कर गौतमको सांस्कृतिक रूपान्तरणअनुसार पवित्रा खड्काको निर्देशनमा मञ्चन भइरहेछ । सत्य र शक्तिबीचको संघर्ष, व्यवस्थाको दोहोरो चरित्र, कमजोरले भोग्ने सामाजिक र मानसिक दबाब र अन्ततः सत्य नभएर वर्चस्वको जितलाई जीवन्त तुल्याउने नाटकले मन-मस्तिष्क खलबल्याइरहेको थियो नै, नेपालीय समाजका दुई दिग्गजहरूको अवसानले बेचैनीलाई अझ तीव्र बनाइदिएको छ ।

नाटकमा सत्ताको सत्यलाई विवेकजंग शर्मा भएर घिमिरे युवराजले प्रत्यक्ष तवरले र जगन्नाथ शर्मा बनेर प्रभाकरदेव शर्माले कुटिलताका साथ सशक्त ढंगले प्रस्तुत गर्छन् । अरविन्द पासवान भएर रूपेश मण्डलले अधीनस्थको निरीह र पराजित सत्य उजागर गर्छन् । मेनुकाको छटपटीमा देखिने नैतिकवान्, व्यग्र र तप्त सत्यलाई सरिता गिरीले सम्पूर्ण गहिराइ र जटिलतामा समेटेकी छन् । पीडामा भोगिएका सत्यहरू पनि अन्ततः सुन्दरतामा कालजयी बन्ने रहेछन् । दुर्गालाल दाइ काँडाले दिएका घाउहरूलाई उपेक्षा गर्दै सुसेल्छन्- 'फूलको आँखामा फूलै संसार !' विमल सर खसेको हाँगा बिर्साउने गरी पालुवा पलाएको गीत गाउन सुझाउँछन्- 'ठाढि खसलै कत ऽ कोना पुछू ने मीत/जे कोपर उगल तकर उत्सव करी ।' सत्यका साधकहरूको महाप्रस्थान शोक मात्र नभएर भावाञ्जलीका साथ तिनको जीवनको उत्सव मनाउने अवसर पनि हो ।


# विचार लेखका निम्ति आह्वान

'कान्तिपुर दैनिक' र 'द काठमान्डू पोस्ट' नयाँ विचारका खोजीमा छन् । नेपाल र नेपालीको चासो र सरोकारका विश्वव्यापी मुद्दा र सन्दर्भबारेका लेख तथा टिप्पणीलाई हामी स्वागत गर्छौं ।

हामी विशेषगरी नयाँ लेखकहरूको खोजीमा छौं । तपाईंलाई कुनै विषय वा मुद्दाबारे चासो, सरोकार जिज्ञासा हुन सक्छ । अनि यसबारे अरू कसैले लेखिदिए हुन्थ्यो भन्ने लाग्छ भने त्यो व्यक्ति तपाईं नै पनि बन्न सक्नुहुन्छ ।

**हामी कस्ता सामग्री खोजिराखेका छौं ?**

- **संक्षिप्त विचारः** ३५० देखि ६०० शब्द । महत्त्वपूर्ण विषयमा स्पष्ट तर्क गरिएको लेख । यसलाई यसरी लेख्नुहोस्, मानौं तपाईं कुनै साथीसँग कुरा गर्दै हुनुहुन्छ, जो तपाईंको विचार र धारणाहरूसँग सहमत छैनन् ।
- **व्यक्तिगत निबन्धः** ८०० देखि १,२०० शब्द । सार्वजनिक महत्त्वका कुनै विषयभित्र प्रवेश गर्न आफ्नै अनुभव प्रयोग गरिएको लेख । उत्कृष्ट व्यक्तिगत निबन्धहरू लेखकका बारेमा मात्र हुँदैनन्, बरु लेखकको दृष्टिकोणबाट हेरिएको संसारका बारेमा हुन्छन् ।
- **खोजमूलक विचारः** १००० देखि १५०० शब्द । तपाईंले रिपोर्टिङ वा अनुसन्धान गरिसक्नुभएको छ तर समाचारले भन्न नसक्ने निष्कर्ष तपाईंसँग छ भने त्यसलाई लेखका रूपमा प्रस्तुत गर्नुहोस् ।
- **दृश्यात्मक टिप्पणीः** राजनीतिक कार्टुन, सचित्र निबन्ध, ग्राफिक स्केच । यदि तपाईं समाचार, राजनीति र दैनिक जीवनलाई झल्काउने किसिमका स्केच बनाउनुहुन्छ भने हामी तपाईंसँग जोडिन सक्छौं । सिर्जनात्मक अभिव्यक्तिका सबै शैली र माध्यमलाई हामी समावेश गर्छौं ।
- **कला/संस्कृति समीक्षाः** साहित्य, चलचित्र, संगीत, कला, वास्तुकला, खानपान, खेलकुद जस्ता पक्षहरू, जसले हामी को हौं र कसरी बाँचिरहेका छौं भन्ने झल्काउँछ । यस्ता विषय समेटिएका सबै सिर्जनात्मक सामग्री हामीलाई पठाउन सक्नुहुन्छ ।

'कान्तिपुर दैनिक/इकान्तिपुर' का लागि नेपालीमा लेख्नुहोस् । कान्तिपुर फन्ट वा युनिकोडमा मात्रै पठाउनुहोस् । 'द काठमान्डू पोस्ट' का लागि अंग्रेजीमा लेख्नुहोस् । पाठकको रुचि र आवश्यकताअनुसार हामी एक भाषाबाट अर्कोमा अनुवाद पनि गर्नेछौं । लेखकले आफ्नो संक्षिप्त परिचय र सादा पृष्ठभूमि भएको क्लोज-अप फोटो पनि अनिवार्य पठाउनुपर्नेछ ।

**क-कसले लेख्न सक्छन् ?**

- हामी त्यस्ता लेखकको खोजीमा छौं, जो सामान्यतया हाम्रो विचार पृष्ठमा देखिएका छैनन् । जो २० देखि ३९ वर्षसम्मका युवा हुनुहुन्छ । काठमाडौंबाहिर बस्नुहुन्छ, महिला तथा फरक लैंगिक पहिचानका हुनुहुन्छ । वकिल, अर्थशास्त्री, व्यवसायी, वैज्ञानिक, डाक्टर र इन्जिनियर, कलाकार र चलचित्रकर्मी, गैरआवासीय नेपाली, अनुसन्धानकर्मी, विद्यार्थी, अन्य विविध पेसाकर्मी र आफूलाई लेखनका निम्ति आह्वान गरियोस् भनेर पर्खिरहेका यहाँहरू सबैलाई स्वागत छ ।
- यसअघि कहिल्यै लेख छापिएको लेखक हुनुपर्छ भन्ने छैन । कुनै संस्थामा आबद्ध भएकै हुनुपर्छ भन्ने पनि छैन । तपाईंसँग सिर्जनात्मक लेखनको हुटहुटी छ भने, बलियो तर्क, त्यसलाई भन्न सक्ने बलियो आधारहरू छन् भने हामीसँग जोडिन सक्नुहुन्छ । नियमित लेखकहरू पनि विषय र मुद्दागत छलफलका आधारमा हामीसँग निरन्तर रहन सक्नुहुनेछ ।
- हामी अभिव्यक्तिका विविध आयाम खोजिरहेका छौं । त्यसैले शब्द लेख्ने लेखक मात्रै हाम्रो रोजाइ होइन । यदि तपाईंसँग विचार प्रस्तुत गर्ने कुनै नयाँ माध्यम/शैली छ भने पनि हामी त्यसलाई स्वागत गर्छौं । उदाहरणका लागि भिडियो मनोवाद वा एनिमेटेड स्केच, अडियो सामग्री वा कलाका अन्य माध्यमहरू ।

**हामीबाट के अपेक्षा गर्ने ?**

तपाईंले पठाएका सबै सामग्री छनोटमा पर्छन् भन्ने हुँदैन । हाम्रो टिमबाट ती सामग्री प्रयोग गर्ने वा नगर्ने अथवा कसरी प्रयोग गर्ने भनेर एक साताभित्र तपाईंलाई जवाफ आउनेछ । यही चरणमा हामी उक्त सामग्रीको पारिश्रमिक आपसी सहमतिमा तय गर्नेछौं । तपाईंले पठाएका सबै खालका सामग्रीले सम्पादनको प्रक्रिया पार गर्नेछन् । यस्ता सामग्रीहरू लाखौं पाठक/दर्शक/श्रोतामाझ पुग्ने सबै प्रकारका 'प्लाटफर्म' हरूमार्फत सार्वजनिक गरिनेछ ।

**लेखको प्रस्ताव कसरी पठाउने ?**

तपाईंले लेख्न/भन्न चाहेको विषयमा १०० देखि २०० शब्द सीमामा रहेर दुवै पत्रिकाका विचार पृष्ठका इमेलमा आफ्नो प्रस्ताव पठाउनुहोस्:

**कान्तिपुरका लागिः** kantipuropinion@gmail.com
**द काठमान्डू पोस्टका लागिः** tkpopinion@gmail.com

कृपया इमेलको Subject Line मा Opinion Contributor Pitch लेख्नुहोला । संक्षिप्त वाक्यमा आफ्नो परिचय र आफ्नो हालको ठेगाना उल्लेख गर्नुहोला । हामीलाई तपाईंको पूरै बायोडाटा आवश्यक छैन ।

नेपालीसँग नेपालका बारेमा भन्नुपर्ने विषयको कमी छैन । तीमध्ये सबैभन्दा उत्कृष्ट र प्रस्ट विचार प्रकाशित गर्न उत्सुक छौं ।


**धन्यवाद**

# विदेशबाट 'आई-भोटिङ' : किन, कसरी र कहिले ?

सञ्जय खनाल

ऋषभ कर्ण

(इन्जिनियरद्वय खनाल र कर्ण देशबाहिरबाट हुने निर्वाचन प्रणालीबारे अनुसन्धान गरिरहेका छन्)



तस्बिर : एआई

विदेशबाट हुने मतदान नेपाललाई समृद्ध लोकतन्त्र बनाउने शक्ति हो । यसले भूमण्डलीकरणको वर्तमान लहरमा मानिसलाई देशसँग जोडिराख्छ । बाह्य विश्वको रफ्तार देखेका मतदातामार्फत नेतृत्व चुनिँदा त्यसको प्रतिविम्ब दैनिक जीवनका सुधार र बलियो अर्थतन्त्र निर्माणमार्फत झन्झन् उपयोगी हुँदै जानेछ ।

राजनीतिक रूपले नेपालका पछिल्ला केही दशक रूपान्तरणकारी भएका छन् । ठूल्ठूला जनआन्दोलन वा विद्रोह जत्तिकै बालिग मतदान मूल्यवान् सावित भएका छन् । धेरै पर नगई पछिल्लो दुई दशकलाई मात्र फर्केर हेरौं । यसबीचमा आमचुनावमार्फत राजनीतिक शक्ति सन्तुलनमा सामान्य फेरबदल मात्र नभएर बारम्बार त्यो उल्टिएको छ । लाग्छ, मतदानको अभूतपूर्व शक्ति नेपालीले जसरी सायदै विश्वमा सीमित देशहरूले बुझे-देखेका होलान् । वास्तविक धरातलमा मतको शक्ति नेपालमा सदैव अहम् सावित भइरहँदा देशबाहिर रहने कम्तीमा पनि एक चौथाइ मतदाता चुनावी प्रक्रियामा कसै गरी छुट्न नहुने कुरा पेचिलो आवश्यकता बनेको छ ।

नेपालमा अझै विदेशबाट मतदान हुनुपर्छ भन्दाभन्दै पनि त्यसलाई छिचोल्न नसकिने पहाडका रूपमा देखाइने गरेको छ । देशबाहिरबाट हुने मतदानका लागि सबैभन्दा ठूलो तगारो अहिले त्यही मानसिकता छ । हामी मैदानमा उत्रनु अगावै एउटा सामान्य तथ्यमा प्रस्ट हुन आवश्यक छ- दर्जनौं देशले यस्तो अभ्यास गरिसकेका छन् । र, हामीले यसको कुरा गरिरहेको वर्तमान समयमा प्रविधिले दिने अथाह साथको लाभ छ । स्मार्टफोन र इन्टरनेटको सहज उपलब्धतामाझ विश्वभर नै यतिखेर डिजिटल साक्षरता बढ्दो क्रममा छ । त्यसैले सबैले विश्वास गर्न सक्ने भरपर्दो प्रणाली अहिलेको टड्कारो आवश्यकता हो ।

सिद्धान्ततः यो नेपालमा थप प्रस्टता चाहिने विषयका रूपमा छैन । वर्षौंको चर्चामाझ सर्वोच्च अदालतले विदेशबाट हुने मतदानका पक्षमा परमादेश दिइसकेको छ । निर्वाचन आयोगले यसबारे विगतमा अध्ययनहरू नै गरेर आवश्यकता र सम्भावनाका विभिन्न बाटो केलाएको छ । सबै मुख्य राजनीतिक दलहरू यसलाई आफ्नो घोषणापत्रमै समेटेर त्यसको पक्षमा उभिएका छन् । अब यहाँ केही कुराको कमी छ भने त्यो सिर्फ काम हो ।

**हामीले के-के कुरा गर्‍यौं ?**

विदेशमा हुने नेपालीको 'नोट चल्ने, भोट नचल्ने' भन्ने कुरा देशबाहिरबाट हुने मतदानको मर्मका रूपमा छ । मतदान नागरिकले प्रयोग गर्न सक्ने सबैभन्दा ठूलो शक्ति हो । जनगणना-२०७८ ले विदेशमा रहेका नेपालीको जनसंख्या करिब २२ लाख उल्लेख गरे पनि अन्तर्राष्ट्रिय संस्थाहरूले वास्तविक मूल्यांकन दोब्बरभन्दा बढी रहेको उल्लेख गरेका छन् । तिनैमध्येको एक इन्टरनेसनल इन्स्टिच्युट फर डेमोक्रेसी एन्ड एलेक्ट्रोरल असिस्टेन्ट (आईडीईए) ले करिब ५६ लाख नेपाली देशबाहिर रहेको जनाएको थियो । त्यसमध्ये करिब ७० प्रतिशत मध्यपूर्वका मुलुकमा रहेका देखिन्छन् ।

मध्यपूर्वका अधिकांश देशमा आवधिक आमनिर्वाचन प्रणाली भएको राजतन्त्रीय व्यवस्था छ । त्यहाँका मुख्य देशमा नेपाली नियोगहरू छन् । तर तिनका जनशक्ति र पूर्वाधार सबैभन्दा ठूलो चुनौतीका रूपमा मानिन्छन् । तर मुख्य चुनौती त्यहाँ कसरी चुनाव गराउने भन्नेमा गएर जोडिन्छ । अस्ट्रेलिया वा अमेरिकाजस्ता देशले झैं अझै विदेशमा पनि मतदान केन्द्र नै बनाएर भोट हाल्ने काम व्यापक रूपमा गर्छन् । हामीले पनि त्यसरी सोच्ने हो भने त्यसमा गम्भीर समस्या छ । त्यसो गर्दा नेपाल राज्यकै क्षमता, उसको अन्तर्राष्ट्रिय वा कूटनीतिक प्रभावका आधारमा सहजताभन्दा समस्या बढ्ता हुन सक्छ । अर्कोतर्फ त्यो उपाय अपनाउँदा राज्यको दृष्टि विभेदकारी हुन सक्छ । किनकि राष्ट्रसंघीय सदस्य भएका १ सय ९३ देशहरूमध्ये पनि तीन दर्जनभन्दा कम देशमा मात्र नेपाली नियोग छन् । नियोग भएकै देशमा पनि छरिएर रहने नागरिकहरूलाई के मतदानमा सहभागी गराउन सकिन्छ ? अनि बाँकी देशमा के गर्ने ? जबकि अध्यागमन विभागको पछिल्लो विवरणमा विश्वका २ सय ३१ देश तथा भू-भागमा नेपाली पुगिसकेका छन् ।

**किन विकल्प बन्न सक्छ इन्टरनेट ?**

इन्टरनेटको प्रयोगबाट गरिने मतदान यस्तो विधि हुनेछ, जसमा मतदान केन्द्र चाहिने छैन, संसारका सबै देशबाट मतदान गर्न सकिनेछ । नेपालका लागि बायोमेट्रिक विवरण भएको मतदाता नामावलीले त्यसलाई सघाउनेछ । यसमा मतदान गराउने र मतदान गर्नेका लागि विश्वासिला प्रणाली अहम् हुनेछन् । त्यस्तो विश्वासले मतदाताको आत्मबल बलियो बनाउँछ । त्यसले मत खस्ने दरसमेत बढाउँछ । सामान्य रूपमा बुझ्दा मतदान गराउनेतर्फका प्रणालीमा निर्वाचन आयोग, पर्यवेक्षक, दलका प्रतिनिधिहरूजस्ता पक्षहरू हुन्छन् भने अर्कोतर्फ मतदाता ।

मतदान केन्द्रबाट पर हुनेबित्तिकै 'विश्वास' सबैभन्दा मुख्य पक्ष हुन जान्छ । त्यस विश्वासको आधार प्रत्यक्ष मतदान नहुनेबित्तिकै जिम्मेवार व्यक्तिहरूमाथिको भरोसाभन्दा माथि उठ्छ । भरोसा त्यस्तो प्रणालीबाट आउनुपर्छ, जसलाई कसैले पनि गोप्य रूपमा तोडमोड गर्न नसकोस् । तर त्यसको निगरानी भने पारदर्शी रूपमा गर्न सकिने हुनुपर्छ ।

कुनै अख्तियारप्राप्त अधिकारीले भन्दैमा इन्टरनेट मतदानमाथि विश्वास गर्नु आवश्यक छैन । एउटा राम्रो विद्युतीय प्रणालीले तपाईंलाई ढुक्क हुन वा भरोसाको अपेक्षा गर्दैन । बरु त्यसको निर्माण संरचना वा बनावटबाटै विश्वास पैदा हुनुपर्नेछ । कुनै व्यक्तिले गोप्य रूपमा नतिजा परिवर्तन गर्न नसक्ने हुनु र मतगणना निष्पक्षता जोकोहीले पनि पुष्टि गर्न सक्ने हुनुपर्छ ।

**देशकै निर्वाचन कानुन निर्णायक**

गोपनीयता सबैभन्दा प्रधान हुने मतदानका लागि मुख्य सवाल उक्त प्रणालीको नियन्त्रण कोसँग छ भन्नेमा हुन्छ । कुनै एक व्यक्ति, संस्था वा कम्पनी मात्रैमा नियन्त्रण रहनु हुँदैन । त्यसो भनेर सबै कुरा छरपस्ट छाड्नुपर्छ भन्ने पनि होइन । जस्तो, मतदाता र उम्मेदवार, नीति नियमको कार्यान्वयन र आधिकारिक नतिजा घोषणा गर्ने काम निर्वाचन आयोगमा निर्भर हुनेछ । तर मतको निष्पक्षताको जाँच गर्ने, समस्याहरू हेर्ने र प्रणालीको विश्वसनीयता परीक्षण गर्ने काम कहिल्यै पनि एउटा कसैको नियन्त्रणमा हुनु हुँदैन ।

यसको डेटाको भण्डारण कसरी हुन्छ भनेर बुझ्ने हो भने त्यसको विश्वसनीयता प्रस्ट हुन्छ । हामीले काम गरिरहेको एउटा आदर्श अवस्थामा इन्टरनेट भोटिङको डेटा कुनै एउटा सर्भरमा भण्डारण हुँदैन । बरु त्यो हजारौं-लाखौं मानिसका डिभाइसमा छरिएर प्रयोगमा आउँछ । जसको सुन्दर पक्ष भनेकै तीमध्ये केही सयौं-हजारौं डिभाइसका डेटामा अतिक्रमण भए पनि त्यसले समग्र मत वा चुनावी नतिजालाई हानि पुर्‍याउन सक्दैन । सिद्धान्ततः यो प्रविधि जगत्मा 'डिस्ट्रिब्युटेड सिस्टम' भनिने प्रणाली हो ।

निर्वाचन आयोगले मुख्य चुनाव सञ्चालन गर्ने निकायका रूपमा प्रणाली सञ्चालन गर्छ । यसका अलावा अन्य सरोकारका निकायहरू राजनीतिक दलहरू, नागरिक समाज, पर्यवेक्षक लगायतका लागि निष्पक्षता जाँच्न र निगरानी गर्न अलग्गै पहुँच हुनेछ । नतिजा परिवर्तन गर्न सक्ने यसको सबैभन्दा ठूलो चिन्ता हो । त्यसका लागि एकै समयमा धेरै छुट्टाछुट्टै समूहहरूलाई भ्रष्ट पार्नुपर्छ, जुन व्यावहारिक रूपमा अत्यन्तै कठिन हुन जान्छ ।

अन्तर्राष्ट्रिय संस्थाहरूको मूल्यांकनमा करिब दुईतिहाइ लोकतान्त्रिक देशले देशबाहिरबाट मतदानका विकल्प दिएका छन् । त्यसमध्ये सबैभन्दा धेरै आधाजसो आफ्ना नियोगमै गएर मतदान गर्छन् भने एक चौथाइजतिले हुलाकबाट भोट खसाल्छन् । अझै अनलाइन मतदानको हिस्सा १० प्रतिशतभन्दा कमै छ । मञ्जुरीनामा दिएर हुने 'प्रोक्सी' मतदानको हिस्सा पनि त्यस्तै छ ।

राष्ट्रसंघीय निकायका अध्ययनमा इन्टरनेटको लोकप्रियता र सहजतामाझ पनि इन्टरनेट भोटिङ पहिलो आम रोजाइ हुन नसक्नुलाई 'विश्वास'को पक्षलाई कारण मानिएको छ । त्यस्ता द्विविधा कुनै प्रमाणित जालझेलका विगतका घटनाका कारणले भन्दा पनि इन्टरनेटको अथाह रहस्यमाझ पूर्वाग्रही आशंकाले गर्दा भएको पाइन्छ । त्यसैले नेपालले अन्यत्रका लोकप्रियता र लहरभन्दा पनि आफू स्वयं नमुना बन्न सक्ने गरी यसमा पहलकदमी लिन सक्छ ।

यसमा गोपनीयताको कायम गर्ने क्रममा इन्क्रिप्टेड (फरक-फरक विन्दुमा पहिचान परिवर्तन) प्रणाली कायम गर्दै गर्दा मतहरूको गणना सही ढंगले हुने, कुनै पनि मत बीचमा परिवर्तन नहुने, त्यसका कपीहरू नबनाइने सुनिश्चितता पारदर्शी ढंगले गराउन सकिने परिवेश सम्भव छ । त्यसक्रममा भर्चुअल स्पेसमा खटिने गरी निर्वाचन पर्यवेक्षकहरू आवश्यक पर्न सक्छ । त्यसमा प्रणालीमै त्यस्तो पहुँच दिन आवश्यक हुन्छ, जुन अहिले नेपालमै उपलब्ध इलेक्ट्रोनिक भोटिङ मेसिन (ईभीएम) का हकमा सम्भव छैन ।

**डेटामा पूर्णतः स्वदेशी नियन्त्रण**

इन्टरनेट मतदान हुँदा यिनै आधारभूत विषयका अतिरिक्त नेपालको निर्वाचन कानुनले तोकेबमोजिम गर्नुपर्छ । निर्वाचनमा देशको कानुनमा सम्झौता हुने गरी वा त्यसका कुनै हिस्सेदारलाई आशंका हुने गरी कुनै उत्पादन विशेषलाई फिट गर्नका लागि परिवर्तन गर्नु हुँदैन । प्रविधि कानुनअनुकूल हुनुपर्छ न कि कानुन प्रविधिअनुकूल । त्यसैले मतदान प्रणाली नेपालका चुनावी नीति नियमहरू ह्यान्डल गर्न पर्याप्त लचिलो हुन आवश्यक छ ।

मतदानको अनुमति, मतपत्रका ढाँचा, समावेशिता अनुरूपका फेरबदल, गणना र परिणाम घोषणाका विधि घरेलु कानुन अनुरूप हुनुपर्छ । नेपालको चुनावी डेटा, देशको आफ्नै नियन्त्रणमा रहनुपर्छ । कुनै पनि बाहिरी कम्पनी वा विदेशी प्रणालीले यसमा शक्ति राख्न नहुने यस प्रणालीको न्यूनतम सर्त हो । त्यत्तिकै अहम् कुरा यस प्रणालीलाई कुनै पनि देश वा कम्पनीको एकल आपूर्तिकर्तामा निर्भर हुने गरी छोड्न नहुनु हो ।

डेटा कहाँ राख्ने, त्यसको पहुँच कहाँ-कहाँसम्म पुग्ने र त्यसलाई कसरी व्यवस्थित गर्ने ? भन्ने सबै विषय देशभित्रै निर्णय गर्नुपर्छ । नेपालले यसको पूर्वाभ्यास विश्वव्यापी सञ्जाल भएका गैरआवासीय नेपाली संघ, नेपाल पत्रकार महासंघजस्ता संस्थामार्फत गर्न सक्छ । स्वतन्त्र प्राज्ञिक निकायका रूपमा विश्वविद्यालयहरूलाई त्यसक्रममा प्रणाली जाँच र मूल्यांकनको भूमिका दिन सकिन्छ ।

सन् २००५ मा युरोपेली देश इस्टोनियामा पहिलो पटक इन्टरनेट भोटिङ प्रणाली सुरु भएयता उसका अनुभव नेपालका लागि उपयोगी हुन सक्छन् । देशभित्रै र बाहिर दुवैतिरका लागि अपनाइएको उक्त प्रणालीमा मतदानको नतिजा जालझेल भएका एउटै पनि प्राविधिक वा सुरक्षा त्रुटि फेला परेको छैन ।

त्योभन्दा रोचक कुरा त्यसबेला पहिलो इन्टरनेट भोटिङ सुरु गर्दा केवल २ प्रतिशत जनसंख्याले उक्त प्रणालीमा भाग लिएका थिए । सन् २०२३ मा कुल खसालिएका मतहरूको ५१ प्रतिशत पुगेर विश्व रेकर्ड कायम भएको थियो ।

**फेरि आफ्नै विगत हेरौं**

विदेशबाट त्यसरी हुने मतदान नेपाललाई समृद्ध लोकतन्त्र बनाउने शक्ति हो । यसले भूमण्डलीकरणको वर्तमान लहरमा मानिसलाई देशसँग जोडिराख्छ । बाह्य विश्वको रफ्तार देखेका मतदातामार्फत नेतृत्व चुनिँदा त्यसको प्रतिविम्ब दैनिक जीवनका सुधार र बलियो अर्थतन्त्र निर्माणमार्फत झन्झन् उपयोगी हुँदै जानेछ । नेपाली जनताका राजनीतिक सचेतना र सुझबुझ त्यसका लागि अतिरिक्त लाभ हो ।

२०६४ सालमा भर्खर युद्ध सकेर आएको माओवादीलाई पनि नेपालीले अपार आशासाथ मतदान गरेर नाटकीय जनमत दिएका थिए । दोस्रो पटक मात्र आमनिर्वाचनमा सहभागी भएको र स्थापनाको आधा दशक पनि पार नगरेको दल रास्वपालाई करिब दुईतिहाइको जनमत दिए, त्यो पनि धेरैले बहुमतकै आशा गर्न नसकिने भन्ने निर्वाचन प्रणालीमा ।

यसबीचमा कहिले कम्युनिस्ट शक्तिहरूको एकतालाई जनताले अनुमोदन गरे त कहिले मुख्य लोकतान्त्रिक दल कांग्रेसलाई सबैभन्दा बढ्ता रुचाए । राजावादी-हिन्दुवादी दल राप्रपा र मधेशवादी दलहरूले पनि आफूहरूप्रतिको आशा र निराशाका व्यापक उतारचढाव देखेका छन् ।

यसले शक्ति सन्तुलन र जनमत फेरबदलमा आम नेपाली जनताको आत्मबल दिनदिनै बढाएको छ । नेपालको लोकतान्त्रीकरणमा त्यो एउटा अमूल्य लाभ र शक्ति हो ।

**अब सम्भव छ**

बारम्बारका छलफल र विमर्शका क्रममा विदेशमा रहेका मतदाताहरूका लागि 'अफलाइन' ई-भोटिङ प्रणाली अपनाउनु व्यवस्थापकीय सकस र सुरक्षाको दृष्टिले चुनौतीपूर्ण हुन सक्ने कुरा नेपाली अधिकारी र विज्ञहरूले आत्मसात् गरेका पाइन्छन् । त्यसैले विदेशबाट गरिने मतदानका लागि इन्टरनेटमा आधारित प्रणाली नै उपयुक्त हुने देखिन्छ । अब यसको चरणबद्ध कार्यान्वयन ढिलो नगरी थाल्नुपर्छ ।

कम जोखिमयुक्त सानो वृत्तमा वा 'नमुना' परियोजनाहरू सञ्चालन गर्दै क्रमशः विश्वास र भरोसा निर्माण गर्न सकिन्छ । जसका लागि देशभित्रै विकास भइरहेका केही उत्कृष्ट प्रणालीहरूलाई छनोट गर्न सकिन्छ । प्रणालीको सुरक्षा र विश्वसनीयता सुनिश्चित गर्न विश्वविद्यालय तथा अन्य स्वतन्त्र अनुसन्धान संस्थाहरूलाई संलग्न गराउनुपर्छ । यसले स्वतन्त्र रूपमा अध्ययन गर्न नमिल्ने कुनै पनि 'बन्द प्रणाली' लाई स्वतः अस्वीकार्य बनाउँछ ।

चरणबद्ध कार्यान्वयनको प्रक्रियामा विश्वव्यापी सञ्जाल भएका गैरआवासीय नेपाली संघ (एनआरएनए), नेपाल पत्रकार महासंघजस्ता संस्थाहरूको निर्वाचनमा प्रयोग गर्ने, आगामी स्थानीय निर्वाचनका केही निर्वाचन क्षेत्रमा पाइलट परियोजना सञ्चालन गर्ने तथा उपनिर्वाचनहरूमा प्रयोग गर्नेजस्ता कदमहरू चाल्न सकिन्छ । यसले विश्वास बढाउन र प्रणालीमा रहेका महत्त्वपूर्ण कमीकमजोरीहरू पहिचान गर्न मद्दत गर्नेछ । झन्डै ४ वर्षपछिको अर्को निर्वाचनमा यसको पूर्ण कार्यान्वयन गर्ने ठोस लक्ष्य अहिले नै राख्नुपर्छ । किनकि यो सम्भव छ ।

# धार्मिक सद्भाव र समभावको पक्षमा

सुशीला शर्मा

(शर्मा लैंगिक तथा समसामयिक विषयमा अध्ययन-अनुसन्धान गर्छिन्)




तस्बिर : कान्तिपुर

हामी व्यक्तिगत रूपमा जुनसुकै धर्म मानौं, धार्मिक स्वतन्त्रताको उपभोग पनि गरौं । कुनै पनि धर्मसँग आबद्ध, सम्बद्ध नभई सबै धर्मको सम्मान गर्छु तर म केवल मानव धर्मलाई अपनाउँछु भन्न पनि पाउँछन् मानिसले ।

वैदिक वैज्ञानिक जगतगुरु राम भद्राचार्यले आफ्नो इच्छा भगवान्सँग जाहेर गरेका रहेछन् । उनले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसहित उपस्थितिमा एउटा कार्यक्रममा भनेका रहेछन्- 'मलाई बाहिरी आँखा, दृष्टिमोक्ष केही चाहिँदैन, बारबार भारतमा जन्म चाहिन्छ । वशिष्ठ वंश ब्राह्मण कुलमा जन्म चाहिन्छ । मैले भगवान्लाई भनिदिइसकें ।'

उनको यो अभिव्यक्तिले जनाउँछ, उनी पूर्वजन्म र अब आउने जन्ममा भरपूर विश्वास गर्छन् । उनी दीक्षित नै यही पुनर्जन्म, पूर्वजन्मको दर्शनमा भएका छन् । दृष्टिविहीन तर संस्कृतका सुपठित विद्वान्को जीवन नै धर्ममा अझ भनौं रामकथामा बितेको छ ।

आफूलाई प्राप्त चेतना, ज्ञान अर्कोमा प्रसार गर्न चाहनु मानिसको स्वभाव नै हो । धर्मको प्रचार पनि यस्तै तरिकाले हुँदै आइरहेको छ । धर्ममा सबैभन्दा बढी अनुयायीहरू हुने गर्छन् । कुरा यति हो कि धर्म, देवता भनेर नै हामी अल्झिरहने कि यसलाई समयसापेक्ष र प्रगतिशील बनाउने ? हुन त, धर्मले आध्यात्मिक सिद्धान्तलाई अंगीकार गरेको हुन्छ । मानिसलाई नैतिकवान् बन्न धर्मले नै सिकाउँछ भनिन्छ । नैतिकता र अनुशासन मानिसको जीवनमा अपरिहार्य छ । धर्मले जीवनलाई गहिरो अनुभूति गर्ने बाटोहरू पनि देखाउँछ । प्राचीन समयमा धर्म एक राजनीति पनि थियो ।

बिरामी जाँच्ने डाक्टर र बिरामी नै ईश्वरवादी भएपछि विज्ञान पढेर डाक्टर भएकाहरूले बिरामीलाई आश्वस्त पार्ने कुरा पनि यस्तो हुने रहेछ : डाक्टरले दुई सय वर्षसम्म बचाउने होइन । देवताले दिएको आयुसम्म स्वस्थ रूपमा बाँच्न मद्दत पुर्‍याउने हो । यही भनाइलाई मानिसको प्राकृतिक उमेरसम्म सजिलो गरी बाँच्न डाक्टरले औषधि उपचार र सल्लाह दिने हो भनेको भए पनि त हुन्थ्यो कि । तर हामी भनिहाल्छौं- आगे भगवान्को मर्जी । हामीलाई कतै न कतै देवताले अन्तरकुन्तरबाट हेरिरहेझैं लागिहाल्छ ।

कुरा फेरि अर्कोतिर मोडौं । तीज पर्वलाई उही हिन्दु 'श्रीमान्'ले 'तीजकी श्रीमती' भन्दै व्यंग्यले घाइते बनाउने कविता सुनाउँछन् । तर तीजका महिला झुम्दै शिव भगवान्को आराधनालगायत थपिएका संस्कृतिमा मक्ख भइरहेकै हुन्छन् । भक्ति, आराधना आफ्ना व्यक्तिगत रुचि होलान् । तर त्यसलाई सामूहिक रूपमा प्रदर्शन र देखासिकी गर्नु समयसापेक्ष भएन कि ?

म आजकल छक्क छु । मान्छेको जमातमध्ये कोही आध्यात्मिक मान्छेहरू 'आत्मासँग' मात्र कुरा गरिरहेका छन् । कोही भाकल गरिरहेका छन्, कोही सिंगै एकल धार्मिक राज्य चाहियो भन्दै जुलुस निकालिरहेका छन् ।

एक जना झाँक्रीलाई सोधिएछ । विष के हो ? उसले जवाफ दिएछ- आवश्यकताभन्दा बढी जेसुकै पनि विष हो । त्यो शक्ति हुन सक्छ, अल्छीपना हुन सक्छ, खाना, इगो, महत्त्वाकांक्षा, डर, रिस, घमण्ड । जेसुकै । आवश्यकताभन्दा बढी सबै विष हुन् ।

कोही विद्वान्हरू इमोसन ब्यालेन्स, संसार ब्यालेन्स भन्ने व्यावहारिक कुरा पनि गर्छन् । फेरि, घरमा दोस्रो कसैले केही हानि गर्दिएर नकारात्मक ऊर्जा भरियो भन्दै प्रत्येक साँझमा ल्वाङ, सुकुमेल, मरीच, दालचिनी, तेजपत्ता जस्ता मरमसला राखेर बत्ती बालेर वरिपरि घुमाउँछौं । खैर यी विश्वासहरू हुन् । अरूलाई हानि गर्दैनन् र निजको मनलाई शान्ति हुन्छ भने ठिकै छ । तर नकारात्मक ऊर्जा अरू कसैले आफ्नो घरमा ल्याइदिने होइन कि ? यी त हामीभित्रै उत्पन्न भएका नकारात्मक भावनाहरू होइनन् र ?

अचेल हाम्रो देशमा 'फलानोको जय' भन्दै यो धर्मको राष्ट्र कायम गर् भनेर नारा जुलुस बाक्लै हुन थालेको छ । तर नेपाल भौगोलिक क्षेत्रफलको हिसाबले सानो भए पनि यहाँ जाति, भाषा, धर्म, संस्कृति, वेशभूषा, रहनसहन र सांस्कृतिक रूपमा ठूलो विविधता पाइन्छ । १ सय ४० भन्दा बढी जातजाति र १ सय २० भन्दा बढी भाषाहरू बोलिने देश नेपालमा हिन्दु, बौद्ध, मुस्लिम, किराँत, क्रिस्चियनलगायत विभिन्न धर्मावलम्बीहरू रहेका छन् । यिनै विविधताले नेपालीलाई एकअर्काको विविधता स्वीकार्न र मिलेर बस्न कुनै अप्ठ्यारो छैन । यही विविधताको कारणले नेपालको संविधानले नै नेपाललाई धर्मनिरपेक्ष देश भनेर उल्लेख गरेको छ ।

के धर्म मात्रैले मानिसका मनोवैज्ञानिक र संवेगात्मक सहजता दिन्छ ? अनि के धर्म र देवी देव या अन्य धर्ममा ईश्वरलाई पुकारिने नामको आशक्तिले मानिसभित्रको भयलाई चिर्छ ? चिन्ता घटाउँछ र ? कि भविष्यवाणी नै गर्न नसकिने संसारमा आइपर्ने दुःख निवारण गर्छ ?

पक्कै पनि ऐतिहासिक रूपले नै कुनै एक शक्तिशाली 'क्रिएचर'को परिकल्पना गर्दै त्यही ईश्वर थापेर मानिसले आफूलाई नियमभित्र कैद गर्न सफल भयो होला कि । तर इतिहासदेखि आजसम्म ईश्वरको नाममा एक समुदायले अर्को समुदाय, एक धर्मले अर्को धर्मलाई विस्थापन गर्ने अभ्यास भइरहेकै छन् । ती शीतयुद्ध जस्ता हुन् या हिंसात्मक झडप र युद्ध नै किन नहोऊन् ।

धर्मका नियम मानिसभित्रै पनि पुरुषलाई कति, महिलालाई कति भन्ने नापजोख पनि छन् । मानिसभित्रै, समूहभित्रै, जातभित्रै पनि ईश्वर फरक-फरक तोकिएका छन् । देवता, भगवान्, ईश्वर, अल्लाह, पैगम्बर आदि आदि । विश्वासका धरोहर बनाएर 'धर्म' नाम खासमा पापको विपरीत अर्थ मानवता, दया, करुणा, सहयोग, दान हुन आउँछ । तर हाम्रोमा कुरा अलि मिलिराखेको छैन । बहुसंख्यक भएकाले हामीलाई अरूमाथि शासन गर्न पाउनुपर्छ भन्ने मनसाय पलाएको पनि हुन सक्छ । बहुसंख्यक र अल्पसंख्यकभन्दा पनि हाम्रो इतिहास, विविध धर्म, संस्कृति, सांस्कृतिक सम्प्रदाय, जातजाति र समूहहरूसँगको एकआपसमा सहिष्णुता, समझदारी र सम्मान नै सर्वोपरि हुनुपर्छ । यसका लागि धर्म सापेक्षतातिर नलागीकन सबै समुदायको धार्मिक आस्था, विश्वास र धार्मिक सम्मानको खातिर धर्म निरपेक्षता नै जायज र सन्तुलित हुन सक्छ ।

कतै धर्मलाई शक्तिशाली वर्गले सामाजिक सर्वोच्चताको खातिर प्रयोग गरेर सीमान्तीकृत, दलित महिला, अपांगता भएका व्यक्तिहरू, यौनिक तथा लैंगिक अल्पसंख्यकहरूलाई अधीनस्थ त बनाइराखेका छैनन् ? यो विषयको पनि चिन्तनमनन हुनु जरुरी छ । कहिलेकाहीं सामाजिक सद्भाव कायम राख्ने भन्दै नजानिँदो तरिकाले सानो समूहका आवाजहरू दबिई पो राखेका छन् कि ? धर्मको मूल उद्देश्य मानिसलाई असल, नैतिकवान्, जिम्मेवार बन्न मार्गदर्शन गर्नु हो भने पक्कै पनि मेरो धर्म ठूलो र तेरो धर्म सानो, म धेरै तँ कम भन्दै द्वन्द्व गर्न सिकाउँदैन होला ।

हामी व्यक्तिगत रूपमा जुनसुकै धर्म मानौं, धार्मिक स्वतन्त्रताको उपभोग पनि गरौं । कुनै पनि धर्मसँग आबद्ध, सम्बद्ध नभई सबै धर्मको सम्मान गर्छु तर म केवल मानव धर्मलाई अपनाउँछु भन्न पनि पाउँछन् मानिसले । ईश्वर रिसाए, ईश्वर खुसी भए, भगवान् भरोसा, भगवान् कस्सम, भगवान्को चरणमा भन्दै यतै रुमलिइरहने कि नयाँ पुस्ताले समाजलाई धर्मसहित तर निरपेक्ष ढंगले प्रगतिशील रूपले अगाडि बढाउने, सोचनीय विषय भएको छ ।

# विश्वका ४० प्रतिशत स्वास्थ्य संस्थामा मात्र आधारभूत सरसफाइ

### डब्लूएचओ र युनिसेफले मंगलबार सार्वजनिक गरेको प्रतिवेदनअनुसार विश्वका ११ प्रतिशत स्वास्थ्य संस्थामा सरसफाइ सेवा नै उपलब्ध छैन

**एएफपी** (जेनेभा)

विश्वका १० मध्ये चार वटा स्वास्थ्य सेवा संस्थाले मात्र बिरामी तथा स्वास्थ्यकर्मीका लागि आवश्यक आधारभूत सरसफाइ मापदण्ड पूरा गरेको पाइएको छ। संयुक्त राष्ट्रसंघको विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) र संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ) ले मंगलबार सार्वजनिक गरेको प्रतिवेदनअनुसार विश्वका ११ प्रतिशत स्वास्थ्य संस्थामा सरसफाइ सेवा नै उपलब्ध छैन।

डब्लूएचओ र युनिसेफको प्रतिवेदनले पहिलो पटक स्वास्थ्य सेवा संस्थामा आधारभूत सरसफाइ सेवाको विश्वव्यापी अवस्था मापन गरेको हो। सन् २०२५ का लागि गरिएको अनुमानमा केवल ४० प्रतिशत स्वास्थ्य संस्थामा बिरामी तथा कर्मचारीका आवश्यकता पूरा गर्ने, पहुँचयोग्य र प्रयोग गर्न मिल्ने शौचालय रहेको पाइएको छ।

आधारभूत सरसफाइ मापदण्ड पूरा गर्न कर्मचारीका लागि छुट्टै कम्तीमा एउटा शौचालय, महिनावारी स्वच्छताका सुविधासहित कम्तीमा एउटा महिला र पुरुषका लागि छुट्टाछुट्टै शौचालय तथा सीमित गतिशीलता भएका व्यक्तिका लागि पहुँचयोग्य कम्तीमा एउटा शौचालय हुनुपर्ने प्रतिवेदनमा उल्लेख छ।

सत्तरी देशको तथ्यांकमा आधारित प्रतिवेदनले स्वास्थ्य संस्थामा सरसफाइ सेवाको अवस्था क्षेत्रअनुसार निकै फरक रहेको देखाएको छ। उपसहारा अफ्रिकाका केवल २३ प्रतिशत स्वास्थ्य संस्थाले आधारभूत सरसफाइ सेवा उपलब्ध गराएका छन् भने मध्य तथा दक्षिण एसियामा यस्तो सेवा उपलब्ध




गराउने संस्थाको हिस्सा ५५ प्रतिशत रहेको छ। प्रतिवेदनअनुसार विश्वभर १० मध्ये एकभन्दा बढी स्वास्थ्य संस्थामा कुनै प्रकारको सरसफाइ सेवा छैन। यस्ता संस्थाले करिब ९३ करोड ६० लाख मानिसलाई स्वास्थ्य सेवा प्रदान गर्ने गरेका छन्।

सरसफाइबाहेक प्रतिवेदनले स्वास्थ्य संस्थामा सुरक्षित खानेपानी, स्वच्छता, वातावरणीय सफाइ तथा स्वास्थ्य सेवा फोहोर व्यवस्थापनको अवस्थासमेत मूल्यांकन गरेको छ। सन् २०२५ मा विश्वका करिब ८५ प्रतिशत स्वास्थ्य संस्थामा आधारभूत खानेपानी सेवा, ७२ प्रतिशतमा आधारभूत स्वच्छता सेवा र ७१ प्रतिशतमा स्वास्थ्य सेवा फोहोर व्यवस्थापनका आधारभूत सुविधा रहेको पाइएको छ।

वातावरणीय सफाइको अवस्था भने अझ कमजोर देखिएको छ। केवल ५९ प्रतिशत स्वास्थ्य संस्थाले आधारभूत वातावरणीय सफाइ मापदण्ड पूरा गरेका छन्। यसका लागि निश्चित सफाइ प्रक्रिया तथा त्यसमा तालिमप्राप्त कर्मचारी आवश्यक पर्ने र संक्रमण रोकथाम तथा नियन्त्रणमा यसको महत्त्वपूर्ण भूमिका रहने प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनका अनुसार करिब एक अर्ब ५० करोड मानिसलाई सेवा प्रदान गर्ने १८ प्रतिशत स्वास्थ्य संस्थाले वातावरणीय सफाइका कुनै पनि आधारभूत आवश्यकता पूरा गरेका छैनन्। यससम्बन्धी निष्कर्ष ५४ देशको तथ्यांकमा आधारित छ। गरिब तथा विकासका दृष्टिले पछाडि परेका देशमा स्वास्थ्य संस्थाको सरसफाइ अवस्था अझ कमजोर रहेको पाइएको छ। विश्वका अति कम विकसित राष्ट्रमा केवल २४ प्रतिशत स्वास्थ्य संस्थाले आधारभूत वातावरणीय सफाइ मापदण्ड पूरा गरेका छन्।

संयुक्त राष्ट्रसंघको स्वास्थ्य तथा बालसम्बन्धी निकायले स्वास्थ्य संस्थामा सरसफाइ, खानेपानी र फोहोर व्यवस्थापनको कमजोर अवस्थाले बिरामी तथा स्वास्थ्यकर्मी दुवैको स्वास्थ्य जोखिम बढाउन सक्ने भएकाले आधारभूत सुविधामा लगानी र प्रभावकारी व्यवस्थापनको आवश्यकतासमेत औंल्याएका छन्।

# गायिका शाकिरा भूकम्प प्रभावित क्षेत्रमा, १० वटा विद्यालय पुनर्निर्माण गर्ने प्रतिबद्धता

**एपी** (बोगोटा)

कोलोम्बियाली पपस्टार शाकिराले हालै गएको विनाशकारी भूकम्पबाट अति प्रभावित आफ्नो देशको एक दुर्गम क्षेत्रमा पुगेर कम्तीमा १० वटा विद्यालय पुनर्निर्माण गर्ने घोषणा गरेकी छन्। साथै, एक स्थानीय विश्वविद्यालयको जीर्णोद्धारमा पनि उनले आर्थिक सहयोग गरेकी छन्। पश्चिमी कोलोम्बियामा गएको भूकम्पका कारण सयौंको ज्यान जानुका साथै हजारौं शैक्षिक संस्थाहरू प्रभावित भएका थिए।

'हिप्स डन्ट लाइ' की गायिका शाकिराले कोलोम्बियाको चोको प्रान्तको राजधानी क्विबडोको आकस्मिक भ्रमण गर्दै उक्त राहत घोषणा गरेकी हुन्। भ्रमणका क्रममा उनले क्षतिग्रस्त विद्यालयहरूको अवलोकन गर्नुका साथै विद्यार्थीहरूसँग भेटघाट गरेकी थिइन्।

'महाभूकम्पको यो आपत्कालीन अवस्था सकिएपछि पनि यहाँका विद्यालयहरूको पुनर्निर्माण नभएको कुराले मलाई पिरोलेको थियो, बालबालिका विद्यालय जान नपाउने प्रत्येक दिन उनीहरू आफ्नो भविष्यबाट विमुख हुने दिन हुन्,' पत्रकारहरूसँग कुरा गर्दै उनले भनिन्।

सो भ्रमणमा उनलाई अर्बपति वारेन बफेटका छोरा तथा कोलोम्बियामा शिक्षा क्षेत्रमा लामो समयदेखि सहयोग गर्दै आएका दाता हावर्ड बफेटले साथ दिएका थिए। हावर्ड जी बफेट फाउन्डेसनले यी १० विद्यालयको पुनर्निर्माणका लागि शाकिराको 'फुन्डासिओन पीएस देस्साल्सोस' सँग सहकार्य गर्नेछ।

स्थानीय बासिन्दा र समुदायप्रति ऐक्यबद्धता जनाउँदै ४९ वर्षीया शाकिराले भनिन्, 'धेरैको पीडा कम गर्ने कुनै जादुयी उपाय छैन। तर हामी यहाँ चोकोवासीका साथमा उभिन प्रतिबद्ध छौं। जबसम्म प्रत्येक कोलोम्बियन र चोकोवासी आफ्नो सामान्य जीवनमा फर्कन सक्दैनन् र सबै बालबालिका आफ्ना विद्यालयमा फर्किन सक्दैनन्, तबसम्म हाम्रो प्रयास जारी रहनेछ। चोकोलाई हामी अलपत्र छोड्ने छैनौं।'

शाकिराले आफ्नो व्यक्तिगत प्रयासमा चोकोस्थित एक स्थानीय प्राविधिक विश्वविद्यालयको पुनर्निर्माणमा पनि सघाउने बताउँदै विभिन्न संस्थाबाट प्राप्त सहयोगको घोषणा पनि गरिन्। उनका अनुसार फिफा ग्लोबल सिटिजन एजुकेसन फन्ड र लाइभ नेसनबाट जनही ५ लाख अमेरिकी डलर तथा क्यानडा र क्यारिबियन विकास बैंकबाट २ लाख ५० हजार अमेरिकी डलर सहयोग प्राप्त भएको छ।

गत अगस्ट १० मा गएको ७.४ म्याग्निच्युडको भूकम्पले पश्चिमी कोलोम्बियाको विशाल क्षेत्रमा ठूलो जनधनको क्षति पुर्‍याएको थियो। अधिकारीहरूका अनुसार भूकम्पका कारण कम्तीमा २ सय ८७ जनाको मृत्यु भएको छ भने २६ हजारभन्दा बढी घरहरू ध्वस्त भएका छन्। सरकारले १ सय ९४ जना अझै बेपत्ता रहेको बताएको छ भने अन्य नागरिक सञ्चालित तथ्यांकले यो संख्या ४ हजारभन्दा बढी रहेको देखाएको छ।

भूकम्पको केन्द्रविन्दु चोको प्रान्त कोलोम्बियाको सबैभन्दा गरिब क्षेत्रहरूमध्ये एक हो। भूकम्पका कारण त्यहाँका कम्तीमा ३ हजार १ सय घरहरू ध्वस्त भएका छन् भने २ सय ६५ भन्दा बढी शैक्षिक संस्था प्रभावित भएका छन्। सरकारी अधिकारीहरूका अनुसार यस दुर्गम प्रान्तमा सञ्चार र यातायातको राम्रो सुविधा नभएका कारण सहायता टोलीहरूलाई क्षति पुगेको आकलन गर्नसमेत कठिन भइरहेको छ।

> जबसम्म प्रत्येक कोलोम्बियन सामान्य जीवनमा फर्कन सक्दैनन् र सबै बालबालिका आफ्ना विद्यालयमा फर्किन सक्दैनन्, तबसम्म हाम्रो प्रयास जारी रहनेछ, उनीहरूलाई अलपत्र छाड्ने छैनौं
> ● शाकिरा



# ट्रम्पले दिए ओमानलाई बमले उडाइदिने चेतावनी

### हर्मुज जलमार्ग खुलाउने विषयमा इरान र ओमानबीच सहमति नजिक पुगेपछि चिढिएका ट्रम्पले दिए धम्की

**एपी** (वासिङ्गटन डीसी)

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले इरानसँगको वार्तामा बाधा पुर्‍याएमा ओमानलाई बमले उडाइदिने चेतावनी दिएका छन्। फक्स न्युजको एक रिपोर्टका अनुसार, राष्ट्रपति ट्रम्पले सोमबार एक फोन कलका क्रममा उक्त टिप्पणी गरेका हुन्।

इरानी अधिकारीहरूका अनुसार, हर्मुज जलमार्गबाट जहाजहरूको आवागमनलाई व्यवस्थित गर्ने विषयमा ओमानसँगको सम्झौतालाई अन्तिम रूप दिने तयारी भइरहेको छ। इरान र ओमानबीच हर्मुज जलमार्ग खुलाउने विषयमा सहमति नजिक पुगेको इरानको विदेश मन्त्रालयले जनाएको छ। मन्त्रालयका प्रवक्ता इस्माइल बागाईले ट्रान्जिट रुटको नक्साका सम्बन्धमा सहमति बनेको जानकारी दिएका छन्।

फक्स न्युजसँगको अन्तर्वार्तामा ट्रम्पले




चेतावनी दिँदै भनेका छन्, 'यदि ओमानले यसमा बाधा पुर्‍याउँछ भने हामी उसमाथि बमबारी गरेर तहसनहस पार्दिनेछौं।' ट्रम्पले आफूलाई युद्ध अन्त्य गर्न कुनै हतार नभएको र अमेरिकासँग पर्याप्त सैन्य सामग्री रहेको दाबीसमेत गरेका छन्। ओमानले भने यस द्वन्द्वमा आफू तटस्थ रहेको बताउँदै आएको छ।

सोही कुराकानीका क्रममा ट्रम्पले अमेरिकाको इरानी इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आईआरजीसी) सँग सीधा सम्पर्कमा रहेको दाबीसमेत गरेका छन्। यद्यपि, आईआरजीसीले भने अमेरिकाको यस्तो दाबीलाई ठाडै अस्वीकार गरेको छ। आईआरजीसीका प्रवक्ताले इरानी समाचार संस्था तस्निम न्युज एजेन्सीसँग कुरा गर्दै ट्रम्पको दाबी खारेज गरेका छन्। उनले आईआरजीसी र अमेरिकाबीच कुनै किसिमको कुराकानी नभएको स्पष्ट पार्दै ट्रम्पको अभिव्यक्तिलाई युद्धमा बेहोरेको हार र भ्रमको उपज भनेका छन्।

गत फेब्रुअरीमा अमेरिका र इजरायलको आक्रमणपछि इरानले उक्त रणनीतिक जलमार्गलाई लगभग पूर्ण रूपमा बन्द गरेको थियो, जहाँबाट विश्वको करिब २० प्रतिशत तेल तथा प्राकृतिक ग्यासको परिवहन हुने गर्छ।

## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** — समयानुसार सबै कुरा मिल्दै जानेछन्। जता जाँदा पनि राम्रो स्वागत सत्कार पाइनेछ। मिष्ठान्न भोजनको योग छ।

**वृष** — गरेको काममा अपेक्षित सफलता मिल्नेछ। आर्थिक पक्ष सुदृढ रहनेछ। रिस गर्नेहरू आफैं तर्किन थाल्नेछन्।

**मिथुन** — ससाना कुराले अल्झाउन सक्छ। सकेसम्म प्राथमिकतामा जोड दिइनेछ। घरमा कसैको आगमन हुन सक्छ।

**कर्कट** — काम गर्दा अलमल हुन सक्छ। परेको खण्डमा सम्बन्धित व्यक्ति वा निकायसित सोध्नुपर्ला। जसरी पनि काम सक्न लागिपरिनेछ।

**सिंह** — काम गर्ने जाँगर बढ्नेछ। मनपर्दो क्रियाकलापमा समय दिइनेछ। विविध कुराले गर्दा मन प्रसन्न रहनेछ।

**कन्या** — कसैलाई तपाईंको साथको आवश्यकता पर्न सक्छ। कुनै कामविशेषले केही खर्च गर्नुपर्ला। समयावस्था विचारेर आफूलाई प्रस्तुत गरिनेछ।

**तुला** — व्यक्तिगत काममा सफलता मिल्नेछ। आफ्नो खुसीका लागि केही खर्च हुन सक्छ। समग्रमा दिन राम्रै रहनेछ।

**वृश्चिक** — कसैसित कुनै कुरामा छलफल हुन सक्छ। आफ्नै सुझबुझले काम गर्नुपर्ने बेला छ। कसैको लहैलहैमा नलागेकै ठीक रहनेछ।

**धनु** — समयले साथ दिँदै जानेछ। प्रायः सबै काम आफ्नै अनुकूलतामा सम्पन्न हुनेछन्। सोचेअनुसार काम गर्न पाउँदा मन खुसी हुनेछ।

**मकर** — कार्यक्षेत्रबाट राम्रो सद्भाव पाइनेछ। आर्थिक पक्ष सुदृढ रहनेछ। क्रमशः सबै कुरा मिल्दै जानेछन्।

**कुम्भ** — पारिवारिक कुरामा जोड दिइनेछ। आफ्नो जिम्मेवारीमा अडिग भइनेछ। मिलेसम्म आफूनिम्ति पनि केही समय छुट्याइनेछ।

**मीन** — मन एकाग्र नहुँदा काममा ढिलाइ हुन सक्छ। कुनै कुराले गर्दा मनमा झर्को लाग्न सक्छ। शान्त र धैर्यपूर्वक काम गर्नुपर्ने बेला छ।


## वर्गीकृत विज्ञापन

**घर जग्गा**

धुम्बाराही एरियामा ०-७-१-१ जग्गा घरसहित बिक्रीमा ९८५१०४५८४१

भक्तपुरभित्र मात्र घरजग्गा खरिदबिक्री तथा भाडामा लगाउनु परेमा सम्पर्कः ९७६४६४३१३९

चाबेल रिङरोडमा साउकोसाउ व्यापारिकघर 9811838003

टुक्रा जग्गाहरू बेच्नु परेमा 9846662001

काठमाडौं बिशालनगरमा ०-६-०-० जग्गाबिक्रिमा, 9841420589

**सम्पर्क**

बैंकमा Cashdeposit धितोफुकुवा गर्नुपरेमा ९८०१०४५२१८

धितोफुकुवा, बैकलोन, चाहिएमा 9851065811, 9841007757

**निर्माण सफाई**

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851109635

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851253840

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9849759072

ठुलोगाडीबाट सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८१०१२७२५१

ठुलोगाडीबाट सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८५१२७३१७६

ढलटवाइलेट मंगल जामखोल्ने 500/- 9841176292

**भाडामा**

१५-१६,कोठाको २-३,वटा मोटर पार्किङ्गमिल्ने भवन चाहियो सम्पर्कः हेमन्त ९७४५३६५४५२

**चाहियो**

सेल्सम्यान र ड्राइभर चाहियो ९८५११७३०७३, ९८६८६८६६९५

हेल्पर आवश्यक खानबस्न व्यवस्था ९८४००५७४२६

वेटर महिला-१, पुरुष-१ 9841858585

कफीशपमा लेडिज-२, १५०००/- खानबस्न खाजा भत्ता २००/- ९८६९७५४०६२

म:म: हेल्पर खानेबस्ने सुविधा ९८०३३०९५०४

हेल्पर, भांडामाझ्ने खानबस्नसहित १६,०००।-, वेलकम रेष्टुरेन्ट, शंखमूलरोड ९८४१६१९८९७

बालाजु औद्योगिक क्षेत्रस्थित इन्जिनियरिङ्ग वर्कसपको लागि वेल्डीङ्ग मिस्त्री -२ हेल्पर -२ चाहियो ९८५१०३०८७९

न्यूरो हस्पिटल क्यान्टिन बाँसबारीको लागि अनुभवी वेटर -४ चाहियो खानेबस्ने सुविधा तलब १८०००/- ९८५१०८१७३०

तिनकुने होटेललाई भांडामाझ्ने चाहियो ९८१३८०२९९७

**बिहावारी**

विश्वको जुनसुकै कुनामा भए पनि उपयुक्त बर वा बधुको लागि www.nrnmatch.com, 9842981178

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४५९३५३१, ९८५११७८८३० |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांबसपार्क | ९८५१०२४३९८, ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |

| | | |
|---|---|---|
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ |
| सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |

| | | |
|---|---|---|
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत विज्ञापन** साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-

सम्पर्क नं. ५१९२०१४, ५१९२०१०, Ext. १०१४ Email: mktclassified@kmg.com.np

* मु.ऊ.क. बाहेक

| विदेशी मूद्रा | |
|---|---|
| अमेरिकी डलर | १५३.२७ |
| युरो | १७७.७२ |
| पाउन्ड स्टर्लिङ | २०७.८१ |
| अस्ट्रेलियन डलर | १०९.२० |
| कतारी रियाल | ४२.०५ |

राष्ट्र बैंकको आधारमा

सुन
रू. ३,०६,८००

चाँदी
रू. ४,७५५

# नेपालीका लागि भारतमा किन चल्दैन क्यूआर ?

## नेपालीका लागि भारतमा पनि छिट्टै क्यूआर सञ्चालन हुने 'एनपीसीआई इन्टरनेसनल' का प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत रितेश शुक्लाको भनाइ

**सजना बराल** (काठमाडौं)

नेपाल भ्रमणमा आउने भारतीय पर्यटकले चन्द्रागिरि हिल्स, मनकामना मन्दिर र पशुपतिनाथ मन्दिरजस्ता प्रमुख पर्यटकीय तथा धार्मिकस्थलमा क्यूआरबाटै भुक्तानी गरिरहेका छन् । यो साता नेपाल आएका भारतीय डिजिटल भुक्तानी नेटवर्क एनपीसीआईका प्रमुख रितेश शुक्लाले पशुपतिनाथ मन्दिरमा क्यूआर स्क्यान गरी दान गरेको अनुभव सुनाए । उनले आफ्नो गुगल पे एपमार्फत भारतीय बैंक खाताबाट सिधै मन्दिरको खातामा रकम स्थानान्तरण गरेका थिए । तर, नेपालीले भारतका मठमन्दिर, पसल, अस्पताल, होटल वा ट्याक्सीमा क्यूआर स्क्यान गरेर भुक्तानी गर्न पाइरहेका छैनन् । नेपाल र भारतबीच सीमापार डिजिटल भुक्तानी प्रणाली सुरु भएको दुई वर्षभन्दा बढी भइसक्दा पनि नेपालीका लागि भारतमा क्यूआरमा आधारित भुक्तानी उपलब्ध हुन सकेको छैन । यसले गर्दा नेपालीहरूले किनमेल, होटल बुकिङ र औषधोपचारमा जाँदा नगद नै बोक्नुपर्ने बाध्यता छ ।




नेपालको भुक्तानी प्रणालीसँग प्राविधिक एकीकरण गरेको भारतीय डिजिटल भुक्तानी नेटवर्क 'एनपीसीआई इन्टरनेसनल' का प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत शुक्लाले नेपालीका लागि पनि यो सेवा छिट्टै सञ्चालनमा आउने बताए । उनका अनुसार भारतीयले नेपालमा भुक्तानी गर्ने काम पहिलो चरणको योजना थियो । नेपालीले भारतमा भुक्तानी गर्ने व्यवस्था दोस्रो चरणको योजना हो र यसका लागि आवश्यक तयारी तीव्र रूपमा भइरहेको छ ।

शुक्लाले दुई देशबीचको भुक्तानी प्रणाली सुरक्षित र भरपर्दो बनाउन केही समय लागेको स्पष्ट पारेका छन् । भारतमा व्यापारीहरूको संख्या निकै ठूलो भएकाले प्राविधिक व्यवस्थापनमा केही ढिलाइ भएको उनको भनाइ छ । 'नेपालमा हाल करिब २० लाख व्यापारी मात्र डिजिटल भुक्तानी प्रणालीमा आबद्ध छन्, यसको विपरीत भारतमा ६ करोडभन्दा बढी व्यापारी रहेकाले सबैलाई यस प्रणालीमा आबद्ध गराउन समय लागेको हो,' उनले भने ।

शुक्लाले हतारमा अपूरो काम गरेर प्रयोगकर्तालाई खराब अनुभव दिन नखोजेको बताए । बैंक, डिजिटल वालेट र भुक्तानी स्विचका सफ्टवेयर एक-आपसमा सहज रूपमा जोडिएका छन् कि छैनन्, साइबर सुरक्षा र नियामकीय एवं कानुनी मापदण्डसँगै कारोबार क्षमता र राफसाफलगायत विषय प्रमाणित गर्ने र प्रणालीलाई बलियो बनाउने काम सावधानीपूर्वक भइरहेको उनले बताए । 'ठ्याक्कै मिति त भन्न सक्दिन तर अबको केही महिनाभित्र यो सेवा पूर्ण रूपमा सुरु हुनेछ,' उनले भने ।

नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसीएचएल) का प्रमुख कार्यकारी अधिकृत निलेशमान सिंह प्रधानले पनि क्यूआरको हकमा दुई पक्षबीचको साझेदारी भर्खरै मात्र सुरु भएको र यसलाई सञ्चालनमा ल्याउन काम भइरहेको बताए । 'क्यूआर सेवा तत्काल उपलब्ध नभए पनि भारत यात्रा गर्ने नेपालीका लागि डिजिटल भुक्तानीको विकल्प खुला छ,' उनले भने, 'भारतमा नेपाली बैंकहरूले जारी गरेका डेबिट कार्डहरू सहजै चल्छन् ।'

भारत भ्रमण गर्ने नेपालीका लागि हाल डेबिट र क्रेडिट कार्डहरू मात्र डिजिटल विकल्पका रूपमा उपलब्ध छन् । भिसा, मास्टरकार्ड र नेपालको आफ्नै 'नेपाल पे' कार्ड भारतका व्यापारिक प्रतिष्ठानहरूमा स्वीकार गरिन्छ । तर साना पसल, स्थानीय यातायात वा खुद्रा व्यापारमा कार्डको प्रयोग व्यावहारिक नहुने भएकाले क्यूआर भुक्तानी नै उपयुक्त माध्यम मानिन्छ । दुई महिनाअघि मात्रै नेपाल र भारतबीच व्यक्ति-देखि-व्यक्ति (पी-टु-पी) लाई रकम पठाउने डिजिटल रेमिट्यान्स सेवा भने सञ्चालनमा आइसकेको छ । यस अवधिमा करिब ५ करोड रुपैयाँ कारोबार भइसकेको सीईओ प्रधानले जानकारी दिए ।

नेपाली र भारतीय भुक्तानी प्रणालीबीचको मुख्य समस्या सेवा शुल्कको मोडलमा रहेको जानकारहरू औंल्याउँछन् । नेपालमा क्यूआर कोडबाट भुक्तानी गर्दा व्यवसायीहरूले १.३ देखि २ प्रतिशतसम्म कारोबार शुल्क तिर्नुपर्छ । भारतमा युनिफाइड पेमेन्ट्स इन्टरफेस (यूपीआई) मार्फत गरिने कारोबारहरू व्यवसायी र ग्राहक दुवैका लागि पूर्ण रूपमा निःशुल्क छन् । नेपालीले भारतमा क्यूआर प्रयोग गर्दा लाग्ने प्रक्रियागत शुल्क कसले बेहोर्ने भन्ने विषयमा अझै सहमति जुट्न नसकेको कतिपयको बुझाइ छ ।

अर्कोतर्फ, नेपालमा भारतीय नागरिकले क्यूआर भुक्तानी गर्ने क्रम भने तीव्र रूपमा बढिरहेको छ । भारतीयहरूले नेपालका सुपरमार्केट, होटल र पर्यटकीय स्थलहरूमा यसको सबैभन्दा बढी प्रयोग गर्ने गरेका छन् । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार सीमापार क्यूआर भुक्तानीबाट नेपालमा उल्लेख्य विदेशी मुद्रा भित्रिन थालेको छ । आर्थिक वर्ष २०८१/८२ को असारमा मात्र नेपालले क्रस-बोर्डर क्यूआर एक्वाइरिङमार्फत १३ अर्ब रुपैयाँ प्राप्त गरेको छ । यस महिनामा कुल ४ लाख ६१ हजार १ सय ४९ वटा कारोबार भएका थिए ।

शुक्लाका अनुसार डिजिटल भुक्तानीले साना व्यवसायीहरूको कार्यक्षमता बढाउन ठूलो मद्दत पुर्‍याउँछ । चिया पसल, खुद्रा व्यापारी वा होटलहरूमा नगद भुक्तानी गर्दा खुद्रा पैसा फिर्ता गर्नुपर्ने र हिसाब राख्नुपर्ने झन्झट हुन्छ । यसले गर्दा एउटै ग्राहकलाई सेवा दिन धेरै समय लाग्छ । क्यूआर भुक्तानीका कारण ग्राहकको समय व्यवस्थापन प्रभावकारी हुने र व्यापारमा वृद्धि हुने उनले बताए ।

# पाँच वर्षमा २ खर्ब ३८ अर्बको कृषि बिमा, बाली बिमामा न्यून आकर्षण

## कृषि बिमामा संकलन भएको ८ अर्ब ३० करोड ९१ लाख बिमा शुल्कमध्ये सरकारी अनुदान ६ अर्ब ५० करोड ९६ लाख र किसानद्वारा १ अर्ब ७३ करोड ४९ लाख भुक्तानी

**प्रकृति दाहाल** (काठमाडौं)

पछिल्लो पाँच वर्षमा २ खर्ब ३८ अर्ब रुपैयाँ बराबर (बिमांक) को कृषि बिमा भएको छ । यो आर्थिक वर्ष २०७८/७९ देखि गत आर्थिक वर्षसम्मको कृषि बिमाको तथ्यांक हो । सो अवधिमा ७ लाख ४ हजार ८ सय ६४ कृषि बिमालेख जारी भएका थिए । जसमा ८ अर्ब ३० करोड ९१ लाख रुपैयाँ बराबरको बिमा शुल्क (प्रिमियम) संकलन भएको छ । उक्त प्रिमियममध्ये ६ अर्ब ५० करोड ९६ लाख रुपैयाँ सरकारले अनुदान दिएको छ भने बाँकी १ अर्ब ७३ करोड ४९ लाख रुपैयाँ कृषकले भुक्तानी गरेका छन् ।



फाइल तस्बिर : कान्तिपुर

यस्तै, गएको पाँच वर्षको अवधिमा १ लाख ३९ हजार ७ सय २४ वटा आवेदन (दाबी) बाट ७ अर्ब ७३ करोड ६० लाख रुपैयाँ बराबरको बिमा भुक्तानी भएको कृषि मन्त्रालयको तथ्यांक छ । नेपालमा कृषि बिमा कारोबार विस्तार हुँदै गए पनि यसको लाभ बाली उत्पादन गर्ने किसानसम्म भने अपेक्षाकृत पुग्न नसकेको जानकारहरू बताउँछन् । पछिल्ला पाँच वर्षमा कृषि बिमाअन्तर्गत ७ लाखभन्दा बढी बिमालेख जारी भएर २ खर्ब ३८ अर्ब रुपैयाँको बिमांक कायम भए पनि कृषि बिमाको ठूलो हिस्सा बालीमा नभई पशुधन तथा मत्स्यतर्फ केन्द्रित रहेको उनीहरूको भनाइ छ । तथ्यांकले पशुधन तथा मत्स्य बिमामा किसानको आकर्षण बढ्दै जाँदा बाली बिमा भने सीमित संख्यामै रहेको देखाएको छ ।

२०७८/७९ देखि २०८२/८३ सम्मको तथ्यांकअनुसार यस अवधिमा कुल ७ लाख ४ हजार ८ सय ६४ बिमालेख जारी भएको हुँदा पशुधन तथा मत्स्य बिमा बाली बिमाभन्दा करिब २३ प्रतिशतले बढी छ । कृषि मन्त्रालयको तथ्यांकअनुसार २०७८/७९ मा बाली बिमा ७ हजार २ सय ५४ छ भने पशुधन तथा मत्स्य बिमा २४ हजार २ सय ६६ रहेको छ । आर्थिक वर्ष २०७९/८० मा बाली बिमा ८ हजार १ सय ७८ हुँदा पशुधन तथा मत्स्य बिमा १ लाख ८० हजार ७ सय १५ रहेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा बाली बिमा ९ हजार ७ सय ३० छ भने पशुधन तथा मत्स्य बिमा १ लाख ४६ हजार ३ सय ९४ कायम छ । त्यस्तै आर्थिक वर्ष २०८१/८२ मा बाली बिमा १ हजार ६ सय ७७ मात्रै हुँदा पशुधन तथा मत्स्य बिमा १ लाख ६० हजार ३ सय ३२ पुगेको छ । आर्थिक वर्ष २०८२/८३ मा बाली बिमा २ हजार १ सय ७ छ भने पशुधन तथा मत्स्य बिमा १ लाख ६४ हजार २ सय ११ छ ।

हाल कृषि बिमामा २०८३ साउनबाट लागू हुने कार्यविधिमा १ करोडसम्म बिमांकमा ८० प्रतिशत र १ करोडभन्दा माथिको बिमांकमा ५० प्रतिशत अनुदान दिने व्यवस्था गरिएको छ । कुनै किसानले आफूले पालेका पशु वा खेती गरिरहेको बालीको बिमा गर्न चाहे १ लाख रुपैयाँ बिमा शुल्क तोकिएको छ भने किसानले २० हजार रुपैयाँ मात्रै तिरे पुग्छ । कृषि, पशुपन्छी तथा जडीबुटी बिमालेखमा अदुवा, अलैंची, आँप, दलहन बाली लगायतका गरी २७ कृषि उपजको बिमाको व्यवस्था छ भने पशुपन्छी बिमामा भने पन्छी, बंगुर, माछा लगायतका ६ प्रकारमा बिमा गर्न सकिने व्यवस्था छ । कृषकलाई असिना, बाढी, पहिरो, खडेरी, आगलागी तथा पशुपन्छीमा देखिने महामारीबाट हुने क्षतिबाट जोगाउने र कृषि क्षेत्रमा लगानीका लागि प्रोत्साहित गर्ने उद्देश्यले कृषि बिमा कार्यक्रम सञ्चालन हुँदै आएको छ तर समयमा अनुदानको रकम किसानको पहुँचसम्म नपुग्ने गुनासा बढ्दै गइरहेका छन् ।

पशु तथा बाली बिमाको भुक्तानी प्रक्रियामा विविध समस्या देखिएको कृषि मन्त्रालयका सहसचिव तथा इन्जिनियर जगन्नाथ तिवारीले बताए । गत साता बिमासम्बन्धी प्रशिक्षण

> **महामारीबाट हुने क्षतिबाट जोगाउने र कृषि क्षेत्रमा लगानीका लागि प्रोत्साहित गर्ने उद्देश्यले कृषि बिमा कार्यक्रम सञ्चालन हुँदै आएको छ**

कार्यक्रममा उनले अनुगमनका क्रममा बिमामा तोकिएभन्दा बढी बिमाशुल्क लिने, एउटै पशुको बिमांक वर्षअनुसार फरक राख्ने, बिमालेखका प्राविधिक सर्तविपरीत बिमा गर्ने तथा सरकारले सिफारिस नगरेका पशु र बालीको समेत बिमा गर्ने समस्या देखिएको जानकारी दिएका थिए । 'बैंक कर्जा भएका फर्ममा बढी बिमांक राख्ने, जोखिम सुरु भएको मिति र बिमालेख जारी मिति फरक पार्ने, एक जनाको दुर्घटना बिमा गरी सामूहिक बिमालेख जारी गर्ने,' उनले भने, 'प्रत्येक पशुको छुट्टाछुट्टै फोटो र भिडियो नराखी सामूहिक फोटो-भिडियो राख्ने गरेको पाइएको छ ।' साथै उनले कृषि, पशुपन्छी तथा जडीबुटी बिमालाई प्रभावकारी बनाउन अनुदान तथा प्रिमियम दर पुनरावलोकन, प्रदेश र स्थानीय तहसँग समन्वय तथा बिमा प्रक्रिया सरलीकरण गर्ने आवश्यकता रहेको बताए । अनुदान रकममा बेरुजु घटाउन किसानको फार्मको संयुक्त निरीक्षण तथा अनुगमन गर्नुपर्ने र किसान, प्राविधिक तथा बिमकबीच हुने असमझदारी हटाउन बिमांक निर्धारणको स्पष्ट व्यवस्था गर्नुपर्ने उनको सुझाव छ ।

राष्ट्रिय कृषक समूह महासंघका कोषाध्यक्ष शशिराम आचार्यले कृषि बिमा लागत मूल्यमा नभई उत्पादन मूल्यका आधारमा लागू गरिए किसानलाई बिमातर्फ आकर्षित गर्न सकिने बताए । लागत मूल्यका आधारमा बिमा गर्दा किसानले पाउने क्षतिपूर्ति कम हुने भएकाले उनीहरू उत्साहित हुन नसकेको उनको भनाइ छ । 'कृषि बिमाबारे किसानमा पर्याप्त जागरुकता र सूचना अभाव छ,' उनले भने, 'बिमा गर्दा एउटा कुरा हुन्छ, तर क्षति भएपछि दाबी भुक्तानीका लागि विभिन्न झन्झट दिने, आलटाल गर्ने र महिनौंसम्म भुलाउने प्रवृत्ति देखिन्छ ।' यसले गर्दा बिमा झन्झट हुन्छ भने आम किसानको बुझाइ छ । उनले दुर्गम तथा टाढाका क्षेत्रमा पशु बिमा गर्न अभिकर्ता पुग्दा लागतसमेत नउठ्ने अवस्था रहेको बताए । 'सरकारले पशु बिमामा ८० प्रतिशतसम्म अनुदान उपलब्ध गराएको छ,' उनले भने, 'टाढाबाट एउटा भैंसीको बिमा गर्न अभिकर्ता आउँदा उसको आउने-जाने खर्चसमेत नउठ्ने अवस्था भएकाले पनि प्रभावकारी हुन सकेको छैन ।' कृषि बिमालाई प्रभावकारी बनाउन बिमा कम्पनीलाई थप जवाफदेही र उत्तरदायी बनाउनुपर्ने आचार्यको भनाइ छ । साथै, किसानलाई बिमासम्बन्धी जानकारी दिन स्थानीय तहदेखि नै सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने उनले बताए ।

# सौर्य विद्युत् आयोजनाको 'कोअर्डिनेट्स' संशोधन गर्न निजी क्षेत्रको माग

## आयोजनास्थलको निश्चित ठाउँ वा विन्दुको यकिन, निर्माणस्थलको नक्सांकन र सूर्यको अधिकतम प्रकाश पर्ने ठाउँको छनोटमा 'कोअर्डिनेट्स' आवश्यक

**सीमा तामाङ** (काठमाडौं)

सौर्य विद्युत् आयोजनाको सर्वेक्षण अनुमतिपत्रमा उल्लेख गरिएका आयोजना क्षेत्र (कोअर्डिनेट्स) परिवर्तन गर्न नपाउँदा अधिकांश आयोजनाको निर्माण अवरुद्ध भएको प्रवर्द्धकहरूले बताएका छन् । कोअर्डिनेट्स संशोधन गर्न नपाउँदा समग्र सौर्य ऊर्जा उत्पादनमा असर परेको उनीहरूको भनाइ छ । सौर्य विद्युत् आयोजना निर्माणमा भौगोलिक कोअर्डिनेट्स (अक्षांश र देशान्तर) निर्णायक मानिन्छ । यसले आयोजनास्थलको निश्चित ठाउँ वा विन्दुको यकिन, निर्माणस्थलको नक्सांकन र सूर्यको अधिकतम प्रकाश पर्ने ठाउँको छनोटमा सहयोग पुर्‍याउँछ ।

आयोजना विकासका क्रममा पहिचान गरिएको क्षेत्रभन्दा फरक स्थान उपयुक्त देखिएपछि कोअर्डिनेट्स संशोधन गर्नुपर्ने अवस्था आएको उनीहरूको भनाइ छ । प्रवर्द्धकहरूले गत चैतमै सर्वेक्षण अनुमतिपत्रमा तोकिएको कोअर्डिनेट्स संशोधन गरिदिन माग गरेको हो । वैशाख पहिलो साता विद्युत् विकास विभागले नेपाल विद्युत् प्राधिकरणलाई सौर्य विद्युत् आयोजनाहरूको सर्वेक्षण अनुमतिपत्रमा क्षेत्र संशोधनबारे राय/परामर्शसमेत मागेको थियो ।

प्राधिकरणले पेस गरिएको सर्वेक्षण उत्पादन अनुमतिपत्रमा आयोजना जोडिने प्राधिकरणको सबस्टेसन परिवर्तन नहुने गरी विभागबाट नियमानुसार निर्धारित आयोजना निर्माण क्षेत्र संशोधन भएमा संशोधनको कारण बुझी पीपीएमा आवश्यक संशोधनसम्बन्धी प्रक्रिया अघि बढाइने राय दिएको थियो । विभागले १९ असारमा पूर्ण रूपमा नयाँ क्षेत्र प्रस्ताव गरिएका सौर्य आयोजनाको कोअर्डिनेट्स संशोधन गर्न नसकिने भन्दै आयोजनाहरूलाई पत्र काटेको थियो ।

प्राधिकरणको खरिद दरमा आधारित प्रतिस्पर्धात्मक बोलपत्रअन्तर्गत छनोट भएका प्रवर्द्धकहरूले लेटर अफ अवार्ड पाएको ९० दिनभित्र सर्वेक्षण अनुमतिपत्र प्राप्त गर्नुपर्ने र सोही अनुमतिपत्रका आधारमा विद्युत् खरिद-बिक्री सम्झौता (पीपीए) सम्पन्न गर्नुपर्छ । यसकारण सीमित समयभित्र जग्गाको प्रारम्भिक पहिचान गरी सर्वेक्षण अनुमतिपत्रका लागि निवेदन दिनुपरेको प्रवर्द्धकहरू बताउँछन् ।

तर आयोजना विकासका क्रममा विस्तृत अध्ययन, जग्गा उपलब्धता, जग्गाधनीसँगको सहमति, पहुँच तथा प्राविधिक र व्यावसायिक उपयुक्तताको मूल्यांकन गर्दा प्रारम्भिक रूपमा पहिचान गरिएको जग्गाभन्दा फरक स्थान उपयुक्त देखिने हुन्छ । यसरी धेरै आयोजनाको सर्वेक्षण अनुमतिपत्रमा उल्लेखित क्षेत्रसमेत संशोधन गर्नुपर्ने अवस्था आएको प्रवर्द्धकको भनाइ छ ।

प्रवर्द्धकहरूले आयोजना क्षेत्र परिवर्तन गर्दा जग्गा वा प्राकृतिक स्रोतको थप उपयोग नहुने, सरकारलाई प्राप्त हुने राजस्वमा कुनै असर नपर्ने, अन्य आयोजनामा प्रतिकूल असर नपर्ने तथा प्राधिकरणसँग प्रतिस्पर्धामार्फत तय भएको विद्युत् आपूर्तिको सर्तमा समेत कुनै परिवर्तन वा असर नपर्ने बताएका छन् । उनीहरूका अनुसार पीपीए दर र विद्युत् उपलब्ध गराउनुपर्ने तोकिएको सबस्टेसनसमेत परिवर्तन नहुने भएकाले आयोजना क्षेत्रको संशोधनले प्रतिस्पर्धामा कुनै असर नपर्ने उनीहरू बताउँछन् । कोअर्डिनेट्स संशोधन गर्न नदिँदा करिब ४ सय मेगावाट क्षमताका २५ भन्दा बढी आयोजना तथा त्यसमा भएको लगानी जोखिममा परेको प्रवर्द्धकहरूको दाबी छ । ऊर्जा प्रवर्द्धकहरूले विद्युत् नियमावली, २०५० को नियम ८ लाई आधार देखाउँदै सर्वेक्षण अनुमतिपत्र लिइसकेका आयोजनाको सर्वेक्षण क्षेत्र अर्थात् सौर्य आयोजना निर्माण क्षेत्रको कोअर्डिनेट्स संशोधन गर्न माग गरेका हुन् ।

विद्युत् नियमावली, २०५० को नियम ८ को उपनियम १ मा महानिर्देशकले आवश्यक जाँचबुझ गरी अनुमति दिन मनासिब देखे मागअनुसार वा आवश्यक भए संशोधनसमेत गरी विद्युत् उत्पादन, प्रसारण वा वितरणको सर्वेक्षण अनुमतिपत्र दिनुपर्छ ।



तर विभागले पूर्णरूपमा नयाँ क्षेत्र प्रस्ताव गरिएको अवस्थामा त्यसलाई विद्यमान सर्वेक्षण अनुमतिपत्रको संशोधनका रूपमा लिन नसकिने जनाएको छ ।

विद्युत् आयोजनाको अनुमतिपत्रसम्बन्धी निर्देशिका, २०७५ (पाँचौं संशोधनसहित) को दफा १५ को उपदफा २ मा भने सर्वेक्षण अनुमतिपत्र प्राप्त प्रवर्द्धकले आयोजनाको क्षमता, प्रारूप, संरचना, एलाइनमेन्ट, स्रोत, सर्वेक्षण क्षेत्र, गाउँपालिका, नगरपालिका, सर्त तथा प्रक्रियालगायतका विषयमा थपघट वा संरचना स्थानान्तरण गर्न चाहेमा विभागमा निवेदन दिन सक्ने व्यवस्था छ ।

प्रवर्द्धकहरूले भने सौर्य आयोजनाको प्रकृतिअनुसार स्पष्ट नीतिगत तथा प्रक्रियागत सहजीकरण गरिदिन विभागसँग माग गरेका छन् । उनीहरूले ग्रिड कनेक्टेड वैकल्पिक विद्युत् विकाससम्बन्धी कार्यविधि, २०७८ मार्फत नीतिगत सहजीकरण गर्न आग्रह गरेका हुन् । उक्त कार्यविधिले उत्पादन तथा प्रसारण अनुमतिसम्बन्धी व्यवस्था गरेको छ । कार्यविधिअनुसार अनुमतिपत्रको अवधि २५ वर्ष, अनुमति प्राप्त गरेको ६ महिनाभित्र निर्माण सुरु, २ वर्षभित्र निर्माण सम्पन्न गरिसक्नुपर्ने व्यवस्था छ । तर आयोजना क्षेत्र संशोधनसम्बन्धी कुनै व्यवस्था छैन । प्रवर्द्धकहरूले भने पीपीए भइसकेका आयोजनाका हकमा आयोजना क्षेत्र परिवर्तन गर्न सकिने व्यवस्था गर्न माग गरेका छन् । तर पीपीएमा उल्लेख भएको ग्रिड जडान सबस्टेसन विन्दु परिवर्तन गर्न भने नपाइने व्यवस्था गर्नुपर्ने उनीहरूले सुझाव छ ।

> **विद्युत् विकास विभागले १९ असारमा पूर्ण रूपमा नयाँ क्षेत्र प्रस्ताव गरिएका सौर्य आयोजनाको कोअर्डिनेट्स संशोधन गर्न नसकिने भन्दै आयोजनापिच्छे पत्र काटेको थियो**

सोलार फार्म लिमिटेडका जनरल म्यानेजर गौरव पौडेलले पीपीए प्रक्रियामा रहेका तीन वटा आयोजनाको आयोजना क्षेत्र संशोधन गर्नुपर्ने अवस्था रहेको बताएका छन् । 'दुई वटा आयोजनामा पहिले तोकिएको कोअर्डिनेट्ससँग ओभरल्याप हुने गरी संशोधन गर्दा खासै समस्या नहुने अवस्था छ । तर एउटाको हकमा भने तोकिएको क्षेत्रभित्रै खोला, राजमार्गलगायतका संरचना पर्ने भएकाले आयोजना निर्माण गर्न नसकिने अवस्था छ,' उनले भने ।

कम्पनीले तोकिएको कोअर्डिनेट्सभन्दा करिब एक-डेढ किलोमिटरको दूरीमा आयोजना निर्माणका लागि उपयुक्त जग्गा रहेकाले पूर्णरूपमा नयाँ स्थान पर्ने भएकाले सर्वेक्षण अनुमतिपत्र संशोधन गर्नुपर्ने उनले बताए । सोलार फार्मका २०, ३० र ४० मेगावाट क्षमताका तीनवटै आयोजना निर्माणका लागि करिब १५० देखि १६० बिघा जग्गा आवश्यक पर्ने पौडेलले बताए । सबस्टेसननजिकै आयोजना निर्माण गर्नुपर्ने भएकाले यस्ता क्षेत्रमा आवश्यक परिमाणमा उपयुक्त जग्गा जुटाउनु चुनौतीपूर्ण हुने उनको भनाइ छ ।

सौर्य आयोजनालाई पनि जलविद्युत् आयोजनाको आँखाबाट हेर्दा कोअर्डिनेट्स संशोधनमा अप्ठ्यारो भएको गोल्यान ग्रुपका इनर्जी बिजनेस सीईओ प्रवीन अर्यालले बताए । सबस्टेसन परिवर्तन नगर्ने तर व्यावहारिक समस्या भएकाले पुरानै जग्गा छोएमा कोअर्डिनेट्स संशोधन गर्दा कुनै समस्या नहुनु पर्ने उनी बताउँछन् । 'परासीस्थित हाम्रो आयोजनाको पनि कोअर्डिनेट्स संशोधन गर्न विभागमा निवेदन दिइसकेका छौं,' उनले भने, 'विभागले समस्या समाधान गरिदिन्छ भन्ने लाग्छ ।' कोअर्डिनेट्स संशोधन नहुँदा वातावरणीय अध्ययन सम्पन्न नहुने, उत्पादन अनुमतिपत्रदेखि आयोजनाका लागि सामान आयात र अन्तिममा व्यावसायिक उत्पादन मितिको लक्ष्य पनि हासिल गर्न नसक्ने अर्याल बताउँछन् ।

सौर्य विद्युत् उत्पादक संघ नेपाल (सोपान) का अध्यक्ष सन्दीप शाहले पनि केही सौर्य आयोजनामा कोअर्डिनेट्सको समस्या भइरहेको बताए । 'विभागले नयाँ क्षेत्र प्रस्ताव गरिएको भन्दै संशोधन गर्न नमिल्ने भनिसकेको छ,' उनले भने, 'कोअर्डिनेट्स परिवर्तन गर्दा सौर्य आयोजनामा खासै समस्या पर्दैन । यद्यपि, पुरानो प्रस्ताव गरिएको जग्गाको कम्तीमा ५० प्रतिशतसम्म ओभरल्याप भएका ठाउँमा संशोधन गरिदिन आग्रह गरिरहेका छौं ।'

सोपानले बोलपत्रमा आवेदन पेस गर्नुअघि नै आयोजनाका लागि आवश्यक कुल जग्गाको कम्तीमा ५० प्रतिशत, अर्थात् प्रतिमेगावाट करिब ५ हजार वर्गमिटर जग्गामा अधिकार वा पूर्वतयारी रहेको प्रमाण पेस गर्नुपर्ने व्यवस्था मिलाउनसमेत आग्रह गरेको छ । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) ले सौर्य आयोजनाको हकमा आयोजना निर्माणका क्रममा डिजाइन परिवर्तन गर्नुपर्ने अवस्थालाई समेत ध्यानमा राखी सोही सबस्टेसनमा जडान गर्न सकिने व्यवस्था गर्नुपर्ने तथा क्षमता विस्तार गर्न चाहने आयोजनालाई सहजीकरण गर्न विभागसँग माग गरेको छ । इप्पानका अध्यक्ष मोहन डाँगीले प्राधिकरणले तोकेकै सबस्टेसनमा जोड्ने तर सर्भेलाइसेन्स लिँदाको जग्गाभन्दा थोरै यताउता हुँदा कुनै समस्या नपर्ने बताए । डाँगीका अनुसार सबस्टेसन नै परिवर्तन गर्न खोजेको भए गलत हुन्थ्यो । त्यस्तो अवस्था होइन ।

नेपाल विद्युत् प्राधिकरणले हिउँदको सुक्खायाममा हुने बिजुली आयातलाई निरुत्साहित गर्ने उद्देश्यले प्रतिस्पर्धामार्फत ६३ वटा कम्पनीका ९६० मेगावाट क्षमताका सौर्य आयोजना छनोट गरी पीपीए प्रक्रिया अघि बढाएको थियो । प्राधिकरणले चैत २०८० मा प्रस्ताव आह्वान गर्दा १३४ कम्पनीबाट ३ हजार ६ सय मेगावाट क्षमताका प्रस्ताव परेका थिए ।

प्राधिकरणले प्राविधिक मापदण्डअन्तर्गत चार वटा मापदण्ड तोकेको थियो । कम्तीमा १ मेगावाट क्षमताको सौर्य आयोजना विकास र सञ्चालन गरेको अनुभव हुनुपर्ने, सौर्यबाहेक अन्य आयोजना (कम्तीमा ५ मेगावाट क्षमता) विकास र सञ्चालन गरेको हुनुपर्ने, सौर्य आयोजना विकासका लागि विभागबाट जारी उत्पादन सर्वेक्षण अनुमतिपत्र वा उत्पादन अनुमतिपत्र लिइसकेको हुनुपर्ने वा प्रतिमेगावाट कम्तीमा ०.२५ हेक्टर जग्गा उपलब्ध रहेको प्रमाण र जग्गा सिँचाइयोग्य नभएको वा निकुञ्ज/आरक्षमा नपरेको सम्बन्धित मन्त्रालय/विभागको सिफारिस पत्र बुझाउनुपर्ने व्यवस्था थियो । यी प्राविधिक मूल्यांकन र वित्तीय प्रस्तावका आधारमा सबैभन्दा कम मूल्य तथा सबस्टेसनको क्षमताका आधारमा ९६० मेगावाट आयोजना छनोट गरिएको थियो ।

प्राधिकरणले प्रतियुनिट ५ रुपैयाँ ९४ पैसा अधिकतम आधार दर तय गरेकामा छनोट भएका आयोजनामध्ये ८३५.५ मेगावाटको पीपीए भइसकेको छ भने १२४.५ मेगावाटको पीपीए हुन बाँकी छ । सर्तअनुसार १० मेगावाटभन्दा साना आयोजनाले पीपीए भएको मितिले १८ महिनाभित्र र ठूला आयोजनाले दुई वर्षभित्र विद्युत् उपलब्ध गराउनुपर्नेछ ।

# नेप्सेमा दोहोरो अंकको गिरावट

**कान्तिपुर संवाददाता** (काठमाडौं)



सेयर कारोबारमापक नेप्से परिसूचक मंगलबार १९.३४ अंकले घटेर बन्द भएको छ । अघिल्ला दुई कारोबार दिन लगातार घटेको नेप्सेले मंगलबार पनि सोही प्रवृत्ति पछ्याएको हो । यद्यपि त्यो दुई दिनको तुलनामा मंगलबार घट्ने दर बढेर दोहोरो अंकमा पुग्यो । सोमबारको तुलनामा ०.७३ प्रतिशतले घटेर नेप्से २ हजार ६ सय २२.४८ अंकमा ओर्लेको छ ।

मंगलबार कारोबारमा आएकामध्ये ५६ कम्पनीको सेयर मूल्य बढेको भने २ सय १८ कम्पनीको घट्यो र बाँकी ५ कम्पनीको भाउ स्थिर रह्यो । ५५ हजार २ सय ४६ पटकको कारोबारमा १ करोड ५१ लाख ९६ हजार ९ सय ८२ कित्ता सेयर किनबेच भएको थियो । उक्त किनबेचमा ५ अर्ब ७ करोड ३५ लाख रुपैयाँबराबरको कारोबार भएको छ । कारोबार रकम अघिल्लो दिनको तुलनामा घटेको छ । सोमबार ५ अर्ब ५२ करोड ५५ लाख रुपैयाँको कारोबार भएको थियो ।

मंगलबार कारोबारमा आएका १३ उपसमूहमध्ये व्यापारबाहेक सबैको परिसूचक ऋणात्मक बनेपछि समग्र नेप्से १९.३४ अंकले घटेको हो । व्यापार उपसमूहको परिसूचक ०.४१ प्रतिशतले बढेको छ । दोहोरो अंकले घटेको बजारमा पनि ५६ कम्पनीका सेयरधनीको सम्पत्ति मूल्य बढेको छ । त्यसमध्ये सबैभन्दा धेरै सेयर मूल्य बढ्ने प्रमुख ५ कम्पनीमा सर्वोत्तम पेन्ट्स, माउन्ट एभरेस्ट पावर, मनकामना इन्जिनियरिङ, माथिल्लो मैलुङखोला हाइड्रो र एचएलआई लार्ज क्याप फन्ड रहेका छन् ।

तर, २१८ कम्पनीका सेयरधनीको सम्पत्तिको मूल्य भने घटेको छ । त्यसमध्ये सेयर मूल्य धेरै घट्ने मुख्य ५ कम्पनीमा सगरमाथा जलविद्युत्, खानीखोला हाइड्रोपावर, सिद्धार्थ इक्विटी फन्ड, सप्तकोशी डेभलपमेन्ट बैंक र लक्ष्मी उन्नति कोष फन्ड रहेका छन् ।


## धितो लिलामी गर्ने बारे पून: ७ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८३/०५/०३ गते)**

तपशिलमा उल्लेखित ऋणी संस्थाले **लगनखेल** शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्वारा ताकेता गर्दा साथै मिति २०८१/११/०४ गते सौर्य दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना,मिति २०८१/१२/१८ गते आर्थिक अभियान दैनिक पत्रिकामा धितो लिलामी गर्ने बारे ३५ दिने सुचना र मिति २०८२/०४/०९ गते आर्थिक अभियान दैनिक पत्रिकामा धितो लिलामी गर्ने बारे १५ दिने सुचना, मिति २०८२/०५/२३ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलामी गर्ने बारे ७ दिने सुचना र मिति २०८२/०७/१९ गते अन्नपूर्ण पोष्ट दैनिक पत्रिकामा धितो लिलामी गर्ने बारे ७ दिने सुचना पुन : प्रकाशित गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि पुनः ७ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पत्ती यस बैंक आफैले गैह्र बैकिङ्ग सम्पत्तीको रुपमा सकार गरी लिने व्यहोरा समेत सम्बन्धीत सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ती लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धीत ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तीबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : युनिक बचत तथा ऋण सहकारी संस्था लि. ।**
**रजिष्टर्ड ठेगाना : ल.पु.उ.म.न.पा-०१, ललितपुर ।**
**हालको ठेगाना कुपण्डोल, ललितपुर** **दर्ता नं: ४८२/०६५/०६६**

**संचालक तथा जमानीकर्ताको विवरण**

| | |
|---|---|
| **१) नाम : मिथिला खड्का (अध्यक्ष तथा जमानीकर्ता)**<br>ससुरा : नेत्र ध्वज खड्का<br>पति : राजेन्द्र ध्वज खड्का<br>ना प्र नं. : ४३६८५, ललितपुर<br>साविक ठेगाना : दिङ्गला, भोजपुर<br>ठेगाना : ल.उ.म.न.पा-०१, ललितपुर | **२) नाम : जीबन बस्नेत (उपाध्यक्ष तथा जमानिकर्ता)**<br>बाबु : भक्त बहादुर बस्नेत<br>बाजे : रिपुमर्दन बस्नेत<br>ना.प्र.नं : ६८८४/३३०८, काठमाडौं<br>साविक ठेगाना : सिंगिया ४, काठमाडौं<br>ठेगाना : ल.उ.म.न.पा-०१, ललितपुर |
| **३) नाम : लबेन्द्र सिंह मल्ल (सचिव तथा जमानिकर्ता)**<br>बाबु : हरि बहादुर सिंह मल्ल<br>बाजे : दिप बहादुर सिंह मल्ल<br>ना.प्र.नं : ४०६२८/४२६२८, सुनसरी<br>साविक ठेगाना : सिंगिया ४, सुनसरी<br>ठेगाना : धोबिघाट, ललितपुर | **४) नाम : मनोज कुमार रावपोट्टी (कोषाध्यक्ष तथा जमानीकर्ता)**<br>बाबु : के.तिर्थन पोट्टी<br>बाजे : एस. कृष्णण पोट्टी<br>ना.प्र.नं : ६७१०२०/९३, कैलाली<br>साविक ठेगाना : धनगढी ५, कैलाली<br>ठेगाना : ल.उ.म.न.पा-०१, ललितपुर |
| **५) नाम : पदम बहादुर खड्का (संचालक तथा जमानिकर्ता)**<br>बाबु : रत्न बहादुर खड्का<br>बाजे : जंग ध्वज खड्का<br>ना.प्र.नं : ५९/२९६४, सिन्धुपाल्चोक<br>साविक ठेगाना : कालिका ९, सिन्धुपाल्चोक<br>ठेगाना : ल.उ.म.न.पा-०१, ललितपुर | **६) नाम : इसा ढकाल (संचालक )**<br>बाबु : भवानी प्रसाद दाहाल<br>पति : पेमेन्द्र पुरुष ढकाल<br>ना प्र नं. : ९४७४४, ललितपुर<br>साविक ठेगाना : ल.पु.म.न.३, ललितपुर |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**
१. श्री कृष्ण लाल उप्रेती को नाती श्री यज्ञ प्रसाद उप्रेती को छोरा काठमाडौ जिल्ला काठमाडौ गा.वि.स./न.पा वडा नं. ३२ बस्ने **लक्ष्मी प्रसाद उप्रेती** को नाममा भूमि प्रशासन कार्यालय डिल्लीबजार काठमाण्डौमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौ जिल्ला काठमाडौ गा.वि.स./ न.पा वडा नं. ३२ को कित्ता नं. ५५० को क्षेत्रफल २०८.०४ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु:**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।

(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।

(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौं रहेको **खाता नं. ००१०००१४८६६००००१** मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै लगनखेल शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।

(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ती आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, पुँजीगत लाभ कर, लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले ब्यहोर्नु पर्नेछ ।

(६) बोलपत्र दाखिला भैसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।

(७) कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।

(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणी, धितोधनीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।

(१०) लिलाम सूचना प्रकाशित मितिले ७ दिन भित्र बोलपत्र सम्बन्धित शाखा कार्यालय वा केन्द्रिय कार्यालयमा पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको शाखा कार्यालय लगनखेलमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश गर्ने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।

(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि, ऋणी र धितोधनीहरुको रोहवरमा खोलिने छ । उक्त समयमा सम्बन्धीत ऋणी तथा धितोधनीलाई समेत उपस्थीतीको लागि जानकारी गराईन्छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति, नीजको प्रतिनिधि, ऋणी तथा धितोधनी बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

(१२) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

**National Co-operative Bank Limited (NCBL) | राष्ट्रिय सहकारी बैंक लिमिटेड**
केन्द्रीय कार्यालय : पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web.: www. ncbl.coop


# गुन्द्रुकले फेरिँदै घले गाउँको पहिचान

**हेटौंडाको घले गाउँका महिलाले उत्पादन गरेको गुन्द्रुक विदेशमा पनि निर्यात, वार्षिक १५ सय केजी उत्पादन, माग बढेपछि पुर्‍याउन गाह्रो**





गुन्द्रुक बनाउने क्रममा साग केलाउँदै घले गाउँका महिलाहरू । प्याकिङका लागि तयार गुन्द्रुक । तस्बिर : प्रताप/कान्तिपुर

**प्रताप विष्ट** (हेटौंडा)

कुनै बेला घले गाउँका महिला चिसो हिउँदमा खानका लागि मात्रै गुन्द्रुकको जोहो गर्थे । करेसाबारीबाट ल्याएको रायोको साग जोगाएर बनाइने गुन्द्रुक घरको भान्सामै सीमित थियो । त्यसबाट आम्दानी हुन्छ, यही गुन्द्रुकले गाउँको परिचय बदलिन्छ र आफ्नै श्रमबाट महिलाको हातमा पैसा आउँछ भन्ने कल्पनासम्म उनीहरूले गरेका थिएनन् ।

अहिले त्यही गुन्द्रुक घले गाउँको चिनारी बनेको छ । हेटौंडा उपमहानगरपालिका-१२ को यो गाउँमा उत्पादित गुन्द्रुकको माग धान्न महिलाहरूलाई भ्याइनभ्याई छ । हिजो घरधन्दामै सीमित उनीहरू आज रायोको साग खेतीदेखि गुन्द्रुक उत्पादन, प्याकेजिङ र बजारीकरणसम्म आफैं सम्हालिरहेका छन् । घले गाउँ अहिले 'गुन्द्रुक गाउँ' भनेर चिनिन थालेको छ ।

गुरुङ र तामाङ समुदायको मात्र बसोबास रहेको घले गाउँका महिलाहरू संगठित भएर सामूहिक रूपमा रायोको साग उत्पादन गरी गुन्द्रुक बनाउन थालेको तीन वर्ष मात्र भएको छ । उत्पादित गुन्द्रुकले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको सरकारी अनुज्ञापत्र पाउनुका साथै यसको माग पनि ह्वात्तै बढेको छ ।

अहिले उनीहरूसँग एक पोका गुन्द्रुक पनि छैन । 'बजारको मागअनुसार गुन्द्रुक उत्पादन गर्न सकेका छैनौं,' कञ्चनजंगा कृषि सहकारी लघुउद्यमी उद्योगकी अध्यक्ष चिनीमाया गुरुङले भनिन्, 'गत वर्ष १ हजार ५ सय केजी गुन्द्रुक उत्पादन गरेर बिक्री गर्‍यौं तर पनि मागअनुसार पुर्‍याउन सकेनौं ।'

संस्थाले सुरुको वर्ष ५ सय केजी गुन्द्रुक बिक्री गरेको थियो । दोस्रो वर्ष एक हजार र तेस्रो वर्ष १ हजार ५ सय केजी गुन्द्रुक उत्पादन गरेर बिक्री गर्‍यो । बिहानदेखि घरधन्दा, परिवारको हेरचाह, पशुपालन र खेतबारीको काममा दिन बिताउँदै आएका घले गाउँका महिलाहरू यसरी प्रत्यक्ष उत्पादनशील काममा जोडिएका थिएनन् । 'परिवारको खर्च धान्न श्रीमान्को कृषि आम्दानीमा भर पर्नुपर्थ्यो । सामान्य घरखर्च गर्न पनि उनीहरूलाई पतिकै मुख ताक्नुपर्थ्यो,' उनले भनिन्, 'गुन्द्रुक उत्पादन गरेर बिक्री गर्नुअघि उनीहरूको आफ्नै कमाइ थिएन । अरूको आसमा बस्दा निकै पीडा हुन्थ्यो ।'

यही गाउँका केही महिलालाई भविष्यको चिन्ता त थियो, तर सम्भावना भने केही देखेका थिएनन् । गाउँमै केही गरौं भन्ने हुटहुटी थियो, तर कसरी सुरु गर्ने, के गर्ने भन्ने आधार नै थिएन । हिउँदका लागि साग जोगाउने परम्परागत तरिकाभन्दा बाहिर गएर कसैले पनि यसलाई व्यवसायका रूपमा हेरेको थिएन । गुन्द्रुकले नै गाउँको पहिचान बदल्न सक्छ र महिलाको आर्थिक जीवनमा पनि परिवर्तन ल्याउन सक्छ भन्ने उनीहरूलाई कल्पनासम्म थिएन ।

'हामीलाई त गुन्द्रुक बेचेर पनि उद्यमी बन्न सकिन्छ भन्ने लागेको नै थिएन,' सहकारीकी सदस्य पवित्रा स्याङतानले भनिन्, 'यो सपना देखाउने काम ग्रिन फाउन्डेसन नेपालले गर्‍यो र त्यो सपनालाई व्यवहारमा उतार्ने वातावरण हेटौंडा उपमहानगरपालिकाले बनाइदियो ।'

हेटौंडा उपमहानगरपालिकाले सञ्चालन गरेको सीपमूलक तालिम, प्रारम्भिक आर्थिक सहयोग र उद्यम सञ्चालनसम्बन्धी परामर्शले घले गाउँका महिलाको सोच नै परिवर्तन गरिदियो । त्यसपछि उनीहरूले कञ्चनजंगा कृषि सहकारी संस्था लघु उद्यमी उद्योग दर्ता गरे । यही संस्थाबाट काम सुरुआत गरे ।

उद्योगमा संलग्न महिलाले वार्षिक प्रतिकट्ठा एक हजार ५ सयका दरले १५ कट्ठा जग्गा भाडामा लिए । आफ्नै पसिना बगाएर रायोको साग लगाए र त्यसबाट 'अर्ग्यानिक' गुन्द्रुक उत्पादन सुरु गरे । तर उत्पादन सुरु गर्नु जति चुनौतीपूर्ण थियो, बजार खोज्नु त्योभन्दा कठिन बन्यो ।

'पहिलो वर्ष नै सागको उत्पादन राम्रो भयो । तर बजारले ढोका खोलेन । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको सरकारी अनुज्ञापत्र नहुँदा उत्पादन बजारसम्म पुर्‍याउन सकिएन,' अध्यक्ष गुरुङले भनिन्, 'लाखौं रुपैयाँ बराबरको गुन्द्रुक गोदाममै थन्किने अवस्थामा पुग्यो ।' कुनै पनि काम, व्यवसाय, उद्योग वा गतिविधि कानुनसम्मत रूपमा सञ्चालन गर्नका लागि आधिकारिक निकायबाट प्रदान गरिएको अनुमतिपत्र, इजाजतपत्र वा लाइसेन्सलाई अनुज्ञापत्र भनिन्छ ।

गुन्द्रुक उत्पादन त सुरु भयो तर बिक्री नहुँदा लगानी डुब्ने चिन्ता र भविष्यप्रतिको अन्योलले उनीहरूलाई चिन्तित बनायो । हेटौंडा उपमहानगरपालिकाको सहजीकरणमा उत्पादनले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयबाट सरकारी अनुज्ञापत्र प्राप्त गर्‍यो ।

'सरकारी मान्यता पाएपछि उत्पादनप्रति बजारको विश्वास बढ्यो । थन्किएको गुन्द्रुक बजारमा सहजै बिक्री भयो । व्यवसायी आफैं सम्पर्कमा आउन थाले । 'अर्डर' बढ्न थाल्यो र बिक्रीको बाटो खुल्यो,' उनले सुरुका दिनका कथा खोलिन्, 'पहिले बिक्री नहोला कि भन्ने डर थियो, अहिले त मागअनुसार उत्पादन नपुग्ला कि भन्ने चिन्ता छ ।'

सहकारीकी अर्की सदस्य श्रेया गुरुङका अनुसार अहिले समूहलाई यस वर्षको उत्पादन मात्र होइन, आगामी वर्षका लागि आएको मागसमेत पूरा गर्न भ्याइनभ्याई छ । सुरुमा ११ जना रहेको समूह अहिले २६ सदस्यीय बनेको छ । रायो सागको खेती विस्तार हुँदै गएको छ । हाल ३० कट्ठा जग्गामा खेती भइरहेको छ । चाँडै नै ५० कट्ठासम्म विस्तार गर्ने योजना छ रहेको गुरुङ बताउँछिन् । उत्पादन बढेसँगै आगामी दिनमा ५० जनाभन्दा बढी स्थानीय महिलालाई प्रत्यक्ष रोजगारी दिने लक्ष्य पनि समूहले लिएको छ । अहिले २० जनाले रोजगारी पाएका छन् ।

उत्पादित गुन्द्रुक मकवानपुर, सिन्धुली, भरतपुर र काठमाडौं बिक्रीका लागि जाने गरेको छ । काठमाडौंका व्यापारीले उक्त गुन्द्रुक आगामी वर्षदेखि बेलायत पठाउने जानकारी दिएका छन् । महिलाहरू हौसिएर गुन्द्रुकको उत्पादन बढाउन लागेका छन् । गुन्द्रुकसँगै उनीहरूले त्यसको धूलोबाट अचार बनाएर बिक्रीसमेत गर्दै आएका छन् । अर्को एक संस्थाको प्राविधिक सहयोगमा अचार प्रशोधन, प्याकेजिङ र बजारीकरणको काम भइरहेको छ ।

समूहले करिब यस वर्ष ३ सय किलोग्राम अचार उत्पादन गरेको छ । अचार प्रतिकिलोग्राम एक हजारका दरले बिक्री हुँदै आएको छ । यसबाट एक उत्पादन चक्रमै करिब तीन लाख बराबरको कारोबार भएको छ । गुन्द्रुकको बजार पनि निरन्तर विस्तार भइरहेको सदस्यहरू बताउँछन् । समूहले उत्पादन गरेको 'अर्ग्यानिक' गुन्द्रुक अहिले प्रतिकेजी ८ सय रुपैयाँमा बिक्री गर्दै आएको छ ।

अर्ग्यानिक गुन्द्रुक केवल नेपाली भान्साको परम्परागत स्वाद मात्र होइन, पोषणले भरिपूर्ण खाद्य पदार्थ पनि रहेको हेटौंडा अस्पतालका डा. हरिबहादुर खड्काले भने, 'गुन्द्रुकमा फाइबर, आइरन, क्याल्सियम पाइन्छ, यसले पाचन प्रणालीलाई सहज बनाउन, आन्द्राको स्वास्थ्य सुधार गर्न र शरीरलाई आवश्यक पोषक तत्त्व उपलब्ध गराउन सहयोग पुर्‍याउँछ ।'

पछिल्ला वर्षमा रसायनमुक्त तथा अर्गानिक खाद्य पदार्थप्रति उपभोक्ताको आकर्षण बढेसँगै यसको माग पनि बढ्दै गएको छ । यही परिवर्तनले ग्रामीण महिलाले उत्पादन गरेका परम्परागत खाद्यवस्तुको बजारीकरण भएको उद्यमी महिलाहरूको बुझाइ छ ।

घले गाउँका महिलाको जीवनमा आएको परिवर्तन केवल आर्थिक मात्रै छैन । उनीहरूको आत्मविश्वास, सामाजिक पहिचान र निर्णय गर्ने क्षमता पनि बढेको वडावासीसमेत रहेका जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले भने, 'गुन्द्रुक उत्पादनले गाउँको पहिचान बदल्नुका साथै महिलाहरूमा आत्मविश्वास बढाएको छ ।' अवसर, सीप र बजार पाए गाउँका महिलाले पनि केही गर्न सक्छन् भन्ने प्रमाणित भएको उनले बताए ।

हेटौंडा उपमहानगरपालिकाको करिब एक लाख र सहकारीको ८० हजार प्रारम्भिक लगानीबाट सुरु भएको यो उद्यम अहिले ग्रामीण महिलाको आर्थिक रूपान्तरणको उदाहरण बन्न पुगेको छ ।

## अर्थ संक्षेप

### हिप-हपको 'हसल बाई नेपहप' आउँदै




काठमाडौं (कास)- नेपाली हिप-हप संगीत नयाँ चरणमा प्रवेश गरिरहेका बेला भारतीय र्‍याप रियालिटी शो 'एमटीभी हसल'को नेपाली फ्रेन्चाइज 'हसल बाई नेपहप' नेपालमा आउने भएको छ । मलिन मिडियाले यो कार्यक्रम नेपालमा ल्याउन लागेको हो । नेपाली टेलिभिजन च्यानलमार्फत प्रसारण हुने 'हसल बाई नेपहप' प्रिमियम र्‍याप रियालिटी शोका रूपमा प्रस्तुत गरिने आयोजकले जनाएको छ । कार्यक्रम अन्तर्राष्ट्रिय र्‍याप रियालिटी शोको अवधारणामा आधारित भए पनि यसको केन्द्रमा भने नेपाली कलाकार, उनीहरूका कथा, स्थानीय सन्दर्भ र नेपालको मौलिक आवाज रहने आयोजकले जनाएको छ । कार्यक्रममा प्रतिस्पर्धा, मेन्टरसिप र नयाँ प्रतिभाको प्रस्तुतिलाई मुख्य आधार बनाइनेछ । स्थापित र्‍यापरदेखि नयाँ कलाकारसम्मलाई राष्ट्रियस्तरमा आफ्नो कला प्रस्तुत गर्ने अवसर दिने लक्ष्य कार्यक्रमको रहेको बताइएको छ ।

### मुक्तिनाथ विकास बैंकका ग्राहकलाई वरपीपल रिसोर्टमा २० प्रतिशतसम्म छुट



मुक्तिनाथ विकास बैंक लिमिटेडका ग्राहकले पोखरास्थित वरपीपल रिसोर्टमा विभिन्न सेवा तथा सुविधामा २० प्रतिशतसम्म छुट पाउने भएका छन् । बैंकले ग्राहकलाई थप सेवा तथा सुविधा उपलब्ध गराउन रिसोर्टसँग सम्झौता गरेअनुसार ग्राहकले रिसोर्टमा खाना, बसाइ तथा स्पा सेवामा १० देखि २० प्रतिशतसम्म छुट प्राप्त गर्न सक्ने भएका छन् । बैंकका अनुसार यस सुविधाले ग्राहकलाई बैंकिङ सेवासँगै रिसोर्टका आतिथ्य तथा मनोरञ्जन सेवामा समेत सहुलियत प्रदान गर्नेछ । त्यस्तै, ६ जनाभन्दा बढीको समूहमा रिसोर्ट बुकिङ गर्दा एक जनाका लागि बस्ने सुविधासहित ब्रेकफास्ट, लन्च डिनर निःशुल्क उपलब्ध गराइने बैंकले जनाएको छ । छुट लिन बैंकका ग्राहकले डेबिट कार्ड वा प्रिभिलेज कार्ड पे बैंकको मोबाइल बैंकिङमार्फत भुक्तानी गर्दा पनि उक्त सुविधा प्राप्त गर्न सकिने बैंकले बताएको छ । बैंकले ग्राहकलाई विभिन्न क्षेत्रमा थप सुविधा उपलब्ध गराउने उद्देश्यले विभिन्न व्यवसाय तथा सेवा प्रदायकसँग सहकार्य गर्दै आएको जनाएको छ । यो अफरसँगै यसैबीच मुक्तिनाथ विकास बैंकले आधारदरमा शून्य प्रतिशत प्रिमियममा लगानी गर्न सकिने कर्जा सुविधा पनि सञ्चालनमा ल्याएको जनाएको छ । बैंकका अनुसार उक्त योजनामार्फत ग्राहकले आधारदरमै कर्जा लिन सक्नेछन् ।

### बीवाईडीका गाडीमा एनसेलको आईओटी सिम, फोन नजोडी इन्टरनेट चलाउन सकिने




काठमाडौं (कास)- एनसेलले कनेक्टेड भेइकल सर्भिस उपलब्ध गराउनका लागि नेपालका लागि बीवाईडी अटो इन्डस्ट्री कम्पनी लिमिटेडको आधिकारिक वितरक साइमेक्स इन्कसँग साझेदारी गरेको छ । साझेदारीअनुसार नेपालमा बिक्री हुने बीवाईडीका नयाँ सवारी साधनमा एनसेलको इन्टरनेट अफ थिङ्स (आईओटी) सिम जडान हुने भएको छ । एनसेल र नेपालका लागि बीवाईडीको आधिकारिक वितरक साइमेक्स इन्कबीच 'कनेक्टेड भेहिकल' सेवा उपलब्ध गराउने सम्बन्धमा साझेदारी भएसँगै यस्तो सुविधा सुरु हुन लागेको हो । सम्झौताअनुसार बीवाईडीका सवारी साधनमा एनसेलको आईओटी सिम जडान गरिनेछ । यसबाट ग्राहकले छुट्टै उपकरण, मोबाइल हटस्पट वा फोनको इन्टरनेटमा निर्भर नभई सवारी साधनबाटै इन्टरनेट कनेक्टिभिटी प्रयोग गर्न सक्नेछन् । आईओटी सिममार्फत सवारी साधनमा उपलब्ध कनेक्टेड इन्फोटेनमेन्ट तथा बीवाईडीको एप प्रणालीलाई इन्टरनेट कनेक्टिभिटी उपलब्ध हुने र ग्राहकले फोन सवारी साधनमा कनेक्ट नगरी वा वाई-फाई हटस्पट प्रयोग नगरी गाडीको प्रणालीबाटै युट्युब, स्पोटिफाइ, काराओके लगायतका अनलाइन सेवा तथा डिजिटल मनोरञ्जन प्रयोग गर्न सक्नेछन् । एनसेलका चिफ कन्ज्युमर बिजनेस अफिसर उपाङ्ग दत्ताले यो साझेदारीले बीवाईडीका सवारी साधनमा स्मार्ट कनेक्टिभिटी, इन्फोटेनमेन्ट, सुरक्षा तथा इन्टेलिजेन्ट मोबिलिटीको अनुभव थप सहज बनाउने बताए । 'बीवाईडी एप र विभिन्न इन्फोटेनमेन्ट सेवाका लागि प्रत्यक्ष सवारी कनेक्टिभिटी उपलब्ध हुँदा ग्राहकले बाह्य हटस्पट वा मोबाइल डेटामा निर्भर हुनुपर्दैन,' उनले भने, 'स्थानीय नेटवर्कमा जोडिएर नेभिगेसन लगायतका सेवा प्रयोग गर्न पनि सहज हुनेछ ।'

### ब्रिटिस मोडल कलेजको उत्कृष्ट नतिजा




काठमाडौं (कास)- ब्रिटिस एजुकेसन ग्रुपअन्तर्गत रहेको तथा द ब्रिटिस कलेजको भगिनी संस्था ब्रिटिस मोडल कलेज (बीएमसी) ले जुन २०२६ मा सञ्चालित क्याम्ब्रिज इन्टरनेसनल 'एएस एन्ड ए लेभल' परीक्षामा उत्कृष्ट नतिजा हासिल गरेको छ । परीक्षामा सहभागी १०६ विद्यार्थीमध्ये ९४ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । नतिजाअनुसार ७ विद्यार्थीले ए स्टार र ३३ विद्यार्थीले ए ग्रेड प्राप्त गरेका छन् । यो नतिजाले बीएमसीका विद्यार्थीहरूको शैक्षिक प्रतिबद्धता तथा कलेजले निर्माण गरेको सहयोगी सिकाइ वातावरणलाई प्रतिबिम्बित गरेको कलेजले जनाएको छ । ब्रिटिस एजुकेसन ग्रुपका हेड अफ स्कुल्स राजनकुमार राईले उत्कृष्ट नतिजा ब्रिटिस मोडल कलेज र सम्पूर्ण ब्रिटिस एजुकेसन ग्रुपका लागि गर्वको क्षण भएको बताए ।

# सम्भावनाको कर्णाली...

'भूकम्पले झन् गरिबी बढायो,' उनले भने, 'आफ्नो उत्पादनले पुग्दैन, भरपर्दो रोजगारी पनि छैन । त्यसैले युवालाई भारतकै भर छ ।'

आफ्नो जमिनमा उत्पादित खाद्यान्नले वर्षभरि नपुग्ने, आफ्नै क्षेत्रमा स्वरोजगारी-रोजगारीका लागि अनुकूलता नहुने कारणले युवा जति काम खोज्न भारत जानुपर्ने बाध्यता नलगाड-४ मा मात्र छैन । सुदूरपश्चिमका अधिकांश ग्रामीण भेगका परिवारको साझा समस्या हो यो । नलगाड-४ जस्तै महिला र ज्येष्ठ नागरिकका भरमा गाउँहरू थुप्रै छन् ।

प्रदेश योजना आयोगको आर्थिक वर्ष २०८१/८२ को सर्वेक्षणअनुसार कर्णालीमा ४६ प्रतिशत बेरोजगार छन् । त्यसमध्ये ४ लाख ४२ हजार ७ सय ४३ जना मौसमी रोजगारीका लागि भारत जाने गर्छन् । कर्णालीका ३ लाख ६६ हजार घरधुरीमध्ये ६२ हजार ७ सय २८ परिवारबाट कम्तीमा एक जना विदेशमा बस्ने गरेको राष्ट्रिय जनगणना-२०७८ ले देखाउँछ । भारतबाहेक अन्य देशमा ९४ हजार ३ सय २० जना वैदेशिक रोजगारीमा गएको पाइएको छ ।

कर्णाली प्रशस्त सम्भावना भएको प्रदेश हो । जलविद्युत्, जडीबुटी, पर्यटन, कृषि र प्राकृतिक स्रोत यसका बलिया आधार हुन् । तर यी सम्भावना नागरिकको जीवनसँग जोडिन सकेका छैनन् । यहाँ ठूलो हिस्साका नागरिक कमजोर आय, रोजगारीको अभाव, खाद्यान्नमा परनिर्भरता, शिक्षा र स्वास्थ्यको कमजोर पहुँच तथा पूर्वाधारको अभावमा गुज्रिरहेका छन् ।

राष्ट्रिय प्रतिव्यक्ति आय १ हजार ५ सय ३५ अमेरिकी डलर हुँदा कर्णालीको प्रतिव्यक्ति आय १ हजार १ सय ८ डलर मात्रै छ । प्रदेशको गरिबी २६.६९ प्रतिशत र बहुआयामिक गरिबी ३९.५ प्रतिशत छ । नेपाल जीवनस्तर सर्वेक्षणअनुसार मुलुकको गरिबी २०.२७ प्रतिशत छ । राष्ट्रिय योजना आयोगको पछिल्लो प्रतिवेदनअनुसार नेपालको बहुआयामिक गरिबी १७.४ प्रतिशत छ ।

मानव गरिबीका दृष्टिले नेपालका सबैभन्दा गरिब पाँच जिल्लामध्ये तीन जिल्ला कालीकोट, मुगु र हुम्ला कर्णालीमै पर्छन् । कर्णाली प्रदेश योजना आयोगको सर्वेक्षणअनुसार यहाँ सबैभन्दा कम गरिबीको दर रुकुम पश्चिममा २६.६ प्रतिशत र सबैभन्दा बढी कालीकोटमा ५८.७ प्रतिशत छ ।

जाजरकोटकै जुनीचाँदे मुलुककै सबैभन्दा गरिब गाउँपालिका हो । राष्ट्रिय जनगणना-२०७८, जीवनस्तर सर्वेक्षण २०७९/८० र गरिबीको लघुक्षेत्र अनुमान-२०२३ अनुसार २३ हजार ७ सय ७१ जनसंख्या रहेको जुनीचाँदेमा ७७.८९ प्रतिशत गरिबी रहेको गाउँपालिका अध्यक्ष वेदबहादुर शाहीले बताए । 'पालिकाका झन्डै ८० प्रतिशत युवा रोजगारीका लागि भारतमा छन्,' उनले भने, 'उत्पादन कम हुँदा अधिकांश समय खाद्यान्नकै समस्या हुन्छ । गाउँमा फाट्टफुट्ट पाइने रोजगारीले परिवारको खर्च धान्दैन ।'

कर्णालीको गरिबी रोजगारी र उत्पादनसँग प्रत्यक्ष जोडिएको छ । राष्ट्रिय जनगणना-२०७८ अनुसार प्रदेशको जनसंख्या १६ लाख ८८ हजार छ । आर्थिक रूपमा सक्रिय जनसंख्या ६९.८ प्रतिशत भए पनि ६ महिनाभन्दा बढी आर्थिक काम गर्नेको संख्या ४१ प्रतिशत मात्र छ । युवालाई रोजगारीमा जोड्न प्रदेश सरकारले २०७५ देखि सञ्चालन गरेको मुख्यमन्त्री रोजगार कार्यक्रमसमेत प्रभावकारी देखिएको छैन । अहिलेसम्म कार्यक्रममा ६ अर्ब ९५ करोड रुपैयाँ खर्च भए पनि त्यसबाट कतिले कति दिन रोजगारी पाए भन्ने तथ्यांक प्रदेश सरकारसँग छैन । स्थानीय तहबाट विवरण नआउँदा प्रतिफल देखाउन नसकिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव लक्ष्मीकुमार विकले बताए ।

समाजशास्त्री अमरबहादुर ओलीका अनुसार औसत आयु, शिक्षा र प्रतिव्यक्ति आयमा कर्णालीको अवस्था कमजोर हुँदा बहुआयामिक गरिबी घट्न सकेको छैन । 'कर्णालीका अधिकांश पूर्वाधार निर्माण गुरुयोजनाबिनै गरिएका छन्,' ओलीले भने, 'कृषि उत्पादन, रैथाने बाली संरक्षण र विकास, जडीबुटी संकलन, प्रशोधन तथा त्यसको बजारीकरण अभावले आर्थिक गतिविधि ज्यादै सुस्त छ ।' सडक नै विकासको आधार भए पनि कर्णालीका सबै सडक स्तरीय, सस्तो र सुलभ नहुँदा कर्णाली अविकसित रहेको उनले बताए ।

### खाद्यान्नमै परनिर्भर

मुगुको मुगमकार्मारोङ गाउँपालिका-१ मुगुगाउँका पाल्देन तामाङलाई वर्षभरि घरमा चामल जुटाउने ध्याउन्न हुन्छ । अत्यधिक चिसो र सिँचाइ असुविधाका कारण गाउँमा वर्षभरि एक बाली मात्र उबा फल्छ । उत्पादन घट्दै गएपछि उनको झन्डै ७ रोपनी जग्गा चार वर्षदेखि बाँझै छ । 'जति लगाए पनि फल्दैन,' उनले भने, 'त्यसैले बाहिरकै खाद्यान्नको भर पर्छौं ।'

उनका छिमेकी छिरिङ तामाङको परिवार पनि झन्डै दुई दशकदेखि बाहिरकै खाद्यान्नमा निर्भर छ । उनीहरू वर्षमा एकपल्ट चिनियाँ सीमा इ्याजीमारमा लाग्ने हाटबजारमा गई वर्षभरि पुग्ने खाद्यान्न खरिद गर्छन् । नपुगे झन्डै दुई दिन हिँडेर सदरमुकाम पुग्छन् । 'सदरमुकामभन्दा चीन नजिक छ, खाद्यान्न सस्तो पनि हुन्छ,' उनले भने, 'तर त्यहाँ वर्षभरि खाद्यान्न किन्न पाइँदैन, एकपल्टको हाटबजारमै वर्षभरिको खाद्यान्न खरिद गर्छौं ।'

कर्णालीमा खाद्य व्यवस्था तथा व्यापार कम्पनीले वर्षमा २० हजारदेखि ३५ हजार क्विन्टलसम्म चामल बिक्रीवितरण गर्दै आएको छ । १० जिल्ला शाखा र झन्डै ५० डिपोमार्फत खाद्यान्न बिक्रीवितरण भइरहे पनि दुर्गमका डिपोमा पर्याप्त खाद्यान्न नआउँदा बजारको महँगो चामल किन्नुपर्ने बाध्यता छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार कर्णालीमा वार्षिक २५ हजार मेट्रिक टन खाद्यान्न अपुग हुन्छ । प्रदेशमा ३ लाख ५२ हजार मेट्रिक टन खाद्यान्न आवश्यक पर्नेमा ३ लाख २६ हजार मेट्रिक टन मात्र उत्पादन हुन्छ ।

प्रदेशभरि करिब २ लाख ९९ हजार ३ सय ३९ हेक्टर खेतीयोग्य जमिन छ । त्यसको ७३ प्रतिशत मात्र खेतीका लागि प्रयोग भएको छ । खेती गरिएको जमिनमध्ये पनि करिब ३१ प्रतिशतमा मात्र पर्याप्त सिँचाइ सुविधा पुगेको कृषिविज्ञ केशव शर्माले बताए । 'खेतीयोग्य सबै जमिनमा उत्पादन भए कर्णाली खाद्यान्न र तरकारीमा आत्मनिर्भर बन्न सक्छ,' उनले भने, 'त्यसका लागि प्रविधि, जनशक्ति, बजारीकरणलगायतमा यहाँका किसानले सरकारको साथ अझै पाउन सकेका छैनन् ।'



बिजुली नपुगेको मुगुको सालिम गाउँमा स्थानीयवासी सोलार र टुकीको भरमा छन् । तस्बिर : कान्तिपुर

### कर्णालीको चित्र

- मानव विकास सूचकांकका आधारमा सबैभन्दा गरिब ५ मध्ये ३ जिल्ला कालीकोट, मुगु र हुम्ला कर्णालीमा
- गरिबी २६.६९ र बहुआयामिक गरिबी ३९.५ प्रतिशत
- प्रतिव्यक्ति आय १ हजार १ सय ८ अमेरिकी डलर (राष्ट्रिय प्रतिव्यक्ति आय १ हजार ५ सय ३५ डलर)
- ४६ प्रतिशत बेरोजगार, वार्षिक करिब ४ लाख ४२ हजार जना मौसमी रोजगारीका लागि भारत जाने
- उत्पादन भएकै करिब ३० प्रतिशत जडीबुटी बर्सेनि खेर
- करिब ३ लाख हेक्टर खेतीयोग्य जमिन, ७३ प्रतिशत मात्र खेतीमा प्रयोग
- २ हजार ९ सय ३१ सामुदायिक विद्यालयमा ४ हजार ९ सय ९३ शिक्षकको दरबन्दी रिक्त
- ७.१ प्रतिशत बालबालिका विद्यालयको पहुँचबाहिर
- १ सय १७ वडामा छैन स्वास्थ्य चौकी
- विद्युत् उत्पादन क्षमता १८ हजार मेगावाट, उत्पादन करिब १० मेगावाट मात्रै
- ६७ प्रतिशत नागरिक टुकी र सौर्य ऊर्जाका भरमा

### आम्दानीमा बदलिएन जडीबुटी

जाजरकोटको बारेकोट गाउँपालिका-४ का सुरवीर बुढाले डोल्पाका विभिन्न पाटनमा यार्सागुम्बु टिप्न थालेको झन्डै २० वर्ष भयो । कोरोना महामारीयता यार्साबाट खासै फाइदा लिन नसकेको उनले बताए । यो वर्ष बन्दोबस्तीका सामानसहित झन्डै ७० हजार रुपैयाँ खर्च गरेर डोल्पाको कागमारा र नाउरे पाटन पुगेका बुढा दम्पतीले मुस्किलले १ लाख रुपैयाँ आम्दानी गरे ।

उनका छिमेकी जुद्धबहादुर बुढा पनि झन्डै ५० हजार लगानी गरेर पाटन पुगे । तर १ लाख २० हजारभन्दा बढी आम्दानी गर्न नसकेको उनले सुनाए । 'त्यहाँ जाँदा-आउँदाको दुःख हेर्ने हो भने कम्तीमा ३ लाखजति आम्दानी हुनुपर्ने हो, नजाऊँ भने वर्षौंदेखि गरिरहेको काम, अनकन्टार ठाउँमा ठूलठूला भीरपहरा छिचोलेर जानुपर्छ,' उनले भने, 'लेक लागेर ज्यानै जोखिममा पर्छ, तर अरू व्यवसाय नहुँदा पाटन जानुको विकल्प छैन ।'

हुम्लाको नेक्पागाउँमा गत पुसमा संकलन गरिएको सेतक चिनी प्रशोधन गर्न नपाउँदै हिमपात भएपछि कुहिएर खेर गयो । स्थानीय व्यवसायी टेकबहादुर लामाले भने, 'महिनौं दुःख गरेर जडीबुटी टिप्छौं, बेच्ने बेला सबै खेर जान्छ ।'

संकलित जडीबुटीको बजारीकरण र प्रशोधनको पनि समस्या छ । प्रदेशमा संकलन, भण्डारण र प्रशोधन केन्द्र नहुँदा ठूलो परिमाणमा जडीबुटी खेर जाने गरेको व्यवसायी कर्णबहादुर नकालले बताए । 'प्रशोधनका लागि सबै जडीबुटी नेपालगन्ज पठाउनुपर्छ,' उनले भने, 'बाहिरका व्यापारीले भनेकै भाउमा बिक्री गर्नुपर्ने बाध्यता छ ।' स्थानीयले चिराइलो प्रतिकिलो ५ सय रुपैयाँमा बिक्री गरे पनि व्यापारीहरूले नेपालगन्जमा ९ सय ५० रुपैयाँमा बिक्री गर्ने गरेका छन् ।

प्रदेश वन निर्देशनालयका अनुसार कर्णालीमा उत्पादन भएको करिब ३० प्रतिशत जडीबुटी बर्सेनि खेर जाने गरेको छ । सामुदायिक वनले वातावरणीय प्रभाव मूल्यांकन स्वीकृत नगराई जडीबुटी संकलनको अनुमति दिँदा संकलित परिमाणअनुसार छुटपुर्जी जारी नहुने गरेको डिभिजन वन अधिकृत शेरबहादुर परियारले बताए । भारतीय प्लान्ट क्वारेन्टाइनको सूचीमा नसमेटिँदा कर्णालीबाट आएको झन्डै १० करोड रुपैयाँको करिब ३ सय टन जडीबुटी नेपालगन्जस्थित जडीबुटी व्यवसायी संघको कार्यालयमै थन्किएको व्यवसायी रवीन्द्रनाथ शुक्लाले बताए । गत वर्ष कर्णालीबाट १० लाख २५ हजार किलो जडीबुटी बाहिर गएको थियो । यहाँ झन्डै १ सय ४५ प्रजातिका जडीबुटी पाइन्छन् । 'कर्णालीको अर्थतन्त्रका लागि ठूलो सम्भावना भएको क्षेत्र जडीबुटी हो । तर त्यही सम्भावना पनि पर्याप्त आम्दानीमा बदलिन सकेको छैन,' व्यवसायी नकालले भने ।

### शिक्षामा पनि सकस

कालीकोटको शुभकालिका-१ छातीस्थित जनता माध्यमिक विद्यालयकी कक्षा १० की छात्रा कल्पना विकले गत वर्ष एसईई दिइन् । दुई विषयमा अनुत्तीर्ण भएपछि पूरक परीक्षा दिएर उत्तीर्ण भइन् । उनका अनुसार गत वर्ष विद्यालयमा कुनै पनि विषयको कोर्स पूरा भएको थिएन । कोर्स पूरा नहुने देखेपछि सुर्खेत आएर तीन महिना ट्युसन पढ्नुपरेको उनले बताइन् । 'जति प्रयास गरे पनि सुरुमै पास हुन सकिएन,' उनले भनिन्, 'गाउँमा न विषयगत शिक्षक छन्, न पढाइ नै पूरा हुन्छ, हामीले त ट्युसनकै भरमा परीक्षा दिने हो ।'

विद्यालयमा कक्षा ९ र १० का लागि स्थायी शिक्षकको संख्या शून्य छ । गत वर्ष विद्यालयबाट ३० जनाले एसईई दिएकामा नियमिततर्फ १० जना मात्र उत्तीर्ण भएका थिए ।

कर्णालीमा गत वर्ष एसईईमा सहभागी ३२ हजार ३ सय ३६ विद्यार्थीमध्ये ५९.६ प्रतिशत उत्तीर्ण भएका थिए । अघिल्लो वर्षको तुलनामा यो नतिजा झन्डै १०.४ प्रतिशतले कम हो । विषयगत शिक्षकको अभाव, विद्यार्थीको नियमित उपस्थिति नहुनु, चाडपर्व, निर्वाचन र जेन-जी आन्दोलनका कारण पढाइ प्रभावित हुनु तथा पाठ्यपुस्तक समयमै नपुग्नुलगायत कारण नतिजा खस्किएको निमित्त शिक्षा निर्देशक दीपा हमालले बताइन् । 'शैक्षिक पूर्वाधार र लगानी बर्सेनि बढिरहेको छ तर शिक्षण सिकाइस्तर कमजोर हुँदै गयो, जसको असर एसईईको नतिजामा परिरहेको छ,' उनले भनिन्, 'सबैभन्दा धेरै अंग्रेजी, गणित र विज्ञान विषयमा अनुत्तीर्ण भएका छन्, जसको मुख्य कारण विषयगत शिक्षकको अभाव हो ।' कर्णाली प्रदेशका २ हजार ९ सय ३१ सामुदायिक विद्यालयमा ४ हजार ९ सय ९३ शिक्षकको दरबन्दी रिक्त छ ।

राष्ट्रिय जनगणना-२०७८ अनुसार कर्णालीमा ६ लाख ७७ हजार ४८ बालबालिका छन् । त्यसमध्ये ७.१ प्रतिशत विद्यालयको पहुँचबाहिर छन् । गरिबी, विद्यालय टाढा हुनु, अभिभावक मजदुरीका लागि भारत जानु र बालबालिकालाई समेत सँगै लैजानुलगायत कारण उनीहरू विद्यालयबाहिर रहेको वरिष्ठ शिक्षा अधिकृत बलवीर सुनारले बताए ।

### कमजोर स्वास्थ्य सेवा

कर्णालीमा स्वास्थ्य सेवा कमजोर हुँदा जटिल अवस्थाका बिरामीलाई हेलिकोप्टरबाट उद्धार गर्नुपर्ने अवस्था छ । रुकुम पश्चिमको मुसीकोट नगरपालिका-१३ की २० वर्षीया अनिता सुनारलाई गत साउन पहिलो साता नेपाली सेनाको हेलिकोप्टरमार्फत प्रदेश अस्पताल सुर्खेत ल्याइयो । उनले २५-२६ साताको गर्भावस्थामै ७ सय ग्राम तौलको छोरालाई जन्म दिएकी थिइन् । शिशुको श्वासप्रश्वासमा समस्या र आमामा अत्यधिक रक्तस्राव भएपछि उनलाई सुर्खेत रिफर गरिएको जिल्ला अस्पतालका प्रमुख डा. जीवन परियारले बताए ।

कर्णालीमा सातामा तीन जनासम्म गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार हुने गरेको छ । गत आर्थिक वर्षमा मात्र ५४ गर्भवती तथा सुत्केरीको उद्धार भयो । कर्णालीबाट गत आर्थिक वर्षसम्म ३ सय २ जनाको उद्धार गरिएको छ । एक पटक उद्धार गर्दा ३ लाखदेखि ८ लाख रुपैयाँसम्म खर्च हुने गरेको छ ।

हवाई उद्धारले मातृमृत्यु घटाउन सहयोग गरे पनि समस्या सकिएको छैन । हवाई सेवा सुरु हुनुअघि वर्षमा ३३ जना गर्भवती तथा सुत्केरीले ज्यान गुमाउने गरेकोमा अहिले त्यो संख्या १२ मा झरेको स्वास्थ्य सेवा निर्देशनालयका निर्देशक डा. रबिन खड्काले बताए । गत आर्थिक वर्षमा भने ११ महिलाले सुत्केरी हुन नसक्दा ज्यान गुमाए ।

कर्णालीका जिल्ला अस्पतालमा लामो समयदेखि विशेषज्ञ चिकित्सकको अभाव छ । भौतिक संरचनाअनुसार ५ सय शय्या सञ्चालन गर्न सकिने भए पनि जनशक्ति अभावका कारण प्रदेश अस्पताल सुर्खेतले ३ सय शय्याको मात्र सेवा प्रवाह गरिरहेको अस्पताल निर्देशक डा. गणेश थापाले बताए । १४ जना विशेषज्ञ चिकित्सकको दरबन्दी रहे पनि स्थायी रूपमा एक जना मात्रै कार्यरत छन् ।

स्वास्थ्य सेवातर्फ कर्णालीमा ९ सय ८ दरबन्दी रहेकामा ४ सय ६३ जना मात्र कार्यरत छन् । आठ जिल्लामा ६० जना विशेषज्ञ चिकित्सकको दरबन्दी रिक्त छ ।

> खेतीयोग्य सबै जमिनमा उत्पादन भए कर्णाली खाद्यान्न र तरकारीमा आत्मनिर्भर बन्न सक्छ, त्यसका लागि प्रविधि, जनशक्ति, बजारीकरणलगायतमा यहाँका किसानले सरकारको साथ अझै पाउन सकेका छैनन्
>
> ● केशव शर्मा
> कृषिविज्ञ

राष्ट्रिय जनगणना-२०७८ अनुसार कर्णालीका ३५ प्रतिशत महिला अझै घरमै सुत्केरी हुने गरेका छन् । प्रतिएक लाख जीवित जन्ममा मातृ मृत्युदर १ सय ७२ र प्रतिहजार जीवित जन्ममा बाल मृत्युदर ३८ छ । पछिल्ला चार वर्षमा ७ सय ७७ नवजात शिशुले ज्यान गुमाएका छन् ।

जुम्लाको तिला-३ की १८ वर्षीया अस्मिता नेपालीलाई गत २५ फागुनमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल लगियो । त्यहाँ उनले शिशुलाई जन्माइन्, तर आफ्नो ज्यान बचाउन सकिनन् । स्वास्थ्य थप जटिल भएपछि नेपाली सेनाको हेलिकोप्टरबाट प्रदेश अस्पताल सुर्खेत लगियो । उनका पति जयसिंहले भने, 'ठूलो अस्पताल ल्याएर पनि श्रीमती बचाउन सकिएन, 'अकालमा ज्यान गुमाउनु हामी गरिबहरूका लागि नियति नै बन्यो ।' प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको अध्ययनअनुसार कर्णालीमा २३.६ प्रतिशत परिवार मात्र आधा घण्टामा स्वास्थ्य संस्था पुग्न सक्छन् । १ सय १७ वडामा स्वास्थ्य चौकीसमेत छैन ।

### पर्यटनमा सम्भावना, पूर्वाधारको अभाव

स्वास्थ्य र शिक्षाजस्तै कर्णालीको अर्को ठूलो सम्भावना पर्यटन हो । तर पूर्वाधार नहुँदा पर्यटक आएर पनि दोहोर्‍याएर फर्किने अवस्था कमजोर छ । दाङको तुलसीपुरका व्यवसायी शैलेन्द्र ओली गत वैशाख दोस्रो साता ६ जना साथीहरूसहित रारा पुगे । 'राराको सुन्दरताको कुरै नगरौं, त्यहाँ जाने जोकोहीलाई पनि मन्त्रमुग्ध पार्छ,' उनले भने, 'तर कच्ची र जोखिमपूर्ण सडकको यात्रा र रारामा बस्ने-खाने उचित सुविधा नहुँदा एकपल्ट गएपछि फेरि जान मनै नलाग्ने ।' गत आर्थिक वर्षमा रारा तालमा १९ हजार ४ सय ५७ पर्यटक पुगेका छन् । सडक कालोपत्रे नहुनु, सुविधायुक्त होटलको अभाव, वाइफाई र टेलिफोनलगायत समस्याले पर्यटकलाई समस्या भएको पर्यटन व्यवसायी चन्द्रप्रकाश शर्माले बताए ।

फोक्सुन्डोको अवस्था पनि उस्तै छ । गत आर्थिक वर्षमा फोक्सुन्डोमा १७ हजार पर्यटक पुगे । समुद्र सतहदेखि ३ हजार ६ सय ५० मिटर उचाइमा रहेको फोक्सुन्डो पुग्न दुनैबाट दुई दिन हिँड्नुपर्छ । दुई साताअघि फोक्सुन्डोबाट फर्किएका वीरेन्द्रनगरका प्रकाश ढकालले भने, 'कम्तीमा बाटामा पर्ने खोलाहरूमा पुल र घोडेटो बाटो मात्रै बनाए पनि पर्यटकलाई धेरै सहज हुन्थ्यो ।'

### बगेर खेर जाँदै कर्णालीको पानी

डोल्पामा निर्माण हुन लागेको १ सय ६ मेगावाटको जगदुल्ला जलविद्युत् आयोजनाको ठेक्का सम्झौता भएको ६ महिना बित्दासमेत काम सुरु भएको छैन । १३ अर्ब ७३ करोड रुपैयाँमा आयोजना निर्माण गर्ने सम्झौता भए पनि डिजाइन स्वीकृतिको काम नसकिँदा ढिलाइ भएको कम्पनीका सीईओ सञ्जय सापकोटाले बताए ।

९ सय मेगावाटको माथिल्लो कर्णाली, ४ सय १० मेगावाटको नलगाड, ४ सय ३९ मेगावाटको बेतन कर्णाली र ४ सय ८० मेगावाटको फुकोट कर्णाली आयोजना पनि लगानी, डीपीआर वा पीपीए तथा निर्माण प्रक्रियाको ढिलाइमा छन् ।

नेपाल राष्ट्र बैंक जनसांख्यिक, सामाजिक, आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन, २०८१ का अनुसार कर्णाली प्रदेशको विद्युत् उत्पादन क्षमता १८ हजार मेगावाट छ तर अहिले करिब १० मेगावाट मात्र उत्पादन भइरहेको छ ।

प्रदेश योजना आयोगका अनुसार कर्णालीमा ६७ प्रतिशत नागरिक अझै टुकी र सौर्य ऊर्जाको भरमा छन् । ३३.३९ प्रतिशत अर्थात् ५ लाख ६१ हजार नागरिक मात्र विद्युत्को प्रत्यक्ष पहुँचमा छन् । 'जबसम्म सबै घरधुरीमा बिजुली पुग्दैन, तबसम्म कर्णालीको सबै पूर्वाधार विकास अधुरै हुन्छ,' आयोगका पूर्वसदस्य अशोकनाथ योगीले भने, 'बन्न लागेका ३/४ वटा ठूला विद्युत् आयोजनाले पूर्णता पाए भने पनि कर्णालीले धेरै लाभ पाउन सक्थ्यो ।'

दैलेखमा भेटिएको प्राकृतिक ग्यास पनि कर्णालीको अर्को ठूलो सम्भावना हो । एक वर्षअघि दैलेखको भैरवी गाउँपालिका-१ जलजलेमा ८० अर्ब ७० करोड घनमिटर प्राकृतिक ग्यास रहेको पुष्टि भयो । तर व्यावसायिक उत्पादनका लागि आवश्यक प्रक्रिया अघि नबढ्दा परियोजनास्थलका उपकरण र संरचना जीर्ण बन्दै गएका छन् ।

### संघीय सरकारकै आसमा कर्णाली

कर्णालीमा प्राकृतिक स्रोतको कमी छैन । तर प्रदेश सरकारको बजेटसमेत आफ्नै आम्दानीले धान्न सकेको छैन । कर्णाली सरकारले अहिलेसम्म २ खर्ब ९९ अर्ब ७४ करोड रुपैयाँको बजेट ल्याउँदा आन्तरिक आम्दानी ४ अर्ब २७ करोड रुपैयाँ मात्र छ । संघीय सरकारबाट १ खर्ब १२ अर्ब रुपैयाँ अनुदान आएको छ ।

आन्तरिक आम्दानी थोरै हुँदा संघीय सरकारकै भरमा वार्षिक बजेट ल्याउनुपर्ने बाध्यता रहेको मध्यपश्चिम विश्वविद्यालयका उपप्राध्यापक मुकुन्द शर्माले बताउँछन् । आम्दानीका स्रोत पहिचानमा कमी र कर संकलन प्रणाली व्यवस्थित नहुँदा प्रदेश सरकारको अर्थतन्त्र केन्द्रको अनुदानमा निर्भर भएको उनको भनाइ छ ।

प्रदेशमा उठेको राजस्वले सामान्य प्रशासनिक खर्चसमेत धान्न नपुग्ने प्रदेश कोष नियन्त्रक रत्नप्रसाद सुवेदीले बताए । उनका अनुसार प्रदेश सरकारलाई आफ्नो खर्च चलाउन वार्षिक ८ अर्ब रुपैयाँ अपुग छ ।



प्रधानमन्त्री वालेन्द्र शाहसँग मंगलबार भेटवार्ताका क्रममा भारतीय स्थल सेनाका प्रमुख जनरल धीरज सेठ । तस्बिर सौजन्य : प्रधानमन्त्रीको सचिवालय

# सिरहामा प्रहरीकै...

सिरहामा गोली कसले चलाएको थियो भन्ने विषयमा अन्योल देखिएपछि समितिमा नेपाल प्रहरीको विधि विज्ञान प्रयोगशालामा कार्यरत दुई अधिकारीलाई थपिएको थियो । ब्यालेस्टिक र फरेन्सिक जाँच गर्ने गरी प्रहरी निरीक्षक दीपेश अवस्थी र प्रहरी उपरीक्षक (एसपी) मनोहरसिंह धामीलाई जिम्मेवारी दिइएको थियो । त्यसअघि समितिमा नेपाल प्रहरीका एसपी मोहनकुमार थापा, सशस्त्र प्रहरीका एसपी नरेश भण्डारी, प्रहरीको केन्द्रीय विधि विज्ञान प्रयोगशालाका डीएसपी पवनकुमार ढुंगाना र गृह मन्त्रालयका उपसचिव कुलशेखर अर्याल सदस्य थिए ।

छानबिन समितिका अधिकारीहरू कारबाहीमा परिने डरका कारणसमेत प्रहरी अधिकारीले सुरुवातमा जिम्मेवारी नलिएको हुन सक्ने बताउँछन् । प्रतिवेदनमा त्यस दिन पेस्तोल बोक्ने अधिकारीहरूलाई कारबाही गर्नसमेत सिफारिस गरिएको छ । तर, कस्तो किसिमको कारबाही गर्ने भन्ने चाहिँ बताइएको छैन ।

प्रतिवेदनमा आगामी दिनमा सोही प्रकृतिको घटना दोहोरिन नदिन के गर्ने भन्नेबारे समेत सुझाव दिइएको छ । सुनसरी र सिरहा दुवै घटनाको जाँचबुझ समितिले भीड नियन्त्रणमा गैरघातक हतियार प्रयोगलाई अनिवार्य गर्नुपर्ने सुझाव दिएका छन् । आगामी दिनमा गोली चलाउने निर्णय गर्ने अधिकारसमेत फिल्ड कमान्डरलाई नै दिनुपर्ने भनिएको छ । 'प्रमुख जिल्ला अधिकारीलाई त्यो अधिकार भए पनि फिल्डमा निस्किने गरेको नदेखिँदा समन्वयमा कठिनाइ भएको देखिन्छ,' एक सदस्यले भने, 'त्यसैले प्रहरीलाई नै जिम्मेवार बनाउन सुझाव दिएका छौं ।' प्रहरी र सशस्त्र प्रहरीको जिम्मेवारीसमेत स्पष्ट गर्न प्रतिवेदनमा सुझाव दिइएको छ ।

सुनसरीको देवानगन्ज-४ मा १० साउनको राति दुई समुदायबीच भएको झडपलाई साम्य बनाउन गएको प्रहरी टोली आफैं आक्रमणमा परेर फर्किएको थियो । त्यसपछि पुगेको सशस्त्र प्रहरीको टोलीले '२० राउन्ड फायर' गर्दा ३० वर्षीय ओमप्रकाश मेहताको ज्यान गएको थियो । ९ स्थानीय घाइते भएका थिए । उपचारका क्रममा थप दुई जनाको मृत्यु भएको थियो ।

स्थानीय प्रशासन ऐन, २०२८ ले शान्ति सुरक्षा कायम हुन नसक्ने अन्तिम विकल्पमा मात्र सुरक्षाकर्मीले गोली चलाउन सक्ने भनेको छ । गोली चलाउनुपर्ने आवश्यकता भए त्यसअघि भीडलाई स्पष्टसँग चेतावनी दिनुपर्ने भनिएको छ । तर, घातक हतियार प्रयोग गर्दा ज्यान गएपछि मधेशभरि तनाव फैलिएको थियो । पछि गृहमन्त्री सुधन गुरुङ स्वयम् पीडित पक्षसँग वार्ताका लागि मधेश गएपछि स्थिति साम्य बन्दै गएको थियो ।


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय लहान, सिराहाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०५/०३ गतेको कान्तिपुर राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै बास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

सिरहा जिल्ला, लाहान न.पा. वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रही नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहामा मिति २०७२/११/१८ मा प्रा.फ.र.नं. ४९००/०७२/७३ तथा आन्तरिक राजश्व कार्यालय लाहानमा मिति २०७२/११/१८ मा स्थायी लेखा नम्बर (PAN) ६०३९४३७७७ अन्तर्गत दर्ता कायम रहेको **माँ भगवती हार्डवेयर एण्ड सप्लायर्स** ।

**प्रोप्राईटर : रमेश कुमार यादव**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. शान्ति गोइतको नाति, पाण्डव गोइतको छोरा, सिरहा जिल्ला, साविक सखुवानन्कारकट्टी न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, सखुवानन्कारकट्टी न.पा. वडा नं. ४ बस्ने **रमेश कुमार यादव** (ना.प्र.नं. १५१०१३/५९, जारी मिति २०६६/०१/३१, जि.प्र.का. सिरहा) । | २. शान्ति गोइतको बुहारी, पाण्डव गोइतको पत्नि, सिरहा जिल्ला, साविक सखुवानन्कारकट्टी गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, सखुवानन्कारकट्टी न.पा. वडा नं. ४ बस्ने **दया वति यादव** (ना.प्र.नं. ८७५४१०५४, जारी मिति २०४४/१२/१८, जि.प्र.का. सिरहा) । |

३. पाण्डव गोइतको बुहारी, रमेश कुमार यादवको पत्नी, सप्तरी जिल्ला, साविक मल्हनिया गा.वि.स./न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, सखुवानन्कारकट्टी न.पा. वडा नं. ४ बस्ने **निभा कुमारी यादव** (ना.प्र.नं. १६१०९८/२८१, जारी मिति २०६८/०१/२३, जि.प्र.का. सिरहा) ।

**धितोको विवरण**

१. **ऋणी माँ भगवती हार्डवेयर एण्ड सप्लायर्सको पक्षमा धितोबन्धकी कायम रही ऋणी माँ भगवती कृषी नमुना मत्स्य फार्मको पक्षमा पुनः धितोबन्धकी कायम रहेको** रमेश कुमार यादव (ना.प्र.नं. १५१०१३/५९, जारी मिति २०६६/०१/३१, जि.प्र.का. सिरहा) र दया वति यादव (ना.प्र.नं. ८७५४१०५४, जारी मिति २०४४/१२/१८, जि.प्र.का. सिरहा) को संयुक्त नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, साविक सखुवानन्कारकट्टी न.पा. वडा नं. ३ नक्सा सिट नं. ३ क हाल सिरहा जिल्ला, सखुवानन्कारकट्टी न.पा. वडा नं. ४ स्थित कि.नं. ३७० को क्षेत्रफल २-५-३१/४ (बिघा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. निभा कुमारी यादव (ना.प्र.नं. १६१०९८/२८१, जारी मिति २०६८/०१/२३, जि.प्र.का. सिरहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, साविक इटहर्वा गा.वि.स./न.पा. वडा नं. ५ नक्सा सिट नं. ५ हाल सिरहा जिल्ला, सखुवानन्कारकट्टी न.पा. वडा नं. ५ स्थित कि.नं. ६७९ को क्षेत्रफल ३२५.९४ (व.मि.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३. माँ भगवती हार्डवेयर एण्ड सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

Siddhartha Bank

शाखा कार्यालय : लहान, सिराहा
फोन नं. ०३३-५६०९६९
Website : www.siddharthabank.com

# चर्को दबाबमा नयाँ प्रशिक्षकहरू

## म्यानचेस्टर युनाइटेडका माइकल क्यारिक यसपल्ट प्रिमियर लिगमा लामो समय कार्यकाल सम्हाल्ने दसौं प्रशिक्षक बन्ने छन्

**एएफपी** (लन्डन)

इंग्लिस प्रिमियर लिगको नयाँ सिजन शुक्रबार सुरु हुनेछ । त्यसको एउटा ठूलो विशेषता रहनेछ, ९ टिमले आफ्नो नयाँ प्रशिक्षकको नेतृत्वमा खेल्दै छ । यसमध्ये पनि तीन प्रशिक्षकमाथि चर्को दबाब रहनेछ । उनीहरू एन्जो मारेस्का, एन्डोनी इराओला र जाभी अलोन्सो ।

सन् १९४६/४७ यता पहिलो पटक इंग्लिस माथिल्लो डिभिजनमा यति धेरै नयाँ प्रशिक्षक देखिएका छन् । त्यो त्यही वर्ष थियो, जतिबेला दोस्रो विश्वयुद्ध सकेर फेरि लिग सुरु भएको थियो । यस्तोमा रमाइलो के भएको छ भने म्यानचेस्टर युनाइटेडका माइकल क्यारिक यसपल्ट लिगका दसौं लामो समय कार्यकाल सम्हाल्ने प्रशिक्षक छन् । भलै, उनी जनवरीमै मात्र ओल्ड ट्राफोर्डमा आएका थिए ।

सबैको नजर पक्कै पनि मारेस्का, इराओला र अलोन्सोमा हुनेछ । सबैले के तथ्यमा ध्यान दिनेछन् भने यसपल्ट म्यानचेस्टर सिटी, लिभरपुल र चेल्सीले कसरी खेल्नेछ । यस्तोमा तिनै तीन नयाँ प्रशिक्षकमाथि नजर कस्तो छ त ?

### सिटीमा मारेस्काको पुनरागमन

मारेस्काकै भाषामा भन्दा उनी आफ्नो पुरानो घर म्यानचेस्टर सिटी फर्केका छन् । उनले यति भन्न पनि पाएका छैनन्, उनीमाथि चर्को दबाब सिर्जना भइसकेको छ । पेप ग्वार्डिओलाको स्थानमा सिटी सम्हाल्नु पक्कै पनि असाध्यको काम रहनेछ । यसबीच सिटीको सुरुआत नै कमजोर रहेको छ । यी इटालीका प्रशिक्षक सिटीमा तेस्रो अवसर जिम्मेवारी सम्हालिरहेका छन् । यसअघि उनले सन् २०२०/०२१ मा सिटीको एलिट डेभलपमेन्ट टिम हेरेका थिए ।

सन् २०२२/०२३ मा उनी सहायक प्रशिक्षक थिए । त्यही बेला त हो, सिटीले तीन उपाधि जितेर सनसनी मच्चाएको पनि । त्यसपछि उनले लेस्टर सिटीलाई फेरि प्रिमियर लिगमा बढुवा हुन सहयोग गरे । त्यसलगत्तै उनी चेल्सी गए र त्यहाँ १८ महिना बिताए । यो समयमा चेल्सीले यूईएफए कन्फ्रेन्स लिग र क्लब वर्ल्डकप जितेको थियो । यो साढे एक वर्षको समय चेल्सीमा आफैंमा उतारचढावपूर्ण रह्यो ।

सिटी के मान्छ भने यी ४६ वर्षीय प्रशिक्षक उनका गुरु ग्वार्डिओलाका राम्रा विकल्प हुन् । सिटीमा उनले बिताएको एक दशकको यात्राक्रममा २० ठूलो उपाधि जिताएका थिए । तिनै ग्वार्डिओलाको ठाउँ लिनुलाई मारेस्का भाग्य र अवसर दुवै मान्छन् । तर, कम्युनिटी सिल्डमा यही सिटी जसरी लिग च्याम्पियन आर्सनलको हातबाट ३-० ले पराजित रह्यो । उनीमाथि अहिले नै धेरै चुनौती देखिएको छ, त्यसमाथि टिम २०२४ यता पहिलो पटक लिग जित्ने अभियानमा हुनेछ ।

### लिभरपुलमा जादु फर्काउने दाबी

आर्ने स्लटको स्थानमा लिभरपुल प्रशिक्षकको जिम्मेवारी सम्हाल्दै छन्, ४४ वर्षीय इराओला । प्रशिक्षक भएयता उनको दाबी थियो, सबै समर्थकको मन जित्ने । ठ्याक्कै १२ महिनापछि डच प्रशिक्षक स्लटलाई एनफिल्डबाट बर्खास्त गरिएको थियो । त्यसको ठीक अगाडि उनकै नेतृत्वमा लिभरपुलले कीर्तिमान बराबरी गर्दै २० औं पटक लिग उपाधि जितेको थियो ।

इराओला असाध्यै धेरै राम्रा रणनीतिकार मानिन्छ । उनी लिभरपुलको आक्रामक खेल्ने पुरानो शैली फर्काउन चाहन्छन्, जसलाई पुराना प्रशिक्षक योर्गन क्लोपले 'हेभीमेटल' शैली भनेका थिए । क्लोपपछि नै स्लट एनफिल्ड आएका थिए । बर्नमाउथ छँदा जसरी यी स्पेनी प्रशिक्षक इराओलाले क्लब हाँके, त्यसैबाट लिभरपुल प्रभावित रहेको हो । तीन सिजन उनले बर्नमाउथ हेरे र त्यसमध्ये प्रत्येक अवसरमा टिमको प्रदर्शन र वरीयता राम्रो रह्यो, टिम माथि चढ्दै गयो ।

गत सिजन बर्नमाउथ छैटौं स्थानमा थियो । यससँगै दक्षिण तटीय क्लब पहिलो पटक क्लब इतिहासमै युरोपमा खेल्ने छनोट भएको थियो । लिभरपुलको प्रशिक्षक नियुक्त भएयता आयोजित पहिलो पत्रकार सम्मेलनमा लिभरपुलको जिम्मेवारी सम्हाले अवसरलाई जादुयी भनेका छन् । तर उनलाई के थाहा छ भने लिभरपुलको प्रशिक्षक हुनुको दबाब कति धेरै हुनसक्छ । उनले यसअघि यस्तो अवस्था सामना नगरेको पनि हुनसक्छ ।

### अलोन्सोले आफूलाई प्रमाणित गर्नुपर्ने

एक समय अलोन्सो लिभरपुल जाने हल्ला थियो । उनी लिभरपुलकै पूर्व खेलाडी थिए । यसक्रममा सनसनीपूर्ण रूपमा युरोपेली च्याम्पियन्स लिग पनि जिते । तर उनले यसपल्ट सम्हालिरहेको टिम चेल्सी हो । उनका लागि यो एक नयाँ गन्तव्य भएको छ । उनले सबैभन्दा पहिले सम्हालेको क्लब भनेको बायर लेभरकुजन थियो र यसक्रममा उनी जर्मन भूमिमा २०२३/०२४ को सिजन अभुतपूर्व रूपमा घरेलु लिग र कप दुवै जित्न सफल रहेको थियो ।

त्यही प्रदर्शनले उनलाई रियल म्याड्रिड पुर्‍याएको थियो । त्यहाँ भने उनको अनुभव मज्जाको रहेन । नमीठो अनुभव बटुलेर उनी बेर्नाबेउ छाड्न बाध्य रहे । उनी आठै महिना मात्र रियलमा रहे । त्यो समयलाई उनी आफ्नो खेल जीवनकै दाग मान्छन् । अहिले पनि उनी त्यस स्थितिबाट मुक्त भइसकेका छन् । नयाँ प्रशिक्षक जीवन अगाडि बढाउन चाहन्छन् ।

अलोन्सो पनि भर्खर ४४ वर्षमा भए । उनीसामु चेल्सीलाई अगाडि बढाउनु नै रहनेछ । किनभने गत सिजन क्लबका लागि राम्रो रहेन । त्यो पनि तिनै मारेस्काको नेतृत्वमा । लियान रोसेनिओरले पनि छोटो समयका लागि चेल्सी सम्हाले र यो अवधि पनि उत्तिकै बिर्सनलायक रह्यो । गत सिजन चेल्सी दसौं स्थानमा थियो । त्यसयता क्लबले मोर्गन रोजर्सलाई अनुबन्ध गरेको छ, त्यो पनि इंग्लिस कीर्तिमान खेलाडीका रूपमा ।

यसपल्ट चेल्सीका युरोपमा खेल्न नपर्नु एक अवसरका रूपमा रहनेछ । एकातर्फ चेल्सीका लागि धेरै खेल्नुपर्ने दबाब हुने छैन भने अर्कोतर्फ एलोन्सो आफैं धेरै व्यस्त रहनुपर्ने छैनन् । तर कम खेलको अर्थ धेरै खेलाडीसहितको चेल्सी जस्तो टिममा सबैलाई खुसी राख्न सक्नुपर्ने चुनौती हुनेछ । अहिलेका लागि चेल्सीलाई एकानासे स्थिर खेल मात्र चाहिएको छैन, टिमभित्र शान्ति र अमनचैन पनि चाहिएको छ ।




**चेल्सीका जाभी अलोन्सो (बायाँ), म्यानचेस्टर सिटीका एन्जो मारेस्का (बीच) र लिभरपुलका एन्डोनी इराओला ।**

# एसियाली फुटबलमा फाटो

क्वालालम्पुर (एएफपी)- अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा) अध्यक्ष जियानी इन्फान्टिनोको विरोधमा युरोपेली फुटबल महासंघ (यूईएफए) र कन्काकाफसँग मिलेर अगाडि बढ्ने एसियाली फुटबल महासंघ (एएफसी) को निर्णयले एसियाली फुटबलमा फाटो ल्याएको छ ।

इन्फान्टिनोले विश्वकपलगायत फिफाका प्रतियोगितामा निजी लगानी भित्र्याउने योजना अगाडि सारेपछि त्यसको चर्को विवाद भएको थियो । त्यसको विराधमा तीन महासंघ उत्रेको थियो । यसक्रममा एएफसीले फुटबल कसैको व्यक्तिगत सम्पत्ति नभएको जनाएको थियो ।

ती तीनै महासंघ अध्यक्ष इन्फान्टिनोले राजीनामा देओस् भन्ने पनि चाहन्छ । तर कतार फुटबल संघले एएफसीको पछिल्लो निर्णयको विरोध गरेको छ । कतारी फुटबल संघका अध्यक्ष हमाद विन खलिफा अल थानीले एएफसीले इन्फान्टिनोको विरोध गर्नु अगाडि आफूहरूसँग सल्लाह नगरेको दाबी गरेका छन् ।

कतारी फुटबल प्रमुखले आफ्नो देशसँगै एएफसीका ४७ सदस्यको तर्फबाट एएफसीले कसरी बोलेको हो भनेर प्रश्न गरेका छन् । त्यसको जवाफमा एएफसीका अध्यक्ष शेख सलमानले आफूले अधिकारको दुरुपयोग नगरेको दाबी गरेका छन् ।

उनले एएफसी विधानले दिएको कानुनी अधिकारभित्र रहेर काम गरेको बताएका छन् । उनले आफूले कुनै गल्ती नगरेको पनि जिकिर गरेका छन् । उनले भनेका छन्, 'एएफसी एसियाली फुटबलको संरक्षक हो । यो खेलको हित र रक्षा गर्ने काम अध्यक्षको हुन्छ ।'

फिफा आफ्नो योजनाबाट पछाडि हटे पनि तीन महासंघले अध्यक्ष इन्फान्टिनोको विरोध गर्न छाडेका छैनन् । इन्फान्टिनोले भने अध्यक्ष पद छाड्न अस्वीकार गरेका छन् र उनलाई फिफाका वरिष्ठ पदाधिकारीको समर्थन पनि रहेको छ ।

# स्क्वास अर्को साता




काठमाडौं (कास)- नेपाल स्क्वास र्‍याकेट्स संघको आयोजनामा पीएसए नेपाल स्याटेलाइट स्क्वास प्रतियोगिता ६ भदौदेखि हुने भएको छ ।

नेपालमा पहिलो पटक हुने लागेको र्‍याङकिङ प्रतियोगिता ४ दिनसम्म सातदोबाटोस्थित स्क्वास एकेडेमीमा हुने मंगलबार पत्रकार सम्मेलनमा आयोजक संघका अध्यक्ष ध्रुवबहादुर गुरुङले जानकारी दिए ।

प्रतियोगितामा नेपालसहित भारत, बंगलादेश, श्रीलंका, मलेसिया र बेलायतबाट १६ पुरुष खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । नेपालबाट अरहान्तकेशर सिंह, दीपक थापा, पासाङ ब्लोन, सरोज तामाङ, राकेश परियार र नयनबहादुर मगरले चुनौती पेस गर्नेछन् ।

प्रतियोगिताको कुल पुरस्कार राशि १ हजार अमेरिकी डलर रहेको छ । विजेताले ४ सय, उपविजेताले २ सय तथा सेमिफाइनलमा पुग्ने दुई खेलाडीले जनही एक सय अमेरिकी डलर पुरस्कार प्राप्त गर्ने प्रतियोगिताका निर्देशक रुपकदास ताम्राकारले बताए । क्वाटरफाइनल पुग्ने खेलाडीले जनही ५० अमेरिकी डलर पुरस्कार पाउनेछन् ।

# पहिलो टेस्टमा भारत जिततर्फ अग्रसर




**चौथो दिनको खेल सकिएपछि पेभेलियन फर्कनेक्रममा भारतीय कप्तान शुभमन गिल, रवीन्द्र जडेजा र केएल राहुल ।** तस्बिर : एएफपी

गल (एएफपी)- भारत मंगलबार श्रीलंकाविरुद्धको पहिलो टेस्टमा विजयउन्मुख भएको छ । गलमा ३ सय ७२ रनको चुनौतीपूर्ण विजय लक्ष्य लिएर आएको घरेलु टोली श्रीलंका चौथो दिनको खेलमा ४ विकेट गुमाई ८४ रनको स्थितिमा पुगेपछि भारत विजय नजिक पुगेको हो ।

देब्रेहाते स्पिनर मानभ सुथरले बल निकै घुमिरहेको पिचमा २ विकेट लिएपछि श्रीलंकाका माथिल्लो क्रमका ब्याटिङ धर्मराउन पुगेको थियो । एक समय ४७-४ को स्थितिमा पुगेको श्रीलंकालाई धनन्जय डी सिल्भा र सोनाल दिनुसाले उद्धार गर्ने प्रयास गरिरहेका छन् । धनन्जय ३१ र दिनुसा २५ रन बनाई क्रिजमा छन् ।

श्रीलंकाको दोस्रो इनिङ्मा आउट हुने पहिलो खेलाडी ओपनर निशान मादुस्का फर्नान्डो थिए । मोहम्मद सिराजको बलमा उनी टप एज लागेर ६ रनमा आउट भए । पासिन्दु सुरियाबान्दाराको 'डेब्यु' बिर्सनलायक बन्यो । दिनेश चण्डिमाल फिल्डिङ गर्दा टाउकोमा चोट बोकेपछि यस टेस्ट खेल्न नसक्ने भएका थिए । उनको स्थानमा वैकल्पिक खेलाडीको रूपमा ल्याइएका सुरियाबान्दालाई सुथरले 'गोल्डेन डक' मा एलबीडब्लू आउट गरे ।

प्रसिद्ध कृष्णले त्यसपछि कामिन्दु मेन्डिसलाई २ रनमा पहिलो स्लिपमा क्याच गराए । रवीन्द्र जडेजाले धनन्जयलाई ७ रनमा स्लिपमा क्याच गराए, तर त्यो नो बल भएका कारण धनन्जय आउट हुनबाट जोगिए । सुथरले लाहिरू उडारालाई नजिकका फिल्डर ध्रुव जिरेलबाट लो क्याच गराए । टिभी अम्पायरले धेरै पटक रिप्ले हेरेपछि आउटको निर्णय दिएका थिए । श्रीलंकाली 'ड्रेसिङ रुम' भने त्यो निर्णयमा निरास देखिएको थियो, किनभने बल माटोमा छोएजस्तो देखिएर जुरेलको हातमा गएको रिप्लेमा देखिएको थियो ।

धनन्जय र पहिलो इनिङ्समा शतक बनाएका दिनुसाले श्रीलंकालाई केही आशा देखाएका छन् । तर अन्तिम दिनको खेलमा थप ९० ओभर खेल्नु उनीहरूका लागि ठूलो चुनौती हुने निश्चित छ । मौसमले भने श्रीलंकालाई साथ दिन सक्छ । यसअघि नै वर्षाले प्रभावित यस खेलमा बुधबार पनि वर्षाको पूर्वानुमान छ ।

यसअघि भारतको दोस्रो इनिङ्स चिया ब्रेकमा १ सय ९३ रनमै समेटिएको थियो । ऋषभ पन्तले ६६ रन बनाए । सोक्रममा उनी सबैभन्दा चाँडो टेस्ट क्रिकेटमा १ सय छक्का प्रहार गर्ने ब्याटर बने । उनले यो सफलता केवल ८९ टेस्ट इनिङ्समा बनाएका थिए । उनले एडम गिलक्रिस्टको १ सय ३० रनमा १ सय छक्का प्रहार गरेको कीर्तिमान उछिनेका हुन् ।

भारतको दोस्रो इनिङ्समा श्रीलंकाले लगातार विकेट लिइरहेको थियो । तर पन्तले उत्कृष्ट ब्याटिङ गर्दै भारतलाई बलियो स्थितिमा उभ्याएका छन् । उनले ८ चौका र २ छक्का प्रहार गरे । पहिलो इनिङ्समा १ सय ६७ रनको असाधारण इनिङ्स खेलेका देवदत्त पाडिकलले ४४ रनको मजबुत इनिङ्स खेले । यशश्वी जैसवाल शून्यमा आउट भएपछि उनी क्रिजमा आएका थिए ।

अर्का ओपनर केएल राहुलले ३५ रन बनाए । तर कप्तान शुभमन गिल ८, जिरेल ७, जडेजा र सुथर समान ९, कुलदीप यादव ५ र कृष्ण २ रनमा आउट भए । सिराज २ रनमा अविजित रहे । श्रीलंकाका असिथा फर्नान्डोले ३१ रन खर्चेर ४ विकेट लिए । त्यस्तै प्रबाथ जयसुर्याले ३ र लाहिरू कुमाराले २ विकेट लिए ।




# भिएरा बने सेनेगलको प्रशिक्षक



डाकार (एएफपी)- सेनेगलले १९९८ को विश्वकप विजेता फ्रान्सका प्याट्रिक भिएरालाई आफ्नो देशको फुटबल प्रशिक्षक बनाएको छ । सेनेगल फुटबल संघले मंगलबार भिएराको नियुक्तबारे बताएको छ । भिएराले पापे थिएबको स्थान लिनेछन् । विश्वकपपछि थिएबलाई हटाइएको थियो ।

सेनेगलमै जन्मिएका भिएरालाई नियुक्त गर्नुका कारण 'रणनीतिक कदम' भएको सेनेगल फुटबल संघले सामाजिक सञ्जालमार्फत् जनाएको छ । 'हाम्रो देशको खेलकुद महत्त्वाकांक्षामा उच्च स्तरको प्राविधक व्यक्तिसँग मिलेर काम गर्नुपर्ने आवश्यकता' महसुस गरिएको सेनेगल फुटबलले जनाएको छ ।

सेनेगल विश्वकपको अन्तिम ३२ मा बेल्जियमसँग पराजित भएको थियो । भिएरासामु सेनेगलको फुटबललाई उठाउनुपर्ने जिम्मेवारी रहेको छ । विश्वकपको दुई साताभित्र थिएबलाई हटाइएको थियो । उनी २०२४ मा सेनेगलको प्रशिक्षक बनेका थिए । इंग्लिस प्रिमियर लिगको टोली आर्सनलले १९९८ देखि २००४ मा वर्चस्व जमाउँदा भिएरा त्यसको प्रमुख हिस्सा थिए । त्यसबाहेक उनले युभेन्ट्स र इन्टर मिलानबाट पनि खेले ।

म्यानचेस्टर सिटीमा आफ्नो खेलजीवन टुंग्याएपछि भिएराले सन् २०१६ मा न्युयोर्क सिटी एफसीलाई प्रशिक्षण दिएका थिए भने २०१८ देखि २०२० सम्म फ्रान्सेली टोली निसको प्रशिक्षक रहे । ५० वर्षे भिएरा २०२१ मा प्रिमियर लिगको टोली क्रिस्टल प्यालेसको प्रशिक्षक भए । लगातार १२ खेलमा विजयहीन यात्रापछि उनलाई २०२३ को मार्चमा बर्खास्त गरिएको थियो ।

फ्रान्सबाट १ सय ७ खेल खेल्दै १९९८ को विश्वकपसहित युरो २००० पनि जितेका भिएराले छोटो समयका लागि स्ट्रासबर्ग र इटोलियन टोली जेनुआको पनि प्रशिक्षक बने ।

# खोखोको प्रशिक्षणस्थल जीर्ण



**ठाकुरबाबा नगरपालिका रानीपुरस्थित खोखो कर्भडहलमा खोखो खेल्दै खेलाडी ।** तस्बिर : **कमल**/कान्तिपुर

**कमल पन्थी** (बर्दिया)

आठ वर्षदेखि ठाकुरबाबा नगरपालिका-१ रानीपुरस्थित खोखो खेलको कभर्डहल जीर्ण अवस्थामा छ । खेलाडी भने पुरानै र क्षति भएको म्याटमा खोखो खेल्न बाध्य छन् । ठाउँठाउँमा म्याट प्वाल परेका कारण खेल्दा खुट्टा अल्झिएर लड्ने जोखिमसमेत छ । बर्दियामै पहिलो पटक खोखो खेल खेल्न बनाइएको उक्त कभर्डहलमा अभ्यास गरेका खेलाडीले १३-१९ जनवरीसम्म २०२५ मा भारतको नयाँ दिल्लीमा भएको विश्वकप प्रतियोगितामा महिला र पुरुषतर्फ दोस्रो स्थान हासिल गरेको थियो । तर जीर्ण म्याटमा खेलिरहेका खेलाडीलाई अहिलेसम्म तीनै तहका सरकारले आवश्यक भौतिक सामग्री उपलब्ध गराएका छैनन् ।

अन्तर्राष्ट्रिय खोखो प्रतियोगितामा पदक जितेका खेलाडीलाई तीनै तहका सरकारले नगद पुरस्कारले सम्मान गरे पनि मैदानका लागि आवश्यक सामग्री र पौष्टिक आहार उपलब्ध नगराएको खेलाडी सम्झना बिकले बताइन् । 'खोखो खेलका लागि प्रशिक्षक छैन,' उनले भनिन्, 'हामी आफैं प्रशिक्षक र खेलाडी बनेका छौं । यो तरिकाले खेल्दा प्रतियोगितामा कहिल्यै सफल हुँदैनौं ।'

दिल्लीस्थित इन्दिरा गान्धी स्टेडियममा भएको खोखो विश्वकपमा उपविजेता बनेका बर्दियाका १३ खेलाडीलाई केन्द्र सरकारले गत असार मसान्तमा जनही २० लाख रुपैयाँ पुरस्कारले सम्मान गरेको थियो । प्रदेश सरकारले जनही २ लाख, काठमाडौं महानगरपालिकाले ५० हजार र ठाकुरबाबा नगरपालिकाले २५ हजारका दरले पुरस्कार प्रदान गरेको थियो ।

प्रतिस्पर्धामा दोस्रो भई ठूलो धनराशि पाएका खेलाडी हर्षित भए पनि खोखो खेलमा सरकारले पर्याप्त लगानी नगर्दा निराश छन् । दिल्लीमा खेलेका ठाकुरबाबा-१ भुरीगाउँका खेलाडी विकरालसिंह रतगैयाले विदेशमा खेलका लागि सरकारले ठूलो लगानी गर्दा खेलाडीको मनोबल उकासिने बताए । 'हामीकहाँ सरकारले लगानी नगर्दा निरन्तर खेलिरहेका खेलाडीको मनोबल बढ्न सकेको छैन,' उनले भने ।

खोखो कभर्डहलको म्याटमा प्वाल परेर कामै नलाग्ने भएको छ । साँझ र बिहान प्रशिक्षण लिन आउने खेलाडी म्याटको प्वालमा खुट्टा अल्झिएर लड्ने गरेका छन् । नगर खेलकुद विकास समितिका अध्यक्ष तीर्थबहादुर खड्काले म्याट मात्रै नभई भवनसमेत जीर्ण भएको बताए । उनका अनुसार पानीपर्दा भवन चुहिने र भित्ताबाट पानी रसाउने गरेको छ ।

नगर प्रमुख तिलक लम्सालले केन्द्र, प्रदेश र पालिकाको आर्थिक सहयोगमा उक्त कभर्डहल निर्माण भएको जानकारी गराए । 'स्थानीय सरकारले मात्रै खोखो खेलमा लगानी गर्ने अवस्था छैन,' उनले भने, 'यसका लागि प्रदेश र केन्द्र सरकारबाट सहयोग आवश्यक छ ।' प्रतिभावान खेलाडी उत्पादन गर्न राज्यबाट सहयोग हुनुपर्ने खोखो खेलाडीहरू बताउँछन् । अन्तर्राष्ट्रिय खोखो खेलाडी दीपा बिकले विद्यालयस्तरीय राष्ट्रपति खेलकुदमा खोखोलाई समावेश गर्न सके खेलाडी उत्पादनमा टेवा पुग्ने बताउँछिन् ।

# विलियम्स दिदीबहिनी पराजित

सिनसिनाटी (एपी)- विलियम्स दिदीबहिनी भेनस र सेरेना सन् २०२२ पछि पहिलो पटक सँगै खेलेको डबल्स खेलमा पराजित भएका भएका छन् । यता पुरुषतर्फका शीर्ष वरीयताका खेलाडी अलेक्जान्डर ज्वारेभ सोमबार सिनसिनाटी मास्टर्सको चौथो चरणमा पुगेका छन् ।

१४ वटा ग्रान्ड स्लाम उपाधि र तीन ओलम्पिक स्वर्ण पदक जितिसकेका विलियम्स दिदीबहिनी सन् २०२२ को यूएस ओपनपछि पहिलो पटक कोर्टमा सँगै उत्रिएका थिए । तर उनीहरू अमेरिकी खेलाडी पेटन स्टेर्न्स र युक्रेनकी मार्ता कोस्त्युकसँग ६-२, १-६, १०-८ ले पराजित भएका हुन् ।

सेरेना विलियम्सले भनिन्, 'यो रमाइलो र विशेष थियो । हामीले धेरै समयको विश्राम हटाउने प्रयास गर्‍यौं । म यो प्रतियोगिता जित्न आएकी थिइनँ । मुख्य कुरा रमाइलो गर्नु थियो र मैले सकेसम्म राम्रो प्रदर्शन गर्न चाहन्थें ।'

फ्रेन्च ओपन च्याम्पियन जर्मन स्टार ज्वारेभले टेरान्स अत्मानेलाई ७-६ (७-४), ७-६ (८-६) ले पराजित गर्दै यस सिजनको आफ्नो ४६ औं जित हासिल गरे, जुन उनको यस सिजनको धेरै जित हो । सन् २०२५ को सिनसिनाटी सेमिफाइनलिस्ट फ्रान्सेली खेलाडी टेरान्सलाई ज्वारेभले उत्कृष्ट ब्याकह्यान्डमार्फत हराए ।

४४ वर्षीया सेरेना र ४६ वर्षीया भेनसले पहिलो सेटमा एक-एक पटक आफ्नो सर्भिस गुमाए । अन्तिम सातमध्ये छ वटा गेम हारेका थिए । तर दोस्रो सेटमा उनीहरूले उत्कृष्ट पुनरागमन गरे । तेस्रो सेटको १० प्वाइन्ट टाइब्रेकरमा ८-२ ले पछि परेको अवस्थामा पनि उनीहरूले खेलमा फर्किने प्रयास गरे । अन्ततः भेनसको डबल फल्टका कारण उनीहरू पराजित भए ।



**सिनसिनाटी मास्टर्समा डबल्सतर्फ प्रतिस्पर्धा गर्नेक्रममा अमेरिकी सेरेना विलियम्स ।** तस्बिर : एएफपी

**कान्तिपुर पब्लिकेशन्स् लिमिटेड**द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : **कैलाश सिरोहिया**, सम्पादक : **कृष्ण आचार्य**, प्रधानसम्पादक : **गोकर्ण अवस्थी**